# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोध परिचय

मानव सभ्यताका इतिहासमा अभिव्यक्तिको पहिलो माध्यमका रूपमा जन्मेको जेठो साहित्य लोक साहित्यलाई मानिन्छ । यस साहित्यलाई विषयवस्तु तथा प्रस्तुतिका आधारमा हेर्दा लोकगीत, लोककथा, लोकनाटक, उखानटुक्का, गाउँखानेकथा र लोककविता गरी विभाजन गरिएको छ । त्यसमा लोककथा पनि लोक साहित्यको दोस्रो सर्वाधिक महत्वपूर्ण विधा हो लोककथा । यसमा लोकमानसभित्र विभिन्न समयमा घटेका घटनाहरूको नाटकीय शैलीमा चित्रण र वर्णन गर्ने कार्य भएको हुन्छ । आफ्ना मनमा उब्जेका तीतामीठा भावना र जीवनका अनुभवहरूलाई अरूसमक्ष भन्न र अरूले भनेका कुराहरू सुन्ने क्रममा विकसित भएका लोककथाका लागि कुशल वक्ता र श्रोता दुवैको आवश्यकता हुन्छन् । लोककथा लौकिक, अलौकिक, सम्भव, असम्भव जस्तासुकै घटनाहरूबाट पनि निर्माण हुन्छन् । वक्ताले भनेका रसिला कथनलाई साधारणीकरण गरी श्रोताहरूले रसास्वादन गरिरहने कार्यमा नै लोककथाको वास्तविकता र यथार्थता पाइन्छ । समाजभित्रको धार्मिक, सामाजिक, साँस्कृतिक मान्यता र परम्पराको जीवन्त रूपमा रहेको यथार्थ साक्षी बन्ने कार्यमा लोककथा समाहित रहेको हुन्छ । यसको रसास्वादनबाट श्रोताहरूले वीरता, साहस, बहादुरी र उत्साहजस्ता भावनाहरू प्राप्त गरेका हुन्छन् । मनोरञ्जन र शैक्षिक ज्ञान पनि उत्तिकै प्राप्त गर्न सकिन्छ र यसरी लोकजीवन र लोकमानसका अनुभवका अवशेषलाई समय र स्थान अनुरूप समेट्दै अनि सुरक्षित गर्दै एउटा विशाल सङ्ग्रहालयका रूपमा लोककथालाई लिन सकिन्छ ।

## १.२ शोध समस्या

लोकसाहित्यभित्र रहेको एउटा उर्वर विधाका रूपमा परिचित लोककथाले समाजका विविध पक्षहरूको राम्रो चित्रण गर्ने कार्य गर्दछ । गोरखा जिल्लाको बगुवा गा.वि.स. लोक साहित्यको विविध विधाहरूमा सम्पन्न गा.वि.स. हो । तर यसको अध्ययनका पक्षमा हालसम्म पनि दह्रो र विश्वासिलो कदम नचालिनु हामी सम्पूर्ण बगुवाबासीहरूको दुर्भाग्य पनि हो । लोककथा सुन्ने र सुनाउदैं जाने परम्परालाई आधुनिक भलाद्मीहरू हाँसो गर्लान् तर बगुवा गा.वि.स मा यसको परम्परा ज्यादै पुरानो छ । यही परम्परालाई मूर्तरूप दिन र

बगुवाली लोक परम्पराको अध्ययनको थालनी गर्न प्रस्तुत शोधकार्यमा निम्नलिखित समस्याहरू राखिएका छन् ।

१) लोककथा भनेको के हो ? यसको स्वरूप के कस्तो हुन्छ ?

२) गोरखाको बगुवा गा.वि.स मा के कस्ता लोककथाहरू प्रचलित छन् । के तिनलाई सङ्कलन गर्न सकिन्छ ?

३) बगुवा गा.वि.स.मा प्रचलित लोककथाहरू के कति प्रकारका छन् ? के तिनलाई सैद्धान्तिक कसीमा विश्लेषण गर्न सकिन्छ ?

## १.३ शोधको उद्देश्य :

१) लोककथाको परिचय दिई सैद्धान्तिक स्वरूप प्रस्ट पार्नु ।

२) गोरखाको बगुवा गा.वि.स.मा प्रचलित लोककथालाई सङ्कलन गर्नु ।

३) सङ्कलित लोककथालाई वर्गीकरण गरी लोककथाको सिद्धान्तका आधारमा विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको विवरण

सृष्टिको उषाकालदेखि नै प्राणीहरूको उत्पत्ति र विकाका साथै जव मानवजातिको विकास भयो, उसले आफ्ना विचारहरूलाई सम्प्रेषण गर्ने माध्यम बनायो, त्यस पछि नै लोककथाको जन्म भएको मानिन्छ । लोकमानसले आफ्ना विचारहरूलाई शृङ्खलाबद्धरूपमा सम्प्रेषण गर्ने कार्यको थालनी गर्ने वित्तिकै लोकसाहित्यको जन्म भएको थियो भन्ने कुरामा कुनै विवाद छैन । यिनै लोक भावनाहरूलाई आदान प्रदान गर्ने माध्यमका रूपमा देखापरेका लोक साहित्यका हाँगाहरू मध्ये लोककथा उर्वर क्षेत्र मानिन्छ । लोककथाको इतिहास धेरै पुरानो छ । लोककथा सुरूका दिनहरूमा वक्ता र श्रोताको बीचमा एक कान दुई कान मैदान हुँदै अगाडि बढेको वा समाजमा लोकप्रिय हुँदै आएको पाइन्छ । यस विधालाई सङ्कलन गरेर राख्ने तथा व्यवस्थित अध्ययन गर्ने परम्पराको थालनी धेरै पछि मात्र भएको पाइन्छ । अझै लोककथाको सिद्धान्तको आधारमा केलाएर निफन्ने र अध्ययन गर्ने परम्पराको श्री गणेश त झन भर्खरै मात्र भएको छ । लोक साहित्यको धनी देश मानिने हाम्रो देशमा जातिगत, भाषागत, स्थलगत, भाषिकागत, भेद-उपभेदगत भिन्नताहरू पाइन्छन् । ती सबैको साङ्गोपाङ्गो सङ्कलन र विश्लेषण हुन बाँकी नै छ । छिटफुट रूपमा गरिएका प्रयासहरूले नेपाली लोककथालाई साङ्केतिक रूपमा चिनाउने काम गरेका

छन् । त्यस्ता कृतिहरू र तिनमा गरिएका केही छिटफुट अध्ययनका बारेमा सङ्क्षेपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

### (क) तुलसी दिवस, नेपाली लोककथा, ने.रा.प्र.प्र. (२०३२)

यस कृतिमा नेपाली लोककथालाई सङ्क्षेपमा चिनाउँदै लोककथालाई वर्गीकरण गरिएको छ । १४ भागमा वर्गीकरण गरिएका लोककथालाई हरेकको उदाहरण सहित प्रस्तुत गर्ने कार्य पनि भएको छ । नेपालका विभिन्न विकास क्षेत्र, अञ्चल र जिल्लालाई लोककथाको क्षेत्रबाट चिनाउने क्रममा जुम्ला, पाल्पा, धनकुटा, बाजुरा, अछाम, दाङ, तनहुँ, रूपन्देही, कास्की, झापा, प्युठान, हुम्ला, नुवाकोट, काठमाण्डौं, सिन्धुपाल्चोक, बाग्लुङ, स्याङ्जा, गोरखा, ताप्लेजुङ, सल्यान, आठराई , भोजपुर, डोटी, तिब्रीकोटका लोककथाहरूका उदाहरणहरू दिएर केही लोककथाहरूको उद्गम स्थल भनेर उल्लेख गरिए पनि गोरखाको बगुवा गा.वि.स. मा प्रचलित लोककथाका बारेमा कुनै चर्चा गरिएको छैन ।

### (ख) तुलसी दिवस, नेपाली लोककथा केही अध्ययन (२०३३)

यस कृतिमा नेपाली लोककथालाई चिनाउँदै नेपाली लोककथाको वर्गीकरणका निम्ति विभिन्न विद्वान्का लोककथा वर्गीकरण सम्बन्धी आधार औंल्याएर नेपाली लोककथालाई दस भागमा वर्गीकरण गरी चिनाएका छन् । त्यसैक्रममा ऐतिहासिक, सांस्कृतिक, अतिमानवीय रूपमा नेपाली लोककथाको विवेचना गर्ने काम पनि गरेका छन् । यति गर्दा पनि यस कृतिभित्र गोरखाको बगुवा गा.वि.स. मा प्रचलित लोककथा बारे सामान्य संकेत समेत गरको पाइदैन ।

### (ग) दयाराम श्रेष्ठ, प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा(२०३८)

यस कृतिमा नेपाली लोक साहित्यका विभिन्न विधालाई चिनाउने क्रममा नेपाली लोककथाको परिचय, प्रचलन, विकास र विशेषतालाई औंल्याउँदै तिनको वर्गीकरण तथा विश्लेषण साङ्केतिक ढङ्गले गरिएको छ । लोककथाको सिद्धान्त चिनाउने काम गरिएको यस कृतिमा बगुवा गा.वि.स.मा प्रचलित लोककथा भनेर कहीं चर्चा गरिएको छैन ।

### (घ) धर्मराज थापा र हंसपुरे सुवेदी, नेपाली लोक साहित्यको विवेचना (२०४१)

यस कृतिमा नेपाली लोक साहित्यको विभिन्न विधालाई चिनाउने क्रममा नेपाली लोककथाको परिचय, प्रचलन, विकास र विशेषतालाई औंल्याउँदै तीनको वर्गीकरण तथा विश्लेषण साङ्केतिक ढङ्गले गरिएको छ । लोककथाको सिद्धान्तलाई चिनाउने काम गरिएको यस कृतिमा बगुवा गा.वि.स मा प्रचलित लोककथा भनेर कहीं चर्चा गरिएको छैन ।

### (ङ) मोतीलाल पराजुली, नेपाली लोकगाथा (२०४९)

यस कृति भित्र नेपाली लोकगाथालाई चिनाउने क्रममा नेपाली लोककथाको सामान्य परिचय दिइएकोछ । एउटा विधालाई चिनाउने उद्देश्य लिएर लेखिएको यस कृतिमा बगुवा गा.वि.स. मा प्रचलित लोककथाबारे केही जानाकारीको अपेक्षा गर्ने कुरै भएन ।

लोकसाहित्यको अत्यन्तै लोकप्रिय विधा लोककथा भएकाले यसलाई सङ्कलन गरी पुस्तक प्रकाशन गर्ने काम केही व्यक्तिहरूबाट भएको छ । वोधविक्रम अधिकारीको 'नेपाली दन्त्यकथा' (१९९६) ललित जङ्ग सिजापतीको 'दन्त्यकथा माला' (२००३) नेपाली ऐतिहासिक कथा सङ्ग्रह (२००८) सुन्नेकथा प्रथम गुच्छा (?) नेपाली लोककथा (२०२४) शमशेर जवराको 'दन्त्यकथा' (२००५) बाबु माधव प्रसाद शर्माबाट प्रकाशित 'कथासङ्ग्रह' (?) शिवमणि तथा अमरमणि प्रधानको 'कथाकहानी' (१९५४) जुजु राम फुल्केको 'सुनौलो कथा' (२०१६) इमानसिंह चेमजोङ्को 'किराँती दन्त्यकथा' (२०२१) लीलासिंह कर्माको 'हाम्रो लोकसाहित्य' (२०२३) प्रदीप रिमालको 'कर्णाली लोकसंस्कृति खण्ड ५' (२०२८) केशरलालको (अङ्गेजीमा) 'द सेभेन सिस्टर एण्ड अदर नेपलिज टेल्स' (१९६७) र 'लभ एण्ड लिजेन्ड अफ नेपाल' (१९७१) करूणाकर वैद्यको 'अञ्चल लोककथा' (२०५१), 'नेपाली दन्त्यकथा सङ्ग्रह' (२०४०) 'विश्व लोककथा सङ्ग्रह खण्ड १' (२०४१) र अंङ्ग्रेजीमा 'फोक टेल्स अफ नेपाल' (२०१८) आदि कृतिहरूमा लोककथाहरूको सङ्कलन गरिएको छ, तर बगुवा गा.वि.स मा प्रचलित लोककथा भनेर कहींकतै उदाहरण प्रस्तुत गरिएको छैन ।

उल्लेखित कृतिहरूमा लोककथाका बारेमा चर्चा गरिएपनि बगुवा गा.वि.स.मा प्रचलित लोककथाहरूको बारेमा कुनै उल्लेख नै गरेका छैनन् । नेपाली लोक साहित्य र लोक संस्कृतिसित सम्बन्धित कृतिहरू प्रकाशित भएर पनि बगुवामा प्रचलित लोककथाका बारेमा चर्चा गरेको भेटिंदैन । तसर्थ यो शोध बगुवा गा.वि.स.मा प्रचलित लोककथाहरूको अध्ययन, विश्लेषण र वर्गीकरण गर्नमा केन्द्रित रहेको छ ।

यसरी हेर्दै जाँदा नेपाली लोककथाको अध्ययन गर्ने विद्वानहरूले नेपाली लोककथाको सिद्धान्तको निर्माण गर्दा होस् वा लोककथा सम्बन्धी सामान्य फुटकर लेख लेख्दा अथवा नेपाली लोककथाको सङ्कलन गर्दा होस् वा कुनै पनि कृति एवं लेखमा गोरखा जिल्लाको बगुवामा प्रचलित लोककथाबारे समान्य उदाहरण समेत प्रस्तुत गरेको भेटिंदैन । लोककथाको दृष्टिले धनी देखिएको गोरखाको बगुवामा प्रचलित लोककथालाई सङ्कलन गरी तिनीहरूलाई चिनाउँदै सुरक्षित तुल्याउन सके नेपाली लोककथाको इतिहासमा थोरै

भएपनि गुणात्मक र परिमाणात्मक योगदान पुग्ने ठानी गोरखाको बगुवा गा.वि.स.मा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण शीर्षक राखी यो शोधपत्र तयार गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

लोक जीवनमा दोस्रो स्थानमा रहेको लोककथाहरूले मान्छेको बोली व्यवहारमा विशिष्टता ल्याउने काम गर्छन् । नेपाली साहित्यमा त्यस्ता लोककथाहरू प्रशस्तै पाइन्छन् भने लोक साहित्यमा त यसको छुट्टै अस्तित्त्व स्थापित भइसकेको छ । भाषासाहित्यमा र लोकसाहित्यमा विशेष महत्त्व राख्ने लोककथाहरू राष्ट्रिय स्तरमा र क्षेत्रीय स्तरमा लिखित रूपमा खोजी र सङ्कलन  गरेर प्रकाशनमा ल्याउनुपर्ने आजको प्रमुख आवश्यकता हो । हाम्रो देशको प्रत्येक कुनाकाप्चामा यस्ता वैभवहरू लुकेर बसेका छन् । त्यस्ता वैभवहरूको खोजी र सङ्कलन  भएन भने भविष्यमा लोप भएर जान पनि सक्छन् । यी कुराहरूलाई ध्यानमा राखेर गोरखाको बगुवा गा.वि.स.मा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ र साथै यस शोधपत्रले लोक साहित्यका बारेमा अध्ययन गर्न चाहने वर्गलाई खुराक प्रदान गर्न पनि निकै सहयोग पुऱ्याउँछ भन्ने आशा गर्न सकिन्छ र यस अध्ययनको औचित्य पनि यही नै हो ।

## १.६ अध्ययनको सीमा

नेपाली लोकसाहित्यको अध्ययनको सन्दर्भमा यसको सिमा व्यापक भए तापनि यस शोधपत्रमा शीर्षक अनुसार गोरखाको बगुवा गा.वि.स. लाई केन्द्र बिन्दु बनाएर लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । त्यसैले यसको भौगोलिक सीमा 'गोरखाको बगुवा गा.वि.स.' र विषयगत सीमा 'लोककथा' तोकिएको छ ।

## १.७ शोध विधि

प्रस्तुत शोधपत्र पूरा गर्न मुख्य रूपमा निम्न लिखित दुईवटा विधि अपनाइएको छ -

क) सामाग्री सङ्कलन

ख) सामग्री विश्लेषण विधि

यी विधिमध्ये सामग्री सङ्कलन र विश्लेषण विधि अपनाई गोरखाको बगुवा गा.वि.स.को विभिन्न स्थानमा गई त्यहाँको लोककथा वाचकसँग लोककथा लिने काम गरिएको हो । यसै क्रममा वाचकबाट व्यक्त गरिएको लोककथा धेरै जसो टेपरेकर्डबाट रेकर्ड गर्ने काम गरियो भने केही भनेकै बेला प्राप्त तथ्यलाई प्रामाणिक तुल्याउन लोककथा

वाचकसँग प्रश्नोत्तर तथा छलफल गर्ने काम गरियो । यसरी प्राप्त तथ्यलाई लोककथाको तत्त्वका आधारमा विश्लेषण गरी विश्लेषण तथ्यलाई लिपिबद्ध गर्ने काम गरिएको छ । प्राप्त सामग्रीको आलेखन अंशतः उच्चारणका आधारमा गरिएको छ । सामग्री सङ्कलन विभिन्न पुस्तकालयहरूको सहयोगमा गरिएको छ ।

## १.८ शोध पत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूप दिन निम्न लिखित परिच्छेदहरूमा विभाजन गरिएको छ । सबै परिच्छेदमा विभिन्न शीर्षक उपशीर्षकहरूलाई दशमलव प्रणाली अनुसार व्यवस्थित गरिएको छ । सामान्यतः शोध पत्रको रूपरेखा निम्नप्रकार तय गरिएको छ ।

क) पहिलो परिच्छेद : शोध परिचय

ख) दोस्रो परिच्छेद : गोरखा जिल्ला बगुवा गा.वि.स.को परिचय

ग) तेस्रो परिच्छेद : लोककथा सिद्धान्त परिचय र विधागत वर्गीकरण

घ) चौथो परिच्छेद : गोरखा बगुवा गा.वि.स. मा प्रचलित लोककथाको विश्लेषण

ङ) पाँचौ परिच्छेद : उपसंहार

# दोस्रो परिच्छेद

# बगुवा गा.वि.स.को परिचय

## २.१ पृष्ठभूमि

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा अवस्थित गण्डकी अञ्चल भित्रका छवटा जिल्लामध्ये गोरखा जिल्लाको आफ्नै गौरवमय इतिहास छ र ऐतिहासिक दृष्टिकोणले गोरखालाई चर्चित जिल्लाका रूपमा हेरिन्छ । वि.स.२०१९ सालमा प्रशासनिक रूपले विभाजित भएदेखि नै यस जिल्लाको साँध सिमानामा कुनै हलचल आएको छैन । यो जिल्ला सिङ्गो नेपाल राष्ट्रको उद्‌गम स्थल पनि हो । नव नेपालको उदय हुनुभन्दा अगाडि पनि गोरखा राज्य आँफैमा शक्तिशाली थियो भन्ने कुरालाई इतिहासले नै पुष्टि गरेको छ । चिसो पानी पिएर आगो ओकल्ने राष्ट्रिय विभूति अमरसिंह थापा, भीमसेन थापा, कालु पाण्डे, दामोदर पाण्डे, माथवरसिंह थापा लगायत नेपालकै पहिलो सहिद लखन थापाको कर्मभूमि पनि गोरखा नै हो । त्यस्तै गरी दर्जनौं हिमश्रृङ्खला, आधादर्जन जति नदीहरू र विविध प्रकारको हावापानी पाइने यो जिल्ला विश्व प्रसिद्ध छ । नेपाल भनेर संसारका मानिसहरूले हाम्रो परिचय लिन नसक्लान् तर गोरखा भन्ने वित्तिकै विश्वका हरेक शान्तिप्रेमी र कर्मवीरहरूले यहाँको इतिहास, गोर्खा सैनिकहरूले देखाएको बहादुरी र गोरखनाथको तपोभूमि भनेर अवश्य नै चिन्दछन् ।

यही प्रसिद्ध जिल्लाको सदरमुकाम गोरखाबाट १८ कि.मि. उत्तरतर्फ बगुवा गा.वि.स. छ । ऐतिहासिक स्थल गोरखा दरबारको न्यानो काखमा रहेको गा.वि.स.बगुवा विभिन्न जातजाति भाषाभाषी, धर्माबलम्बीहरूको मिश्रित थलोका रूपमा परिचित छ ।

## २.२ नामाकरण

सम्पूर्ण देवताका पनि देवता शिवका नाति र मत्स्येन्द्रनाथका चेला तथा सत्य, त्रेता, द्वापर र कलि चारवटै युगमा जन्मेर यस धर्तीमा बसोबास गर्दै सम्पूर्ण प्राणीलाई सुख र सन्तोष दिने दैवी पात्रका रूपमा परिचित बाबा गोरखनाथको आदि थलोका रूपमा यस जिल्लाको नामकरण गरिएको मानिन्छ । सोही जिल्ला भित्रका ६६ गा.वि.स.हरूमध्ये बगुवा एक हो । 'गो' बाट गाई अर्थात् पशुवृत्ति भएका हिन्दूधर्ममार्गीहरूका रक्षार्थ जन्मेर इतिहासका हेरक कालखण्डमा यहाँका निवास गरिरहने बाबा गोरखानाथद्वारा रक्षित भूमि हो बगुवा गा.वि.स. । अग्नि पुराण अनुसार भगवान् शिवले कामरूप कामाक्षमा बसेर गुरू मत्स्येन्द्रनाथलाई दिएको पुत्ररत्न दिव्य बाह्रंवर्षसम्म गाईको गोबरमूनि लुकाएपछि खोलेर

हेर्दा सुन्दर बालक देखा परेको भनाइसँग गोरखाको नामकरणको सम्बन्ध रहेको पाइन्छ । तिनै गोरक्षनाथले बरदान दिएको राज्यको बगुवा निकै चर्चित गा.वि.स. भित्र पर्दछ ।

## २.३ भौगोलिक अवस्था र सिमाना

नेपालको पश्चिमाञ्चल विकासक्षेत्र अर्न्तगत पर्ने गण्डकी अञ्चलको पहाडी जिल्ला गोरखाको उत्तर तर्फ गा.वि.स. बगुवा पर्छ । यो गा.वि.स. २८$^{o}$ ०१' ४८.३" उत्तरी अक्षांश र ८४$^{o}$ ४३' १९.७" पूर्वी देशान्तरमा अवस्थित छ । तल्लो भाग समुन्द्र सतहदेखि १०११ मी. र माथिल्लो भाग २००० मी. अग्लोभागसम्म यो गा.वि.स रहको छ । यो गा.वि.स पूर्वमा धावा, तान्द्राङ्ग, पशिचममा ताप्ले, उत्तरमा मसेल र दक्षिणमा अश्राङ्ग गा.वि.स.लाई सिमाना बनाई उत्तर दक्षिण फैलिएर रहेको छ । यस गा.वि.सको अधिकांश भू-भाग खेती योग्य सम्म परेको जमिन र अन्य भाग भिराला बन, डाँडाकाँडा र पहराले ढाकेको छ । यस गा.वि.सबाट उत्तरतर्फको प्राकृतिक हिमाली सौन्दर्य देख्न सकिन्छ र पर्यटकहरूलाई लोभ्याउने थलोका रूपमा यस गा.वि.स.लाई विकसित गर्न सकिन्छ ।

## २.४ राजनैतिक विभाजन र जनसङ्ख्या

वि.स. २०४६ को प्रजातन्त्रको पुर्नस्थापना पछि गोरखा जिल्लालाई ३ वटा निर्वाचन क्षेत्र र १३ वटा इलाका, १ नगरपालिका र ६६ गा.वि.स मा विभाजित गरिएको छ जसअनुसार यो गा.वि.स निर्वाचन क्षेत्र नं. ३ मा पर्दछ । वि.स. २०५८ को जनगणना अनुसार यस गा.वि.सको जनसङ्ख्या २२४६ रहेको छ । जस्मा पुरूषहरूको सङ्ख्या ९७६ र महिलाहरूको सङ्ख्या १२७० रहेको देखिन्छ र २०५८ को जनगणनाका आधारलाई लिंदा जनसङ्ख्या वृद्धिदर ०.१८% रहेको पाइन्छ ।[१]

## २.५ धर्म, जाति र भाषा

बहुजात, जाति, भाषाभाषी रहेको बगुवा गा.वि.स को २०५८ को जनगणनालाई नै आधार मान्दा यहाँ हिन्दू ७५.७९%, वौद्ध ५.३६%, क्रिश्चियन १५.२५% र अन्य धर्म मान्नेको जनसङ्ख्या ३.७० % रहेको पाइन्छ । त्यस्तै जातजातिका आधारमा हेर्दा ब्राह्मण, क्षेत्री, बराम, कामी, दमै, नेवार र सार्की रहेको पाइन्छ । भाषाका दृष्टिले हेर्दा पनि यहाँका बासिन्दामा भाषिक विविधता भेटिन्छ जसअनुसार नेपाली ९१%, बराम १% नेवार ७% र अन्य भाषा बोल्नेमा १% रहेको पाइन्छ ।[२]

---

[१] आवधिक जि.वि.स. योजना २०५८, गोरखा

[२] आवधिक जि.वि.स. योजना २०५८, गोरखा

## २.६ हावापानी

समुद्री सतहको १०११ मी. उचाइबाट सुरू भई २००० मी. उचाइसम्म उठेको यस गा.वि.स.को धरातल विशेष खालको छ । त्यसकारण यहाँको हावापानी पनि विषम छ । तल्लाभागमा बेसी र नदीका खोँचहरूमा उष्ण हावापानी र अन्य भागमा समशीतोष्ण हावापानी पाइन्छ ।

## २.७ प्रसिद्ध स्थानहरू

गोरखाको बगुवा गा.वि.स ऐतिहासिक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण स्थान मानिन्छ । गोरखा सदरमुकामबाट बगुवाहुँदै आरूघाट, आर्खेतसम्म यातायातका लागि सडक निर्माण भएपछि त झनै यसको महत्व बढेको छ । बगुवाको वार्ड नं. ३ मा अवस्थित सुन्तलाको बगैचा, बगुवा ६ मा अवस्थित विद्यालयको आँपको बगैँचा र वनभोजस्थल मानिने देवीस्थानको सल्लाघारी पर्यटकहरूका लागि पनि आकर्षणको स्थलका रूपमा चिनिन्छ । धार्मिक दृष्टिले देवी मन्दिर, शिव मन्दिर, रामसीता मन्दिर आदि महत्वपूर्ण मानिन्छन् । प्राकृतिक रूपले उत्तरतर्फ देखिने हिमशृङ्खलाहरू र गा.वि.स .भित्रका माछा पालनका लागि व्यवस्थित गरिएका पोखरीहरू यहाँका आकर्षणका केन्द्र हुन् ।

## २.८ सामाजिक जीवन

गोरखा जिल्लामा करिव ७५.७९% हिन्दूधमावलम्बीहरू बसोबास गर्छन् । हिन्दूहरू भित्र पनि ब्राम्हण, क्षेत्री, सार्की, दमै, नेवार, बराम आदिको बाहुल्यता देखिन्छ । यस गा.वि.स.का बाहुनहरू प्रायः पण्डित्याइँ र अरू सामान्य जागिरमा पनि लागेको पाइन्छ भने केही खेतीपातीमा संलग्न पनि छन् । पहिले क्षेत्रीहरू प्रायः माध्यमिक शिक्षा पछि सेना प्रहरीमा जागिर खाने परम्परा थियो भने समयका परिवर्तनसँगै हाल आएर उच्चशिक्षा हासिल गर्ने, निजामती सेवामा प्रवेश गर्ने र केही कृषिपेशामा सहभागी बन्ने पनि गरेका छन् । गा.वि.स का बहुसङ्ख्यक नेवारहरू व्यापारमा लागेको पाइन्छ भने केही खेतीपातीमा रम्न थालेको पनि पाइन्छ । गा.वि.स का सीमित ठाउँमा बसोबास गर्ने तल्लो जातका भनिने कामी, दमै, सार्कीहरूको जीवन स्तरमा क्रमिक रूपले सुधार आउँदै गएको भए तापनि बहुसङ्ख्यक दलितहरूको आर्थिक अवस्था ज्यादै नाजुक छ । कामीहरू परस्परागत रूपमा आरन चलाउने र ठूलाजातिको खेतबारीमा कृषिमजदुरका रूपमा ज्यालादारी काम गरी गुजारा गर्दछन् । त्यस्तै दमैहरू पनि बालीघरमा लुगा सिलाउने र कृषि मजदुरका रूपमा काम गर्ने गर्दछन् । सार्की, डकर्मी, सिकर्मी, कृषि मजदुरको काम गरी दैनिक गुजारा

चलाउँछन् । आजभोलि यी दलितहरू भारत तथा अन्य छिमेकी देशहरूमा गएर रोजी रोटी जुटाउने गरेको पनि पाइन्छ । अन्य जातिहरू प्रायः कृषि कार्यबाट नै आफ्नो जीविका चलाउने गर्छन् ।

हिन्दूहरूको बाहुल्य भएको हुँदा बगुवा गा.वि.स को मुख्य पर्व दशै र तिहार नै हुन् त्यसपछि तीज, जनैपूर्णिमा, माघेसङ्क्रान्ति, साउनेसङ्क्रान्ति, गाईजात्रा जस्ता साना ठूला पर्वहरू स्थान विशेष र ऋतु विशेषले मनाउने चलन छ । वेसभूसामा भने जातिगत रूपले फरकपन पाइन्छ । भोटो, कछाड, गुन्युचोलो सर्टपाइन्ट, कोट, कुर्थासुरूवाल, ब्लाउज र सारी यहाँका पोशाकहरू हुन् । खेतीपातीमा धान, मकै, गहुँ, जौ, कोदो, आलु र विभिन्न मौसमी तरकारी तथा फलफूलहरू लगाउने यहाँको प्रचलन रहेको छ भने गाई, भैँसी, कुखुरा, बुङ्गुर, बाख्रा आदि पशुहरू पाल्ने परम्परागत चलन रहेको छ ।

## २.९ शिक्षा र स्वास्थ्यको अवस्था

यो गा.वि.स. शिक्षाका क्षेत्रमा जिल्ला भरिमा नै मध्यम स्थानमा रहेको छ । यहाँका दक्ष जनशक्ति देशका विभिन्न जिल्ला र अन्य राष्ट्रमा समेत विभिन्न पेशामा कार्यरत छन् । वि.स. २०१७ पछि मात्र यहाँ स्कुल खोलिएको पाइन्छ । हाल यस गा.वि.स. मा उच्च मा.वि. १ र प्रा.वि. ४ वटा रहेका छन् । अनुमानित विद्यार्थी सङ्ख्या १४३५ रहेको पाइन्छ । शिक्षाका अनुपातमा स्वास्थ्य स्थिति त्यति राम्रो छैन । गा.वि.स भरि १ उपस्वास्थ्य चौकी, १ बगुवा स्वास्थ्य तथा विकास समाज र १ परोपकार औषधालय छ । राम्रो उपचार सेवा प्राप्त गर्न गा.वि.स.बाट बाहिर जानुपर्ने अवस्था छ । सामान्य उपचार सेवा मात्र गाउँबाट प्राप्त गर्न सकिन्छ ।

## २.१० निष्कर्ष

पहाडी भू-भागमा अवस्थित यो गा.वि.स का बीचमा १५ कि.मी. कच्ची सडक पर्छ भने विकास निर्माणको क्षेत्रमा भर्खरै मात्र अग्रसर भएको पाइन्छ । हाल पम्पीङ्गबाट खानेपानीको सुविधा प्राप्त गरेको यस गा.वि.स.ले आगामी दिनमा निकै राम्रो विकास गर्ने लक्षण देखिन्छ । ऐतिहासिक, धार्मिक र साँस्कृतिक दृष्टिले महत्वपूर्ण मानिने यो गा.वि.स विभिन्न अभाव, तनाव र छटपटीको वर्तमान अवस्थाबाट पनि लोक साहित्यको माध्यमबाट माथि उठेको पाइन्छ । यहाँका जनताहरूको मनभित्र गुम्सेका हजारौं तितामिठा अनुभूतिहरूलाई आवश्यक परेका खण्डमा भाषामा सुसेल्ने कार्य हुँदै आएको छ । यस्ता सुसेलीहरूको समयमा नै संरक्षण र सम्वर्द्धन गर्नुपर्ने देखिन्छ । साथै यस्ता विविध विषय बस्तुलाई समेटेर वर्गीकरण र विश्लेषण गर्नु पनि जरूरी देखिन्छ ।

तेस्रो परिच्छेद

# लोककथा : सिद्धान्त, परिचय र विधागत वर्गीकरण

## ३) लोक साहित्यको परिचय

मौखिक परम्परामा आधारित लोकसाहित्यको प्रस्तुति नेपालमा प्राचीन कालदेखि रहँदै आएको छ । नेपाली समाजको लोकजीवनमा बाँचेको, सहरिया रमझमबाट टाढा रहेको मान्छेहरूको कोमल, निश्चल, सरल तथा सरस अभिव्यक्तिलाई लोकसाहित्य भन्ने चलन छ । लोकसाहित्य समाजको दपर्ण हो र यसलाई मौखिक परम्परामा आधारित साहित्यका रूपमा लिइन्छ ।

समाजबाटै सिर्जित र समाजमै जीवन्त रहिरहने साहित्य नै लोक साहित्य भएको हुँदा यसभित्र सामान्य जनजीवनका आँसु-हाँसो, खुसी-रोदन, सुख-दुख, पीडा-मर्म र वेदनाका अभिव्यक्तिहरू झल्केका हुन्छन् । पहाडी जीवन भित्र आफ्ना सुस्केराहरूलाई उजागर गर्ने क्रममा उकाली, ओराली, मेलापात, दाउरा घाँस र खेतीपातीका क्रममा विभिन्न शैलीबाट नेपाली लोकसाहित्यको रचना हुनेगर्दछ । यसभित्र भूत, वर्तमानको पूर्ण विवरण र भविष्यप्रति मिठो आशा व्यक्त गरिएको हुन्छ । यस्तै गरी नेपालको विभिन्न भू-खण्डहरूको प्रकृति, संस्कृति, मनोविज्ञान कला र लोकचेतनालाई राम्ररी प्रस्फुटन गर्ने कार्यमा लोकसाहित्य माथिल्लो कित्तामा पर्दछ भने मनोरञ्जन प्रदान गर्ने कार्यमा पनि उत्तिकै सफल मानिन्छ ।

लोकसाहित्यको सुरुवात सृष्टिको उषाकालबाट नै भएको मानिन्छ । त्यस्तै प्रारम्भिक कालदेखि नै यसले मौखिक परम्परालाई आधार बनाउँदै आएको हुँदा हालसम्म पनि श्रुति परम्परामा नै लोकसाहित्यको दम छ भनेर पुष्टि गर्न सकिन्छ । सहज शैली र सरल भाषामा मुखरित हुने भएकाले आडम्बर विहीन भाषा तथा सबैको मन छुने शैलीले गर्दा हरेक नरनारीलाई लोक साहित्यले आफ्नो अँगालामा बाँधेको छ । जीवनमा सबै कुरालाई घच्घच्याउन पुग्ने जातीय सेरोफेरोमा घुम्ने भएको हुँदा यसको चर्चा परिचर्चा पनि बढी नै हुन गएको पाइन्छ । त्यसैले होला व्याख्याताहरू **“लोक साहित्य भनेको आदि वेद”** हो भन्दछन् ।[३]

---

[३] चूडामणि बन्धु, **नेपाली लोक साहित्य,** (काठमाण्डौं : एकता बुक्स, २०५८) पृ. ४३

प्राचीन कालमा बौद्धिक परम्पराभित्रका ऋचाहरू पनि प्रत्येक ऋषिमुनिहरूको गलागलाबाट प्रस्फुटन हुने गर्दथ्यो । एक कान, दुई कान, मैदान हुँदै लोक साहित्यको प्रभावले दैनिक जीवनमा पनि सजिलैसँग साइनो गाँस्न सफल भयो ।

प्रसिद्ध समालोचक वासुदेव त्रिपाठी र लोकसाहित्यका खोजकर्ता चूडामणि बन्धु तथा मोतीलाल पराजुलीले पनि लोक साहित्यलाई आदिम साहित्यको केन्द्रबिन्दु नै मानेका छन् । त्यस्तै मनभित्र समसामयिक अनुभूतिको सहज प्रस्फुटन र ऐतिहासिक प्रासङ्गिकता पाइने भएको हुँदा आदिमता र नवीनता दुवै प्राप्त हुने कुरामा विद्वान्त्रय सहमत छन् । लोक साहित्य भित्र विभिन्न उपविधाहरू समाहित हुने भएकोले लोकमानसका सदस्यहरूले आफ्नो सभ्यता र संस्कृति अनुरूप आफ्नो खाँचो रीति र वेथितिलाई आफ्नो स्थानीयताको आधारमा प्रस्तुत गर्ने गर्दछन् । यस्तै प्रस्तुति र अभिव्यक्तिको आधारमा यो परम्परा चल्दै आएको छ । "विश्व मानचित्रमा खोज्दा यो देश ज्यादै सानो छ तर मूल्यवान छ । हिरामोती तथा अन्य बहुमूल्य धातुहरू परिमाणमा ज्यादै सानो हुन्छन् तर मूल्यवान हुन्छन् । त्यसै गरी, यो सानो देशभित्रको सुन्दरता र विशालतालाई हेर्ने हो भने यस भित्रको लोक साहित्यलाई हेर्नुपर्छ ।"[४]

यहाँका जाति धर्म, भाषा र संस्कृतिभित्रका लोकभावलाई राम्ररी समेट्ने हो भने नेपालको विशालतालाई मूल्याङ्कन गर्न लोकसाहित्य भित्र राम्ररी चाहर्नु पर्ने नै हुन्छ जसले सम्पूर्ण नेपाललाई एउटै सूत्रमा उनेको छ ।

लोकजीवनको मनोविज्ञान र उनीहरूको चिन्तन प्रकृयालाई चिनारी दिन लोकसाहित्यको अध्ययन गर्न अत्यन्त जरूरी छ । यो साहित्य एक दुई पुस्ताको अनुभव नभई हाम्रा पूर्वजहरूको नीति, चेतना र शिक्षा खारिएर श्रुति परम्परा हुँदै हरेकको गलागलामा भिज्दै आएको छ । दुःखी, गरिब, ठुला, साना, केटाकेटी र बुढाबुढीको हृदयमा यसले घर गरिसकेको छ । उनीहरूको मर्मदेखि उठेको आँसु हाँसो र सुख दुःखको सुसेली लोक साहित्य हो । अझै छोटो भाषामा भन्नु पर्दा लोक मानसले अनुभव गरेको जीवनको वृत्तचित्र नै लोक साहित्य हो अनि पूर्वजदेखि चल्दै आएको श्रुति परम्परा पनि यसको पर्याय हो । सिर्जनाकार अज्ञात भए पनि जीवन्तताको परिचायक भनेर लोक साहित्यका मर्मज्ञहरूले यसलाई परिभाषित गरेको पाइन्छ ।

---

[४] लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्ध सङ्ग्रह** (काठमाडौँः साझा प्रकाशन, २०४०) पृ. ५२ ।

## ३.१. 'लोक' शब्दको व्युत्पत्ति र अर्थ

"लोक" र "साहित्य" दुई मुक्त शब्दका योगबाट लोकसाहित्य शब्द बनेको हो । यहाँ रहेको लोक शब्दमा 'घञ्' प्रत्यय लागेर व्युत्पादित 'लोक' शब्दलाई शब्दकोशहरूले संसार, क्षेत्र, समूह, समाजको सामान्य जीवन आदि अर्थमा प्रयोग गरेको पाइन्छ ।[५]

ऋग्वेदकालीन परम्परामा पनि 'लोक' शब्दको प्रयोग भएको पाइन्छ । यसै गरी महाभारतकालीन र उपनिषद्कालीन समय र धार्मिक ग्रन्थहरूमा पनि अर्थात् विक्रम सम्वत् पूर्व ५०० वर्ष अगाडि 'लोक' शब्दलाई जोड दिएर प्रयोग गरेको भेटिन्छ । भरतको नाट्यशास्त्र भित्र पनि यो शब्द ठाउँ ठाउँमा प्रयोग भएको छ ।[६]

त्यस्तै गरी हरेक धार्मिक ग्रन्थहरू, शिलालेख, जातक, कर्मकाण्डका पुस्तकहरू र औषध रसायनका पुस्तकहरू भित्र पनि 'लोक' शब्दलाई बग्रेल्ती रूपमा प्रयोग गरिएका पाइन्छन् ।

आधुनिक सन्दर्भमा अशिक्षित र ग्रामीण इलाकामा बसोबास गर्ने जनतालाई 'लोक' भनेर सम्बोधन गर्ने प्रचलन पनि बढ्दै गएको छ ।[७]

साहित्य मानव अभिव्यक्तिको मुख्य आधार हो । त्यसकारण 'लोकसाहित्य' भन्ने बित्तिकै लोकमानसको भावनात्मक अभिव्यक्तिलाई व्यक्त गर्ने माध्यम भन्ने बुझिन्छ । 'लोकसाहित्यलाई' मानवजीवनको वास्तविक दर्पण भनेर चिनाउने चलन पनि छ ।[८]

नेपाली शब्दसागर (सोपपत्तिक कोश) मा 'लोक' शब्दलाई सामाजिक अवस्था, आपसी भावना, समान संस्कृति भएको मानिसको समुदाय, समाज, जनता, दुनियाँ, संसार, जगत, स्वर्ग, मर्त्य पाताल त्रिलोक, चौध भुवन, पृथ्वीबाट माथितिर छ र तलतिर अतल आदि सातलोक मध्ये जुनसुकै एक, एक प्रमुख ग्रहको इलाका वा प्रमुख देवता रहेको स्थल, ध्रुवलोक, व्रह्मलोक, आँखाले देख्न सकिने सम्मको स्थान, दृश्य, वर्ग, जीवन र मृत्युपछिको संसार, इहलोक-परलोक, वेदमा प्रसिद्ध भै सकेको क्षेत्र, चौध प्रकारका विधाका चौध क्षेत्रमध्ये जुनसुकै एक क्षेत्र........[९] आदि अर्थमा प्रयोग गरेको भेटिन्छ ।

समग्रमा भन्दा लोकसाहित्य लोकमानसको भावनात्मक अभिव्यक्तिलाई व्यक्त गर्ने माध्यम भन्ने बुझिन्छ ।

---

[५] बालकृष्ण, पोखरेल, **नेपाली बृहत शब्दकोष** (काठमाडौंः ने.रा.प्र.प्र. २०४०) ।

[६] कृष्णदेव, उपाध्याय, **लोकसाहित्यको भूमिका,** (इलाहाबादः वि.स. १९९२) पृ. ११ ।

[७] कृष्णदेव, उपाध्याय, **लोकसाहित्यको भूमिका,** (इलाहाबाद वि.स. १९९२) पृ. १३ ।

[८] धर्मराज, थापा, र, हंसपुरे, सुवेदी **नेपालीलोक साहित्यको विवेचना,** (काठमाडौं, पा.वि.के.त्रि.वि., २०४१) पृ. ४२ ।

[९] बसन्तकुमार, शर्मा, **नेपाली शब्दसागर,** चौ.सं. (काठमाडौं : भाभा प्रकाशक, २०६२) पृ. ११७४ ।

### ३.१.१ लोक साहित्यको विधाहरूको वर्गीकरण

लिखित साहित्यलाई विभिन्न विधामा विभाजन गरेर समायोजन गरिएजस्तै लोकसाहित्यको पनि प्रस्तुति र वनावट अनि यसले समाजमा दिने मनोरञ्जनका आधारमा हेर्ने हो भने यसलाई निम्नलिखित शीर्षकमा विभाजन गरेर छुट्टाछुट्टै चर्चा गर्न सकिन्छ । मोतिलाल पराजुलीका अनुसार ती हुन् -

क) लोकगीत

ख) लोकगाथा

ग) लोककथा

घ) लोकनृत्य

ङ) उखानटुक्का

च) गाउँखानेकथा

#### ३.१.१.१ लोकगीत

लोकसाहित्यका विभिन्न विधाहरू मध्ये सर्वाधिक चर्चित र सर्वप्रिय विधाको रूपमा लोकगीतलाई लिन सकिन्छ । भाषाको उत्पत्तिसङ्गै लोकगीतको पनि उत्पत्ति भएको मानिन्छ । लोकगीत लोकजीवनको अभिन्न अङ्ग हो । लोकगीतको सुरिलो भाकाले ग्रामीण भेगका डाँडा पाखा, खोला नाला, गुफा कन्दरा घन्काइ रहेको हुन्छ । मानवजीवनका सुख दुःख अनि हाँसो आसुँ पनि लोकगीतबाट नै अभिव्यक्ति भएका हुन्छन् । गाउँका मानिसहरू घाँस काट्ज जाँदा होस् वा पधेँरा जाँदा होस, वा उकाली ओराली गर्दाहोस् आफ्ना मनका बहहरू लोकगीतको भाकामा पोख्दै हिडिरहेका हुन्छन् । यस्ता लोक गीतहरू समाजमा पुस्तौंपुस्तादेखि हस्तान्तरित हुँदै आएका हुन्छन् । लय वा भाका मिलाएर गाइने यस्ता गीतहरूले मानिसको मुटु नै छोएको हुन्छ । यस्ता लोकगीतहरू वाह्रै महिना गाएर मनोरञ्जन लिने गरिन्छ । नेपाली जनजीवनमा संस्कार गीत, पर्वगीत, बाह्रमासेगीत आदि विभिन्न प्रकारका लोकगीतहरू पाइन्छन् ।

#### ३.१.१.२ लोकगाथा

लोकसाहित्यका विभिन्न विधाहरू मध्ये लोकगाथा पनि एउटा विधा हो । लोकगाथा परम्परादेखि चल्दै आएको श्रुति परम्परामा बाँधिएको कथात्मक गीत हो । यस्ता गाथाहरू भाका हालेर गाउने गरिन्छ । यस्ता गीतमा आख्यान प्रस्तुत गरिन्छ । समाजमा यस्ता लोकगाथाहरूको आफ्नै महत्व रहेको हुन्छ । लोकगाथाहरू पनि विभिन्न प्रकारका पाइन्छन् र

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै प्रचलनमा रहेका छन् । लोक गाथाहरू लामा र छोटा दुवै खालका हुन्छन् । लामा लोकगाथाहरू ७ दिन ७ रात गाउँदा पनि नसकिने खालका हुन्छन् । नेपाली लोकगाथाका रूपमा हरिमल्ल राजा र भवमल्ली रानीको गाथा, रामायण गाथा, सरूमा रानीको गाथा आदि प्रचलित रहेका छन् ।

### ३.१.१.३ लोककथा

लोकसाहित्यको अर्को प्रमुख विधा लोककथा हो । लोकले सजिलै बुझ्न सक्ने सरल सम्प्रेष्य भाषामा भनिने कथाहरू नै लोककथाहरू हुन् । लोककथाको प्राचीनता खोज्दै जाँदा भाषाको उत्पत्तिसम्म पुग्नु पर्ने हुन्छ । त्यसैले लोककथा प्राचीन कालदेखि नै एक पुस्ताबाट अर्को पुस्ता भई मौखिक रूपमा हस्तान्तरित हुँदै आएको विधा हो । लोककथाले मानिसलाई थकित अवस्थामा होस् वा फुर्सदको समय जुनसुकै अवस्थामा पनि मनोरञ्जन दिन्छ । यस्ता लोककथाहरूले नैतिक शिक्षा पनि प्रदान गर्दछ । मानव र मानवेतर दुवै खालका पात्र हुने यस्ता कथाहरू पनि स्थान र समय अनुसार फरक-फरक हुने गरेको पाइन्छ । त्यस्ता केही लोककथाहरूमा सुनकेसरी मैंया, छट्टु स्याल, लोभको परिणाम आदि हुन् ।

### ३.१.१.४ लोकनाटक

लोकनाटक लोकसाहित्यको अभिनयमूलक विधा हो । लोकमा प्रचलित लोक गीत र लोकसङ्गीतसँग अभिनय गरिने विधा नै लोक नाटक हो । लोक नाटकमा लोक भावनाको अभिव्यक्ति हुन्छ । लोक नाटक परम्परागत रूढीमा आधारित हुन्छ । यसमा शास्त्रीय नियमहरूको आवश्यकता पर्दैन र नाटक देखाउने मञ्च पनि लोक शैलीकै हुन्छ । मञ्चमा कुनै साजसज्जा हुँदैन । त्यसैले गाउँ घरका पाटी पौवा, चौतारी सहरका चोक आदि ठाउँमा यस्ता लोकनाटकहरू देखाउने गरिन्छ । बैदिक साहित्य देखि सुरू भएको नाटकलाई पञ्चम वेद पनि भन्ने गरेको पाइन्छ । आङ्गिक प्रदर्शनबाट मनोरञ्जन प्राप्त गरिने यस्ता नाटकहरू स्थान र समय अनुसार फरक-फरक पाइन्छन् । उदाहरणको रूपमा बालुन, सोरठी, घाटु आदि नाटक हुन् ।

### ३.१.१.५ उखानटुक्का

उखानटुक्का लोकसाहित्यको प्रमुख विधा हो । कथनलाई तीव्रतर र प्रभावोत्पादक बनाउन उखानले प्रमुख भूमिका खेल्दछ । पुस्तौंपुस्तादेखि मौखिक रूपमा हस्तान्तरित हुदै आएका उखानहरू अनुभवले खारिएका शिक्षामूलक अभिव्यक्ति हुन । जस्तै नाच्न नजान्ने आँगन टेढो, आकाशको फल आँखा तरी मर । त्यस्तै टुक्काहरू प्रायः अनुभवले खारिएका बूढाबुढीका मुखबाट नै सुन्ने गरिन्छ । जस्तै नेटो काट्नु, दलिन गन्नु, श्री गणेश गर्नु आदि । टुक्काले सिधा अर्थलाई छाडेर लक्ष्यार्थलाई बताउँछ ।

### ३.१.१.६ गाउँखाने कथा

लोकसाहित्यका विभिन्न विधामध्ये गाउँखाने कथा पनि एक हो । मानिसले गाउँखाने कथाहरू प्राचीन समयदेखि नै सुख-दुःखका क्षणमा जिज्ञासा र मनोरञ्जन व्यक्त गर्ने अनि समय बिताउने साधनका रूपमा प्रयोग गर्दै आएको पाइन्छ । गाउँखाने कथाहरू नेपाली भाषामा मात्र प्रचलित नभएर अन्य भाषा र जनजीवनमा पनि लोक प्रिय बन्दै आएको पाइन्छ । नेपालीमा यसलाई अड्को थाप्नु पनि भनिन्छ । यसले मानिसको वुद्धिको परीक्षण पनि गर्दछ । मनोरञ्जनको रूपमा सुरू भएको गाउँखाने कथामा प्रश्न कर्ताले प्रश्न सोधेर उत्तरको अपेक्षा गर्दछ । श्रोताले उत्तर दिन नसकेमा गाउँ दिनुपर्छ, तवमात्र प्रश्नकर्ताले उत्तर बताइदिन्छ । उदाहरणका रूपमा केही गाउँखाने कथा यस प्रकार छन् ।

दिउँसो सुत्ने राती उठ्ने के हो ? (दाम्लो)

वरिपरि पर्खाल माझमा राइ, राइ टिप्न जाँदा बाघले खाइ के हो ? (अगेनाको आगो) आदि ।

### ३.१.१.७ निष्कर्ष

लोकसाहित्य लोक जीवनमा परम्परादेखि नै मौखिक रूपमा हस्तान्तरित हुँदै आएको साहित्य हो । यसमा लोकजीवनका सुख दुःखका अनुभूतिहरू समेटिएका हुन्छन् । प्राय अशिक्षित समाजमा मनोरञ्जन र नैतिक शिक्षा दिने क्रममा लोकसाहित्य जीवित रहँदै आएको छ । लोकसाहित्यका विभिन्न विधाहरूले विभिन्न प्रकारले मनोरञ्जन दिदै आएका छन् । यसरी विभिन्न विशेषता बोकेको लोकसाहित्यको क्षेत्र विशाल रहेको छ । लिखित साहित्यको विकास पनि लोक साहित्यबाट नै भएको हो ।

## ३.२ लोककथाको परिचय, परिभाषा र स्वरूप

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा एउटा प्रमुख विधा हो । भाषाको उत्पत्तिसङ्गै उत्पत्ति भएको लोककथा मानव जीवनको अभिन्न अङ्ग हो । लोककथा मनोरञ्जन र नैतिक शिक्षा प्राप्त गर्न भनिने, सुनिने गर्दछ । जुन लोकले सजिलै बुझ्दछ ।

नेपाल एउटा थोरै सहर र धैरै गाउँ भएको देश हो । यहाँका धेरै मानिसहरू कृषि पेशामा संलग्न छन् । काम गरेर थकित भएका बेलामा नेपालीहरूले अङ्गेनाको डिलमा वसेर होस् वा चउरमा वसेर होस यस्ता लोककथाहरू भनेर र सुनेर मनोरञ्जन लिदैं आएका छन् लोककथामा मानवीय र मानवेतर दुवै खाले पात्रहरू प्रस्तुत हुन्छन् । यस्ता पात्रहरूको बोली र व्यवहारले मानिसहरू दङ्ग पर्दछन् । लोककथामा यथार्थ जीवनका घटनाभन्दा बेग्लै

काल्पनिक संसारका कुराहरू प्रस्तुत भएका हुन्छन् । लोककथामा, ढुङ्गो, माटो, नदी, हावा, पानी, भीरपाखा, जनावर, भूत, देवता आदि पात्र भएर आएका हुन्छन् ।

यसरी लोककथालाई मुख्य गरेर मनोरञ्जन र नैतिक शिक्षा लिने उद्देश्यले प्रस्तुत गरिदै आएको हो, जुन आधुनिक कथाहरू भन्दा भिन्दै हुन्छन् ।

## ३.२.१ लोककथाको परिभाषा

लोककथाको सुरूवात तथा कथन परम्परा सृष्टिको उषाकालबाट नै भएको मानिन्छ । त्यति बेलादेखि नै यसलाई मौखिक वा लिखित रूपमा परिभाषित गर्ने परम्परा रहेको विभिन्न प्रमाण भेटिन्छन् । तिनै आधारमा हालसम्म फेला परेका केही परिभाषाहरूलाई निम्नानुसार सङ्कलन गरी वास्तविक परिभाषातिर लम्कने कोसिस गरिन्छ । ती परिभाषा यसप्रकार छन् । सबैभन्दा पहिले पश्चिमी विदुषी सोफिया वर्नका अनुसार "लोककथा भनेको आफैमा तत्कालीन समयको चालचलन रीतिरिवाज, सामाजिक, सांस्कृतिक विश्वास परम्परागत संस्कार तथा अनुष्ठान आदिको जिउँदो दृश्यपट र प्रतीकात्मक साक्षी हो ।"[१०]

अर्को लोकसाहित्यका विद्वानद्वय धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार "लोककथाको मतलब हो, आफ्नो वर्णनात्मक भनाइद्वारा लोकलाई मजा दिने चाखिलो वर्णनात्मक विषयवस्तुद्वारा सुनिएको घतिलो रचना हो ।"[११]

अर्का लोकसाहित्यका विद्वान कृष्णप्रसाद पराजुलीका अनुसार "परापूर्वकालदेखि मौखिक रूपमा गाउँबस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षा प्रधान कथाकुथुङ्ग्रीको बटुलो नै लोककथा हो ।"[१२]

त्यस्तै अर्का लोकसाहित्यविद् मोतीलाल पराजुलीका अनुसार" मानव मनका सुख दुःखका कल्पना र भावलोकमा रूखा-सुखा घटनाहरूका प्राचीन कथात्मक अवशेषहरू, जो मनोरञ्जनपूर्ण कलात्मक भाषामा प्रयोग हुँदै आएका छन् । तिनलाई लोककथा भनिन्छ ।"[१३]

त्यस्तै अर्का लोकसाहित्यका अध्येता चूडामणिबन्धुका अनुसार "लोकजीवनका मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरूनै लोककथा हुन्"।[१४]

---

[१०] तुलसी दिवस, **नेपाली लोककथा: केही अध्ययन**, (काठमाडौं: रा.प्र.प्र २०३३) पृ. ७ ।
[११] धर्मराज थापा र हंसपूरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, पूर्ववत्, पृ.२२३ ।
[१२] कृष्णप्रसाद, पराजुली, **नेपाली लोकगीतको आलोक,** (काठमाडौं, वीणा प्रकाशन, २०५७) पृ. ४५ ।
[१३] मोतीलाल, पराजुली, **नेपाली लोकगाथा,** (पोखराः श्रीमती तारादेवी पराजुली, २०४९) पृ. १२ ।
[१४] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य,** पूर्ववत् पृ. २८४ ।

यसैगरी शम्भुप्रसाद कोइरालाका अनुसार "वर्णनात्मक कथनद्वारा लोकलाई मनोरञ्जन प्रदान गर्ने लोकसाहित्यका एक उच्च विधाको रूपमा कथा देखिन्छ ।[१५]

श्रीराम शर्माले लोककथालाई यसरी चिनाएका छन् "लोककथाको नाम एक साधारण अर्थवाचक नामका रूपमा प्रयोग हुदै आएको छ, जसको प्रयोग परम्परागत वृत्तात्मक र अन्य विविध व्यञ्जनाका रूपमा गरिन्छ । यसमा मौलिकताको अभाव हुन्छ । यो सन्ने गरिन्छ र वारम्वार भन्ने गरिन्छ । कहिलेकहीं कण्ठ भएको लोककथामा नयाँ कथावाचकद्वारा केही परिवर्तन र परिवर्द्धन गर्ने गरिन्छ ।"[१६]

त्यस्तै सत्या गुप्तले लोककथालाई यसरी चिनाएका छन् "लोककथामा लोकमानसको सबै प्रकारका भावना परम्परा र जीवन दर्शन समाहित भएको हुन्छ ।"[१७]

यसरी नै लोककथालाई चिनाउने क्रममा नेपाली बृहत् शब्दकोशमा यसो भनिएको छ, "परम्परादेखि लोक जीवनमा मौखिक रूपले चलिआएको कथा नै लोककथा हो "।[१८]

यसरी विभिन्न विद्वान तथा शब्दकोशमा लोककथालाई आ-आफ्ना तरिकाले चिनाएको पाइन्छ । यी परिभाषालाई निचोडका रूपमा निम्नानुसारको परिभाषा बनाउन सकिन्छ । परापूर्वकालदेखि मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको मानव समुदायलाई मनोरञ्जन, उपदेश साथै नैतिक शिक्षा प्रदान गर्ने गद्याख्यान नै लोककथा हो ।"

## ३.२.२ लोककथाको स्वरूप

लोककथा गद्य विधामा आउने कथानकयुक्त विषयवस्तु हो र यसमा परम्परागत मान्यता र धारणा मात्र होइन, लोकजीवनको दुःख -सुख, आस्था, विश्वासजस्ता तत्त्वहरू पनि रहेका हुन्छन् । त्यसैले लोककथाको स्वरूपलाई निम्न लिखित वुँदाहरूमा देखाउन सकिन्छ -

क) लोककथामा रचनाकार अज्ञात हुन्छ ।

ख) लोककथा स्थान र समय अनुसार परिवतर्न हुँदै जान्छ ।

ग) लोककथाको भाषा सरल वा लोकले बुझ्न सक्ने हुन्छ ।

---

[१५] शम्भुप्रसाद, कोइराला, **लोकसाहित्य सिद्धान्त र विश्लेषण,** पूर्ववत् पृ. १११ ।

[१६] श्रीराम, शर्मा, **लोकसाहित्य सिद्धान्त और प्रयोग,** तृ.सं. (आगराः विनोद पुस्तक मन्दिर, १९९२) पृ. १०६ ।

[१७] सत्या, गुप्त, **खडीबोलिका लोकसाहित्य,** (इलाहबादः हिन्दुस्थान एकेडेमी. ई.१९६५) पृ. २११ ।

[१८] बासुदेव, त्रिपाठी र अरूहरू (सम्पा), **नेपाली बृहत शब्दकोश,** छै.सं. (काठमाडौं, ने.रा.प्र.प्र. २०६०)

घ) लोककथाका पात्रहरू मानवीय र मानवेतर दुवै हुन्छन् ।

ङ) लोककथा लोक साहित्यको एउटा कथ्य विधा हो, यसमा कथानकको अनिवार्यता रहन्छ ।

च) लोककथा "एकादेशबाट शुरू भई सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला" मा पुगेर अन्त्य हुन्छ ।

छ) लोककथामा तिलस्मी प्रवृति रहे पनि तिनमा सामाजिक पक्ष पनि सशक्त हुन्छ ।

ज) लोककथा कुनै व्यक्तिले भन्ने र अरूले सुन्ने हुँदा एक्लैले लोककथा भन्नुको कुनै प्रयोजन हुँदैन ।

झ) लोककथा गद्य विधा भए पनि यसका वीच वीचमा रोचकताको निम्ति गीत पनि आउन सक्छन् ।

ञ) लोककथा छोटा, लामा, मझौला जस्ता पनि हुन सक्छन् ।

## ३.२.३ लोककथा र लिखित कथा

लोकसाहित्य भन्दा बेग्लै लिखित वा शिष्ट साहित्यका विभिन्न विधाहरूमध्ये कथा एउटा प्रमुख विधा हो । यसको लोककथासङ्ग नजिकको सम्बन्ध रहेको छ । यी दुवै कथाहरूमा जीवन जगतको चित्रण गरिएको हुन्छ । यी दुवै विधा एउटा निश्चित संरचनामा संरचित हुन्छन् । यी दुवै विधाका तत्त्वहरू प्रायः समान हुन्छन् । यति हुँदा हुँदै पनि यी दुई विधाका बीच थुप्रै भिन्नता पाउन सकिन्छ । ती भिन्नतालाई निम्नानुसार देखाइन्छ ।

| क.स | लोकथा | क.स | लिखित कथा |
|---|---|---|---|
| १) | रचनाकार अज्ञात हुन्छ । | १) | कुनै पनि व्यक्तिले रचना गर्दछ |
| २) | मौखिक परम्परामा बाँधिएको हुन्छ । | २) | लिपिबद्ध हुन्छ । |
| ३) | प्रायः ग्रामीण समुदायमा प्रचलित हुन्छ । | ३) | ग्रामीण र शहरी दुवै क्षेत्रमा उत्तिकै प्रचलित हुन्छ । |
| ४) | सरल भाषाशैली र स्वभाविक ढङ्गमा प्रस्तुत हुन्छ । | ४) | वैयक्तिक भाषाशैली र नाटकीय ढङ्गमा प्रस्तुत हुन्छ । |
| ५) | अधिकांश अन्यपुरूष शैलीमा आधारित हुन्छ । | ५) | उत्तमपुरूष शैलीमा आधारित हुन्छ । |
| ६) | कुनै पनि नियममा बाँधिएको हुँदैन । | ६) | शास्त्रीय नियममा बाँधिएको हुन्छ । |

| | | | |
|---|---|---|---|
| ७) | परिवर्तनशील हुन्छ । | ७) | परिवर्तनशील हुँदैन । |
| ८) | लोक संस्कृतिको प्रत्यक्ष प्रभाव हुन्छ । | ८) | व्यक्ति चिन्तन, दर्शन, विचार आदिको प्रभाव हुन्छ । |

## ३.२.४ लोककथा र लोकसाहित्यका अन्य आख्यान विधा

लोककथासङ्ग नजिकको सम्बन्ध हुने लोकसाहित्यका अन्य विधाहरूमा लोक गाथा र लोकनाटक हुन् । यी विधाहरूको समानता र भिन्नताबारे यहाँ सक्षिप्त रूपमा चर्चा गरिन्छ-

१) लोककथा र लोकगाथा

२) लोककथा र लोकनाटक

### ३.२.४.१ लोककथा र लोकगाथा

लोककथा र लोकगाथा दुबै लोकसाहित्यका प्रमुख विधाहरू हुन् । यी दुबै विधा प्राचीन समयदेखि कथ्य रूपमा भनिंदै गाइँदै आएका आख्यान युक्त काल्पनिक घटनाहरू हुन् । जसले अशिक्षित मानव समाजमा मनोरञ्जन र नैतिक शिक्षा प्रदान गर्दै आएका छन् । यी दुबैमा यति हुँदाहुँदै पनि थुप्रै वैषम्य रहेका छन् । ती वैषम्यलाई निम्न तरिकाले देखाउन सकिन्छ ।

| क्र.स | लोककथा | क्र.स | लोकगाथा |
|---|---|---|---|
| १ | आख्यान तत्त्व प्रवल रहेको हुन्छ | १ | आख्यान तत्त्वका साथै गेय र साङ्गितिक तत्त्व पनि प्रवल रहेको हुन्छ । |
| २ | प्राय : एकादेशबाट सुरू भएर सुन्नेलाई सुनको मालामा गएर टुङ्गिन्छ । | २ | लोकगाथामा कुनै त्यस्तो प्रावधान छैन । |
| ३ | यसमा वक्ताको साथै श्रोताको पनि आवश्यकता पर्दछ । | ३ | लोकगाथा एक्लै गाएर पनि मनोरञ्जन लिन सकिन्छ । |
| ४ | यो गद्य विधा हो | ४. | यो पद्य विधा हो । |

### ३.२.४.२ लोककथा र लोकनाटक

लोककथा र लोकनाटक दुवै लोकसाहित्यका विधाहरू हुन् । यी दुवै विधाले परम्परादेखि नै मौखिक रूपमा मानवलाई मनोरञ्जन तथा नैतिक शिक्षा प्रदान गर्दै आएका छन् । काल्पनिक घटनाहरूको संयोजनबाट तयार गरिने यी विधाहरूमा आख्यान तत्त्व अनिवार्य रहेको हुन्छ । एउटै विशेषता बोकेका यी दुई विधामा थुप्रै वैषम्य पनि रहेका छन् । ती वैषम्यलाई निम्नानुसार देखाउन सकिन्छ ।

| क्र.स. | लोककथा | क्र.स. | लोकनाटक |
| --- | --- | --- | --- |
| १ | गद्य विधा हो । | १ | गद्य एवं पद्य दुवै हुन्छ । |
| २ | श्रव्य विधा हो । | २ | श्रव्य/दृश्य विधा हो । |
| ३ | बाचन मात्र हुन्छ । | ३ | गेय तथा नृत्यको प्रस्तुति हुन्छ । |
| ४ | घेरै भित्र बसेर पनि सुन्न र सुनाउन सकिन्छ । | ४ | मञ्च अर्थात नाटक देखाउने स्थानको आवश्यकता पर्छ । |
| ५ | संवाद गौण रूपमा हुन्छ । | ५ | संवाद प्रवल रूपमा रहन्छ । |

माथि प्रस्तुत गरिएका विभिन्न बुँदाहरूले लोककथा र लोकगाथा तथा लोककथा र लोकनाटकका बीचमा रहेका समानता र भिन्नताहरूलाई स्पष्ट पारेका छन् । यी तथ्यहरूबाट लोककथाको छुट्टै मौलिक स्थान रहेको छ, भन्ने कुरा स्पष्ट हुन्छ ।

## ३.३ लोककथाका विशेषताहरू

नेपालमा प्रचलित लोककथाहरूको आ-आफ्नै भाषा क्षेत्र र जातीय संस्कृति अनुरूप आकार निर्माण शैली भए पनि यस विधाका केही साझा विशेषताहरू पनि नभएका होइनन् । समग्रमा हेर्दा नेपाली लोककथाका विशेषतालाई निम्न लिखित शीर्षक भित्र रहेर चर्चा गर्न सकिन्छ ।

### क) अज्ञात रचनाकार

लोककथाको रचनाकारको रूपमा कुनै व्यक्ति विशेषलाई लिइदैन । यो त परापूर्वकालबाट श्रुतिपरम्पराको आधारमा एक कान दुई कान मैदान हुँदै हालसम्म आएको विधा हो । प्रस्तोताको वौद्धिकता र उसले प्रस्तुत गर्ने कला अनुरूप हरेक प्रस्तुतिमा लोककथाको विषयबस्तु फरक हुनसक्छ । त्यसैले लोककथालाई सङ्कलन गरिएको हुन्छ, रचना गरिएको हुदैन ।

## ख) सुखान्तमा पुगेर कथाको विसर्जन

आधुनिक कथाको दाँजोमा लोककथाहरू झन बढी मार्मिक हुन्छन् । यस्ता कथाका पात्रहरूले वियोग, निराश, हानि, कुण्ठा, बेदना, पीडाजस्ता विभिन्न पक्षसङ्ग सघर्ष गरिरहेका हुन्छन् । यस्ता करूणामय गाथाबाट संघर्ष पूर्णजीवन बिताइरहेका पात्रहरूको जीवन कारूणिक नै हुन्छ, तैपनि कथावस्तुको विस्तारसङ्ग असत्यको पराजय र सत्यको जीत हुनु लोककथाको आफ्नै निजी विशेषता हो । यस्ता कथामा दुष्टत्वको दुष्ट्याइँ कै कारणले मृत्यु वा वियोग हुन्छ तर सज्जनहरू आफ्नो असल चरित्रको कारणले अन्त्यमा पुग्दा पुरस्कृत हुन्छन् ।

## ग) कौतुहलता

लोककथाका अधिकांश पात्रहरू वीर तथा बहादुर हुन्छन् । उनीहरूले गरेका कौतुहलपूर्ण कार्यहरूले गर्दा श्रोताहरू अचम्म मान्ने गर्दछन् । यस्ता अद्भूत घटना रहस्यमय संयोग र रोमाञ्चक प्रस्तुतिले श्रोताहरूमा प्रशस्त मात्रामा कौतुहलता प्रदान गर्दछ ।

## घ) रहस्यमय र अलौकिकताको प्रधानता

लोककथाहरूमा भूतप्रेत, पिशाच, दानव,परी, पशु जस्ता विविध पात्रहरूले निर्वाह गरेका भूमिकाहरू निकै रहस्यपूर्ण हुन्छन् । त्यति मात्र नभई अलौकिक पात्रहरूको अयथार्थ चरित्रलाई प्रस्तुत गरेर मात्र सम्भव नभई अतिशयोक्तिपूर्ण कार्यहरूले श्रोताहरू ज्यादै रोमाञ्चित हुने गर्दछन् ।

## ङ) मङ्गलकामना

लोकजीवन कै कुना कोप्चेराबाट निस्केका तीतामिठा अनुभूतिबाट लोककथाहरू सिर्जित हुन्छन् । लोककथाको वाचनको शुरू मङ्गलचरणबाट हुन्छ, अर्थात् एकादेशमा……… भन्दै कथालाई अगाडि बढाएर र अन्त्यमा पुग्दा “भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला, यो कथा बैकुण्ठ जाला भन्ने बेलामा सरासर आइजाला……” भन्दै कथा टुङ्ग्याउने क्रमले नै मङ्गलाचरण लोककथाको वास्तविक विशेषता हो भन्ने बुझिन्छ ।

## च) जनजीवनको चित्रण

लोककथा कुनै रचनाकारको उपज नहुँदा यसमा कुनै व्यक्ति विशेषको प्रभाव रहेको हुँदैन । बरू लोकजीवनका मानिसहरूको जीवन पद्धति, उनीहरूको संस्कृति, वेशभूषा र लोकधारणालाई लोककथाहरूले अलम्वन गरेका हुन्छन् ।

### छ) वर्णनको बाहुल्यता

लोककथाको शैलीगत विशेषता नै वर्णनात्मकता हो । वर्णनको बाहुल्यता भएको हुँदा प्रशस्त घटनाहरूको पनि तालमेल गराईएको हुन्छ । हरेक घटनाहरूले नयाँ घटनाको पूर्वाधार तयार गरेका हुन्छन् । तिनै घटनाहरूलाई क्रम मिलाएर शैली मिलाई प्रस्तुत गर्नाले नै लोककथा बढी सान्दर्भिक र मनोरञ्जनपूर्ण हुने गर्दछन् ।

### ज) प्रेमका विषयवस्तुहरू

नेपाली लोकमानसले प्रेमलाई जीवनको एउटा वास्तविक पक्षको रूपमा हेर्ने गर्दछ । त्यसकारण लोककथामा अधिकाशं घटनाहरूको उठान र विश्लेषण प्रेमकै माध्यमबाट हुने गर्दछ । प्रेमी प्रेमिका, बाबुछोरी, दाजुबहिनी, आमाछोरी, आमाछोरा जस्ता पात्रहरू तयार गरेर उनीहरू बीचको गहिरो प्रेम पसङ्गलाई औल्याएर अश्लीलतालाई भन्दा मावनात्मकतालाई मूर्तरूप दिने कोसिस गर्नु नेपाली लोककथाको अर्को विशेषता हो ।

निष्कर्षमा लोककथा सामाजिक परम्परा र श्रुतिकथनमा आधारित एक विधा हो । यसले एकातिर नेपालीलोक संस्कृतिलाई व्यापक रूपमा समेटेको हुन्छ भने अर्को तर्फ लोकमानसको स्वभाविक प्रकृति र प्रेम प्रसङ्गलाई पनि राम्ररी अनुसरण गरेको हुन्छ । घटनाको वाहुल्यता र वर्णनात्मकताले यसको परिचयलाई अझ छर्लङ्ग बनाएको हुन्छ । अलौकिक र लौकिक घटनाहरू घटाउने मानव र मानवेतर पात्रहरूले हरेक घटनालाई कौतुहलपूर्ण बनाएर प्रस्तुत गरी सबैलाई मनोरञ्जन प्रदान गर्ने लोककथाको निजी वशेषता पनि हो । प्रायः संयोगमा टुङ्गिनु लोककथाको वास्तविकता हो । सत्यले असत्यलाई परास्त गर्नु र लोक मानसलाई नैतिक शिक्षा दिनु पनि लोककथाको निजी विशेषताहरू हुन् ।

## ३.४ लोककथाका तत्त्वहरू

नेपाली जनमानसको गलागलामा रसाउँदै र रङ्गिदै आएको लोककथा लोकसाहित्यको प्रमुख विधा हो । यसले मानिसलाई एकतर्फ मनोरञ्जन प्रदान गरेको छ भने अर्को तर्फ नैतिक शिक्षा दिएको छ । यसरी मनोरञ्जन र शिक्षा प्रदान गर्ने कारकका रूपमा संरचित विभिन्न तत्त्वहरू रहेका छन् । यी तत्त्वहरूका बारेमा मोतीलाल पराजुलीले विषयबस्तुका आधारमा निम्नानुसार वर्गीकरण गरेका छन् । [१९]

१) कथानक

२) पात्र

---

[१९] **मोतीलाल पराजुली, नेपाली लोक गाथा, (पोखराः श्रीमती तारादेवी पराजुली, २०४९) पृ.१० ।**

३) संवाद

४) परिवेश

५) उद्देश्य

६) भाषाशैली

## ३.४.१ कथानक

कथानक लोककथाको प्रमुख तत्त्व हो । लोककथा आख्यानयुक्त विधा भएको हुनाले कथानक बिना लोककथाको कल्पना पनि गर्न गाह्रो हुन्छ । लोककथामा काल्पनिक र यथार्थ दुवै कथानक हुनसक्छ । लोककथाका विषय विभिन्न हुन सक्छन् । जस्तै :- जीवनका सुख दुःखका सन्दर्भहरू, प्रेमका सर्न्दभहरू, वीरता-शुरताका सर्न्दभहरू आदि । लोककथाको कथानक भित्र पनि उपकथा जोडिएर आएका हुन्छन् । यस्ता उपकथाले कल्पनाका माध्यमबाट कथालाई रोचक बनाउँदै लैजान्छ । कथानक भित्र पनि अभिप्राय र कथानक स्वरूप शुक्ष्म तत्त्वका रूपमा आएका हुन्छन् । अभिप्रायलाई कथानकबडी, कथातन्तु वा मोटिफ पनि भनिन्छ । प्रायजसो कथाहरूमा पटक पटक पुनरावृत भइरहने एकै किसिमको दृष्टिकोणलाई अभिप्राय मानिन्छ । सौतेनी आमाको दुर्व्यवहार, स्याल हात्तीका भुँडीभित्र पसेर बोल्नु, नारीको कुटनैतिक चरित्र जस्ता अभिप्रायहरू धेरै जसो कथामा आधारित छन् ।

लोककथाको आख्यान प्रारम्भ, विकास र उपसंहार जस्ता आख्यान रचना शृङ्खलामा आवद्ध हुन्छन् । आरम्भमा कथाका बीजहरू देखिन्छन् । यिनै बीजहरू बढ्दै गएर कथानकले अर्को गति लिन्छ र कथा विकास भागमा पुग्दछ । कथाको पूर्ण विकास भएपछि कथा चरमोत्कर्षमा पुग्छ । यही चरमोत्कर्ष पछि कथाले दिने निचोड उपसंहार हो ।

## ३.४.२ पात्र

पात्र लोककथाको दोस्रो तत्त्व हो । लोककथामा जति मात्रामा कथानकको आवश्यकता पदर्छ, त्यति नै पात्रको पनि आवश्यकता पदर्छ । बिना पात्र कथानक अगाडि बढ्न सक्दैन । कथानक घर हो भने पात्रहरू त्यहाँ बस्ने परिवार हुन् । लोककथा कल्पना प्रधान मौखिक विधा भएको हुनाले यसमा प्रयुक्त पात्रहरू जीवनको यर्थाथ धरातलबाट टिपिएका नभएर काल्पनिक संसारबाट टिपिएका हुन्छन् । यस्ता पात्रहरू मानवीय र मानवेत्तर दुवै किसिमका हुन्छन् । मानवीय पात्रमा राजादेखि प्रजासम्म हुन्छन् भने मानवेतर पात्रहरूमा पशुपंक्षीदेखि ढुङ्गा माटो सम्म हुन्छन् । यी पात्रका क्रियाकलापहरूबाट मानिसहरू लठ्ठ पर्दछन् । यसरी लोककथाका लागि पात्र अपरिहार्य तत्त्वको रूपमा रहेको हुन्छ ।

### ३.४.३ संवाद

संवाद लोककथाको अर्को तत्त्व हो तर यो कथामा शिक्षित रूपमा आएको हुन्छ । लोककथामा प्रयुक्त कथावस्तु र पात्रहरूलाई कथायिताले नै बढीमात्रामा प्रस्तुत गर्ने हुनाले संवाद शिथिल रूपमा रहन्छ । लोककथामा पशुपंक्षी, ढुङ्गो, माटो पनि पात्र बनेर कुरा गर्दछन् । यस्तो संवाद अयथार्थ र अस्वभाविक भए पनि श्रोतालाई भने मग्ध बनाएकै हुन्छ । त्यसैले यस्तो कथा सुनिरहुन्जेल साच्चै पो हो कि जस्तो लाग्दछ । यिनै मानवीय र मानवेतर पात्रका धेरथोर संवादले कथालाई रोचक बनाउँछ ।

### ३.४.४ परिवेश

परिवेश लोककथाको एउटा प्रमुख तत्त्व हो । लोककथामा ग्रामीण, आञ्चलिक एंव दरबारिया परिवेशको वर्णन गरिएको हुन्छ । लोककथाको परिवेश कथाबाचकले कथाअनुरूप नै मिलाएको हुन्छ । लोककथामा आउने परिवेश लौकिक र अलौकिक गरी दुई किसिमको हुन्छ । लौकिक परिवेश अन्तर्गत पृथ्वी र धरातलमा देखिने वस्तुहरू र गर्न सकिने कार्यहरू पर्दछन् भने अलौकिक परिवेश अन्तर्गत पृथ्वी भन्दा बाहिरका लोकहरू जस्तै :- स्वर्ग, नरक, परलोक अप्सरालोक आदि र असम्भाव्य कार्य व्यापारको चित्रण भएका कार्यहरू पर्दछन् यसरी परिवेशले कथामा प्रमुख तत्त्व भएर काम गरेको हुन्छ ।

### ३.४.५ उद्देश्य

उद्देश्य लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व हो । नेपाली समाजमा लोकथाले लामो समय देखि जरा गाड्दै आउनु र सधैं सबैलाई उत्तिकै प्यारो लाग्नुको मूलकारण यसबाट प्राप्त हुने मनोरञ्जन नै हो । त्यसैले लोककथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो भने यसका अतिरिक्ति नैतिक उपदेश, धार्मिक ज्ञान, सांस्कृतिक ज्ञान जस्ता कुराहरू प्रदान गर्नु पनि हो ।

### ३.४.६ भाषा शैली

भाषा लोककथाको अर्को तत्त्व हो । लोककथा विशेष गरेर ग्रामीण समुदायका अशिक्षित मानिसहरूले अशिक्षित मानिसहरू र केटाकेटीहरूलाई सुनाउने हुनाले लोकथाको भाषा सरल र सम्प्रेष्य हुन्छ । लोककथाको भाषा सहरिया र परिष्कृत हुँदैन । यसरी सरल भाषामा कथा बाचन गरिने हुँदा सर्वसाधारणले पनि लोककथा सजिलै बुझ्न सक्छन् ।

### गर्भकथात्मक भाषाशैली

मूलकथा भित्र स-साना उपकथाहरू पनि जोड्दै कथा वाचन गर्दा त्यो गर्भकथात्मक शैली हुन्छ ।

### क्रम सम्वर्द्धनात्मक भाषाशैली

कथामा कुनै पनि कुरा बारम्बार दोहोरिएर आउँछ भने त्यो कथा क्रमसम्वर्द्धनात्मक शैली हुन्छ ।

## ३.५ लोककथाको वर्गीकरण

लोककथाको अध्ययनलाई सजिलो र समसामयिक बनाउँन यसलाई वर्गीकरण गर्नु सान्दर्भिक देखिन्छ फेरि वर्गीकरण जति आवश्यक छ, त्यति नै दुःख साध्य पनि छ । यसलाई वर्गीकरण गर्न गाह्रो हुनुको मुख्य कारण यो विधाले पाएको सर्वव्यापकता पनि हो । जतिसुकै व्यापक र विस्तृत क्षेत्रलाई ओगटेको भएपनि वैज्ञानिक तरिकाले वर्गीकरण गरेर यसका विविध क्षेत्रलाई केलाउने र निफन्ने कार्यमा सफलता हाँसिल गर्नु यस लघु अनुसन्धानको ध्येय रहेको छ ।

अमेरिकी विद्वान् स्टिथ थमसनका अनुसार[२०] -

**क) परम्परागतकथा**

**ख) परीकथा**

**ग) पशुकथा**

**घ) नीतिकथा**

**ङ) पौराणिककथा**

गरी पाँच भागमा विभाजन गरेका छन् । अर्का विद्वान् दिनेश चन्द्र सेनका अनुसार[२१]

**क) रूपकथा**

**ख) हास्यकथा**

**ग) धार्मिककथा**

**घ) गीतिकथा**

गरी चार भागमा नै विभाजन गरेका छन् । कृष्णदेव उपाध्यायका अनुसार[२२]

**क) प्रेमकथा**

---

[२०] स्टिथ थमसन (२०५८), चूडामणी बन्धु (२०५८) नेपाली लोक साहित्य, (काठमाडौं, एकता बुक्स), पृष्ठ २९१ ।

[२१] दिनेशचन्द सेन, (१९२०), बङ्गालि लोक साहित्य, चूडामणी बन्धु (२०५८) नेपाली लोक साहित्य, (काठमाडौं, एकता बुक्स), पृष्ठ २९२ ।

[२२] कृष्णदेव उपाध्याय (१९७७ ई.) लोकसाहित्यको भूमिका, इलाहाबाद साहित्य भवन, पृष्ठ १३३ ।

**ख) उपदेशकथा**

**ग) सामाजिककथा**

**घ) व्रतकथा**

**ङ) मनोरञ्जनकथा**

**च) पौराणिककथा**

गरी छ प्रकारमा विभाजन गरेका छन् । दयाराम श्रेष्ठ र मोहनराज शर्माका अनुसार[२३]

**क) लोकगीत**

**ख) लोकगाथा**

**ग) लोककथा**

**घ) लोकनाटक**

गरी लोककथालाई ४ प्रकारमा विभाजन गरेका छन् । उता पश्चिमेली लोककथाहरूको बीचमा पनि मतैक्य प्राप्त गर्न सकिदैन । सरजर्ज गोमेले, लोककथा, वीरकथा, गीतिकथा र जनश्रुति गरी लोककथालाई चार वर्गमा विभाजन गरेका छन् । यसरी विविध वर्गीकरणलाई मनन गर्दा कुनै पनि विद्वानले सम्पूर्ण क्षेत्रलाई समेटेर लोकथालाई वर्गीकरण गरेको भेटिदैन । त्यसकारण प्रामाणिकताका सन्दर्भमा नेपाली लोकसाहित्यमा ख्याति कमाएका लोकसाहित्यका व्याख्याता तथा खोजकर्ता तुलसी दिवसका मतलाई अगाडि सार्न सकिन्छ । उनका अनुसार नेपाली लोककथालाई निम्न दस भागमा विभाजन गर्न सकिन्छ -

**क) साँस्कृतिक र ऐतिहासिक लोककथाहरू**

**ख) उपदेशका लोककथा**

**ग) पशुपंक्षीका लोककथा**

**घ) मानवीय स्वभाव र प्रवृत्तिका लोककथा**

**ङ) अतिमानवीय लोककथा**

**च) दैवी लोककथा**

**छ) फलफूलका लोककथा**

**ज) साहस र बहादुरीको लोककथा**

**झ) धार्मिक लोककथा**

**ञ) विविध लोककथा**

---

[२३] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, (२०६१) नेपाली साहित्यको संक्षिप्त इतिहास, ल.पु. साझा प्रकाशन, पृष्ठ १३ ।

तुलसी दिवसको वर्गीकरणलाई हरेक क्षेत्रबाट उपयुक्त मान्दा मान्दै पनि कैयौंकोणबाट हेर्दा यो वर्गीकरण पनि चित्तबुभ्दो भेटिदैन । धार्मिक र सांस्कृतिक लोककथालाई एउटै वर्गमा राखेर विभाजन गर्नु पर्ने थियो, त्यसो गरेका छैनन् । त्यस्तै गरी दैवी लोककथा, फलफूलका लोककथा र अतिमानवीय लोककथालाई अलौकिक लोककथामा राखेको भए झन् राम्रो हुने थियो । त्यसकारण अध्ययनलाई अझै सरल र विश्वासिलो वनाउन नेपाली लोककथालाई निम्न ६ भागमा विभाजन गरेर हेर्न सकिन्छ । [२४]

**क) पौराणिक लोककथा**

**ख) अतिरञ्जित लोककथा**

**ग) साँस्कृतिक एवं ऐतिहासिक लोककथा**

**घ) सामाजिक लोककथा**

**ङ) जीवजन्तुको लोककथा**

**च) विविध लोककथा**

### ३.५.१ पौराणिक लोककथा

पौराणिक लोककथाहरूमा देवी देवताका कथा, पुराण सम्बन्धी कथा पर्दछन् । यस्ता कथाहरूमा नीति नियमका कुराहरूका साथै यसो गर्दा पाप लाग्छ, यसो गर्दा धर्म हुन्छ भन्ने कुराको उपदेश पनि दिएको हुन्छ । यस्ता कथाहरूमा प्राय देवी देवता नै पात्रका रूपमा आएका हुन्छन् । पौराणिक लोककथाहरूमा सृष्टिको चक्रको व्याख्याका साथै लोक विश्वासको पनि व्याख्या गरिएको हुन्छ । यस्ता कथाहरूमा रामायण, महाभारत, श्रीमद्भागवत गीता आदि पर्दछन् ।

### ३.५.२ अतिरञ्जित लोककथा

अतिरञ्जित लोककथाहरूमा अलौकिक र काल्पनिक संसारका कथाहरू समावेश भएका हुन्छन् । यस्ता कथाहरूमा वोक्सी, परी, झाँक्री, राक्षस आदि हुन्छन् । यी पात्रका क्रियाकलापले पाठक वा श्रोतालाई यस लोक भन्दा पर काल्पनिक संसारमा पुऱ्याएर मनोरञ्जन प्रदान गर्दछन् । यस्ता कथाहरूमा सुन्छे र बाखी, सुनकेसरी मैयाँ आदि पर्दछन् ।

### ३.५.३ साँस्कृतिक एवं ऐतिहासिक लोककथा

नेपाल सांस्कृतिक गौरवले निकै धनी देश हो । यस्तै इतिहासमा प्रसिद्ध रहेका वीर पुरूष, राजा महाराजाका कथाहरू तथा मठमन्दिर देवी देवता, जात्रा आदिसँग सम्वन्धित कथाहरू

[२४] तुलसी दिवस, नेपाली लोककथाको केही अध्ययन, काठमाडौं ने.रा.प्र.प्र. २०३२ पृष्ठ ३८ ।

साँस्कृतिक एवम् ऐतिहासिक लोककथाहरू हुन् । यस्ता कथाहरूद्धारा वूढावूढीहरूले आफ्ना सन्ततिहरूलाई साँस्कृतिक ज्ञानका कुराहरू सिकाउँदै साहसी, वीर हुनुपर्छ भन्ने भावना जागृत गराउँदै आएका छन् । यस्ता कथाहरूले नैतिक शिक्षाका साथै मनोरञ्जन पनि दिने गर्दछन् । यस्ता कथाहरूमा राजामौना, जेठाजु-बुहारी आदि पर्दछन् ।

### ३.५.४ सामाजिक लोककथा

सामाजिक लोककथाहरूमा समाजका रीतिरिवाज, चालचालन, रहनसहन, उठवस आदि कुराहरू झल्किएका हुन्छन् । भनिन्छ लोककथा समाजका ऐना हो । त्यसैले समाजका विभिन्न कुराहरू लोककथाद्धारा प्रस्तुत हुनु स्वभाविकै हो ।

### ३.५.५ जीवजन्तुको लोककथा

जीवजन्तु सम्बन्धी लोककथाहरू जनावर, चराचुरूङ्गीका कथाहरू पर्दछन्.। यस्ता कथाका पात्रहरू कुकुर, बिरालो, स्याल, बाघ , भालु अनि चराचुरूङ्गीहरूमा रानीचरी, भँगेरो आदि हुन्छन् । यस्ता पात्रहरूले मानवीय भाषाबोलेर मानिसलाई दङ्ग पार्दछन् । यस्ता कथाहरूमा रानीचरीको कथा, छट्टु स्यालको कथा आदि पर्दछन् ।

### ३.५.६ विविध लोककथा

उपर्युक्त वर्गीकरण भित्र नपरेका विभिन्न जातिका धर्म सँस्कृति, चालचलन अनुसारका कथाहरूलाई यस वर्ग भित्र राख्न सकिन्छ । किनभने कतिपय लोककथाहरू कौतुहलता उत्पन्न गराउने उद्देश्यमा मात्र केन्द्रित हुन्छन् । यस्ता कथाहरू प्रशस्त मात्रामा प्रचलनमा रहेको छ ।

## ३.६ लोककथाको उत्पत्ति सम्बन्धी विभिन्न धारणाहरू

लोक साहित्यको एउटा सशक्त विधाका रूपमा लोककथालाई लिने गरिन्छ । सृष्टिको उषकाल अर्थात् मानव सभ्यताको सुरूवात भए देखि नै यस्ता कथाहरू विभिन्न शैली र पद्धतिबाट भन्ने गरेको पाइन्छ । श्रुति र कथन लोककथाको आफ्नै मौलिक विशेषता भएको हुनाले यसको प्रारम्भका वारेमा प्रमाणित तिथिको यस्ता लेखा जोखा गर्न भने सकिदैंन । आधिकारिक प्रमाणहरू प्राप्त गर्न नसकिएको हुनाले विभिन्न विद्वानहरूले लोककथाको उत्पत्तिका सन्दर्भमा आ-आफ्नो मतहरू प्रकट गरेका छन् । जसअनुसार धर्मराज थापा र हंसपुरे सुवेदी, कृष्ण प्रसाद पराजुली, चूडामणि बन्धु, भुपेन्द्र राय चौधरी, श्रीराम शर्मा, सत्यगुप्ता, केशरी नारायणशुक्ल, तुलसी दिवस, वालकृष्ण पोखरेल, कृष्णदेव उपाध्याय,

मोतीलाल पराजुली, दयाराम श्रेष्ठ........ जस्ता दर्जनौं लोकसाहित्यका खोजकर्ताहरूको मतलाई सङ्कलन  गर्दा निम्नलिखित निचोडमा पुग्न सकिन्छ ।

**(क) व्याख्यावादी सिद्धान्त**

यो सिद्धान्त अनुसार कुनै पनि सामाजिक घटना र विषय वस्तुलाई बढाइ चढाइ व्याख्या गर्ने परम्पराअनुसार लोक साहित्यको उत्पत्ति भएको हो र त्यही प्रकृतिले नै लोककथालाई जन्माएको हो ।

**(ख) प्रसारवादी सिद्धान्त**

मानव समाज एकै स्थानमा स्थिर भएर रहन सक्दैन । विभिन्न आवश्यकताको परिपूर्ति गर्ने र आफूसँग रहेको फिरन्ते प्रवृत्ति अनुसार बसाइँसराइ सगै हुने भाषा र व्यवहारको हस्तान्तरणले गर्दा नै लोककथा एककान, दुईकान मैदान हुदै प्रसारित भएको हो ।

**(ग) मनोविज्ञानवादी सिद्धान्त**

फ्रायडीय मनोविज्ञानलाई विश्वास गर्ने र अनुसरण गर्ने विद्वान्हरूका अनुसार मानवमा रहेको यौनभाव र आदिम इच्छाले गर्दा उसभित्र रहेको अचेतन मनले लोककथाको उत्पत्ति र प्रसार हुन्छ । यस सिद्धान्त मनोविज्ञानवादी सिद्धान्त हो ।

**(घ) प्रकृतवादी सिद्धान्त**

यो सिद्धान्तको प्रतिपादन प्रकृतवादी विद्वान्हरूले गरेका हुन् । मानिसले प्रकृतिमा घटेका विभिन्न अविस्मरणीय घटनाहरूको अध्ययन गरेर र विभिन्न घटनाको अनुकरण गरेर प्रतिपादन गरेका विचारहरूले नै लोककथाको प्रस्तुति प्रसार भएको हो भन्ने मान्यता नै प्रकृतवादी सिद्धान्त हो ।

**(ङ) यर्थाथवादी सिद्धान्त**

मानवीय जीवनलाई यथार्थ रूपले प्रस्तुत गर्न सफल भएकोले लोककथाको उत्पत्तिमा यथार्थवादी सिद्धान्तलाई पनि मान्यता दिइएको छ ।

**(च) समन्वयवादी सिद्धान्त**

माथिका सम्पूर्ण मतहरूलाई अपूर्ण मान्दै प्रसारवाद, प्रकृतवाद र मनोविश्लेषणवादका धारणाहरूलाई एकै स्थानमा राखेर समन्वयको आधारमा लोककथाको उत्पत्ति भएको भन्ने सिद्धान्तलाई समन्वयवादी सिद्धान्त भनिन्छ ।

उपर्युक्त सिद्धान्तहरूमा हरेकको केही न केही अपूर्णता देखिएको हुँदा समन्वयवादी सिद्धान्तलाई नै सबैभन्दा उत्कृष्ट र परिमार्जित सिद्धान्तका रूपमा लिन सकिन्छ ।

## ३.७ लोककथाको अध्ययन परम्परा

लोककथाको इतिहास मानव समाजको इतिहाससङ्ग गाँसिएको छ । अर्थात् नेपाली भाषाको निर्माण कालसङ्ग लोककथाको अस्तित्त्व पनि गाँसिएको छ । भाषाको इतिहास लेख्ने विद्वान्हरूले नेपाली भाषाको वास्तविक निर्माण काल भनेर १३औं शताब्दीलाई मानेका छन् र यसको प्रमाणका रूपमा विभिन्न अभिलेखलाई औल्याएका छन् । लोककथा भन्नको लागि भाषाको लिखित रूपलाई पर्खेर बसिरहनु पर्दैन । आज पनि कतिपय भाषाहरू अलिखित अवस्थामानै छन् । तर ती भाषाहरूको लोककथा भन्ने र सुन्ने परम्परा भने जिउदै छ । नेपालमा कतिपय हिन्दू र बौद्ध धर्मका कथाहरू अझै पनि मौखिक अवस्थामा नै रहिरहेका छन् । अर्थात् विभिन्न पुस्ताहरूसँङ्ग हस्तान्तरित हुदै आएका छन् । लोककथाहरूलाई वास्तविक रूपमा नै सङ्कल्प गरेर लेखिदै आएको वि.स.१९९६ बाट मात्र हो । नेपाली भाषामा लेखिएको पहिलो कृति एटनले सन् १८७७ मा लेखेको अग्रेजी व्याकरणको उल्था हो । यस कृतिमा मुन्सीका तीन आहान लाई पनि समेटिएको छ । छिमेकी मुलुक बनारसबाट पुस्तकहरूको प्रकाशन गर्ने परम्पराको थालनी भएपछि बहत्तर सुगाको कथा ( १८८०), लालहीराको कथा (१८८८), वेताल पचविशिनिमा (१८९३), वीर सिक्का (१९४६), तीजको कथा (१९४८), प्रहलाद भक्ति कथा (१९४८), स्वस्थानी व्रत कथा (१९४८), वेताल पच्चिस (१९५३), 'नलदमयन्तिको कथा' (१९५५), 'अपूर्व मैंयाको कथा', गुलबकाबली र हात्तीमात्ताइको कथा' (१९८१) 'सुन्ने कथा र सिंहासन बत्तीसी (१९८२), हरिश्चन्द्रको कथा र वीरवलको तुक (१९८२), तोता मैनाको कथा (१९८४), मधुमालतीको कथा (१९९६), जस्ता केही आख्यानहरूको प्रकाशन भएका केही प्रमाण भेटिन्छन् । तर लोक मानवमा प्रभाव पार्ने र प्रचलित लोककथाहरूको सकलन भने बिक्रमको बीसौं शताब्दीको अन्तिम दशक अर्थात् १९९६ मा बोध विक्रम अधिकारीको १२ वटा लोककथाहरू सङ्कलन  भएको नेपाली दन्त्यकथा हालसम्मको सबैभन्दा प्रसिद्ध लोककथा सङ्ग्रह हो । यो सङ्ग्रहलाई धेरै वर्षसम्म प्रवेशिका परीक्षाको पाठ्यपुस्तकको रूपमा पनि चलाइयो । त्यस्तै गरी वि.स.१९९९ मा 'नेपाली भाषा प्रकासिनी समितिले लोककथाहरूको सङ्कलन  गरी पठाउन जिल्ला जिल्लामा पत्राचार गऱ्यो । यो प्रयास संकलितरूपमा ठूलो आकारमा लोककथा प्रकाशन गर्ने पहिलो प्रयास थियो । अर्कोतिर वि.स.२००३ सालमा ललितजङ्ग सिजापतिले २६ वटा लोककथा भएको 'दन्तकथामाला' प्रकाशित गरे । त्यसको लगतै वि.स.२००८ सालमा फेरि २० वटा कथाहरू भएको ऐतिहासिक विभिन्न चार्डपर्व र जात्रामा आधारित लोककथा सङ्ग्रह

प्रकाशित भएको थियो । यी कथाहरू १९९९ को सरकारी उर्दीअनुसार सङ्कलन गरिएका कथा नै हुन् । वि.स. २००५मा सुवर्णशमशेरले परम्परासँग सम्बन्धित ९ वटा लोककथा भएको एउटा 'दन्त्यकथा सङ्ग्रह' प्रकाशित गरे । फेरि वि.स.२०१० मा काजीमान कन्दङ्वाले आठ वटा कथा भएको "आठकथा" प्रकाशित गरे । विस्तारै सरल भाषामा विभिन्न लेखकहरूले विभिन्न क्षेत्रका लोककथाहरू लेखेर विद्यालयका बालवालिकाले पढ्न सक्ने कथासङ्ग्रह निकाल्न थाले । यसको उदाहरणमा शिवमणि प्रधान र अमरमणि प्रधानका कथाहरूलाई लिन सकिन्छ । जुन सङ्ग्रहको नाम 'कथाकहानी' थियो र सन् १९५४मा प्रकाशित भएको थियो । जुजुराम कुस्लेको 'सुनौलोकथा' (२०१६) पनि यस्तै उदाहरण वा प्रमाण पनि हो । 'बादलकी रानी' (२०१६) र 'नेपाली दन्त्यकथा ............ सङ्कलन कर्ता करूणाकर वैद्य थिए । त्यस्तै गोविन्द घातकले सन् १९६५ मा 'नेपाली लोककथा' शीर्षकमा १० वटा कथाहरू भएको एउटा सङ्ग्रह प्रकाशित गरे ।

इमानसिंह चेमचोङको 'किराँत दन्त्यकथा' २०२१ मा १९ वटा दन्त्यकथा सङ्कलित छन् । ललितजङ्ग सिंजापतिको 'नेपालको लोककथा' २०२४ मा यिनै ताका केशरलाल श्रेष्ठले 'सेभेन सिस्टर एण्ड नेपाली स्टोरिज' (सन् १९६७) 'समफोकस्टोरी अफ नेपाल' (२०२८) र लोर एण्ड लिजेण्ड अफ नेपाल' (१९७१) शीर्षकका कथासङ्ग्रहरू प्रकाशित भएका छन् । यिनै ताकादेखि "हाम्रो संस्कृति" नामको पत्रिकाले पटक पटक गरी चारवटा कथा विशेषाङ्क समेत प्रकाशित गरेको थियो । पहिलो अङ्क २०२७ जेष्ठमा २८ वटा र २०२८ पौषमा २७ वटा लोककथा प्रकाशित भएका थिए । त्यस्तै गरी वि.स.२०२८ मा प्रदीप रिमालले केही बालक सम्बन्धी लोककथा र कर्णाली अञ्चलको लोकसंस्कृतिमा जुम्लामा प्रचलित १० वटा लोककथाको सङ्कलन र प्रकाशन गरेका थिए । करूणाकर वैधले २०२८ मा नै लोककथा र किंवदन्तीहरूलाई समेटेर अङ्ग्रेजी भाषामा "फोक टेल्स अफ नेपाल" प्रकाशित गरेका थिए जस्मा १८ वटा लोककथाहरू थिए । वि.स २०३२ मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट तुलसी दिवसको सङ्कलन मा १३२ वटा कथा भएको "नेपाली लोककथा" पनि प्रकाशित भएको थियो । यहाँ सम्पादक दिवसले नेपाली लोककथालाई १० भागमा विभाजन गरेर 'लोककथा सम्बन्धी एक चर्चा' भन्ने भूमिका पनि लेखेका छन् । वि सं. २०३९ मा विजय चालिसेद्धारा डोटेली लोक संस्कृति र साहित्य लेखेर केही नमुना लोककथाहरू पनि समेटेका छन् । वि.सं. २०४१ मा आइपुग्दा धर्मराज थापा र हंसपुरे सुवेदीले लोक साहित्यको

विवेचना भन्ने पुस्तकमा विभिन्न क्षेत्रको भ्रमण गरी लोककथा सम्बन्धी प्रशस्त चर्चा परिचर्चा पनि गरेकाछन् । यसैका क्रममा उद्योगपति कर्णशाक्य र बेलायती नागरिक लिन्डा ग्रिफिथबाट काठमाडौ र वरिपरिका ६१ वटा लोककथाहरू सङ्कलन गरेर छपाउने कार्य भएको छ । त्यस्तै २०४७ मा शिवकुमार श्रेष्ठ द्वारा किराँती ३५ लोककथाहरू र २०५१ मा ३५ वटा किँराती लोककथाको सङ्कलन गर्ने कार्य भएको छ । वि.सं. २०५५ मा मोतीलाल पराजुलीले नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन शीर्षकमा विद्यावारिधि गर्नु भएको छ, भने चूडामणि वन्धुले नेपाली लोक साहित्य नामक ग्रन्थमा नेपाली लोककथाहरुको विस्तृत अध्ययन गर्ने जमर्को गरिसक्नु भएको छ । अझै आशा गर्न सकिन्छ, नेपाली लोककथाको सङ्कलक र खोजकर्ताहरू विस्तारै नयाँ नयाँ उद्देश्य बोकेर आउने छन् र यसको अभिव्यक्तिलाई अझै उज्यालो बनाउनेछन् ।

## ३.८ निष्कर्ष

लोकसाहित्य लोकजीवनको अभिन्न अङ्गको रूपमा रहेको छ । श्रुति परम्परामा आधारित लोक साहित्यको क्षेत्र आधुनिक साहित्यको भन्दा व्यापक रहेको. पाइन्छ । यस साहित्यका विभिन्न विधाहरू रहेका छन् । ती विभिन्न विधाहरू (लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखानटुक्का र गाउँखानेकथा) का विभिन्न विशेषताहरू रहेका छन् । लोक साहित्यका यी विभिन्न विधाहरू मध्ये लोककथा एउटा मनोरञ्जनपूर्ण उपदेशात्मक विधा हो । विभिन्न विशेषता बोकेर लामो यात्रा पार गर्दै आएको लोककथाका केही तत्त्वहरू पनि रहेका छन् । प्राचीन कालदेखि लोकथाहरू भनिदै, सुनिँदै आए पनि यसको सङ्कलन २० औं शताब्दीको अन्तिम दशकदेखि मात्र भएको पाइन्छ । यसरी श्रुति परम्परामा आधारित लोकसाहित्य सबै भन्दा पुरानो साहित्य मानिन्छ ।

# चौथो परिच्छेद

# बगुवा गा.वि.स.मा प्रचलित लोककथाको विश्लेषण

लोककथा निर्माणका क्रममा आधुनिक कथामा जस्तै आधुनिक संसारसङ्ग परिचित स्रष्टाको जरूरत हुँदैन । यो त स्थानीय वातावरणको सेरोफेरोमा सहज रूपले जन्मने गर्दछ । यस कथाहरू सामान्य र सरल भाषामा प्रस्तुत हुनेहुँदा बोधगम्य पनि हुन्छन् । सहजता र सरलता नेपाली लोककथाको आफ्नै बैशिष्ट्य पनि हो । सहज र सरल हुँदा हुदैँ पनि लोककथाको निर्माणमा केही निश्चित तत्त्वहरूले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । लोककथाका ज्ञाता तथा यस क्षेत्रको बारेमा विज्ञव्यक्तित्वको मतमा भने लोककथाका तत्त्वहरूको बारेमा एकरूपता पाइदैन । प्रसिद्ध लोकसाहित्यका अध्येता श्रीराम शर्माले लोककथाका तत्त्वहरूमा कथावस्तु, पात्र, कथोपकथन, चरित्रचित्रण, वातावरण शैली र उद्देश्यलाई लिएका छन् । त्यस्तै गरी अर्का विशिष्ट विद्वान सत्येन्द्रले कथाका प्रमुखतत्त्वहरूमा लोकमानस, कथावस्तु, पात्र, अभिप्राय, घटनाहरू, संघटनाहरू, कथामानस, उपयोगको दृष्टि, अलङ्कारको प्रयोग र वातावरणलाई लिएका छन् ।

यसरी लोककथामा तत्त्वहरूको बारेमा विभिन्न विद्वानहरूले आ- आफ्नै शैलीका मतमतान्तरहरू पेश गरेतापनि गोरखा जिल्ला बगुवा गा.वि.स.को सेरोफेरोमा चाहर्दा यहाँ प्रचलित लोककथालाई कथावस्तु, अभिप्राय, पात्र, परिवेश, भाषाशैली र उद्देश्यका आधारमा विश्लेषण गरिएको छ ।

## ४.१ कथावस्तुका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

संसारका कुनै पनि भेकमा प्रचलित लोककथाहरू कथाबस्तुका दृष्टिले हेर्दा अत्यन्त धनी छन् । नेपाली लोककथाहरूको सेरोफेरो र यसभित्र समाहित कथाहरूमा पनि कमजोर कथाहरू छैनन् । त्यसमा पनि गोरखाको बगुवा एउटा ऐतिहासिक र पुरातन संस्कृतिले भरिपूर्ण गा.वि.स.भएको हुँदा यहाँका लोककथाहरूमा कथावस्तुको गहनता बढी मार्मिक र लोकजीवनसङ्ग नजिकको सम्बन्ध गास्ने स्तरका छन् । पुरातन, सामाजिक परम्परा, अन्धविश्वास, लोकविश्वास, धर्मभीरूता, नैतिकता जस्ता विषय वस्तुहरूले कथानकको स्वरूप प्राप्त गरेका छन् । यहाँका लोककथाहरूमा यस क्षेत्रबाट सङ्कलन गरिएका कथाहरूको विश्लेषण गर्दा लौकिक कथानकहरूका अतिरिक्त अलौकिक कथानकहरू पनि यस भेगमा प्रचलित लोककथाहरूमा पाइन्छन् । ऐतिहासिक र किंम्वदन्तीमा आधारित विषयवस्तुलाई पनि यहाँका लोकमानसले आफ्नै प्रकारबाट प्रस्तुत गरेको पाइन्छ । कतिपय

कथानकभित्र उपकथा वा कथोपकथन पनि भेट्न सकिन्छ । जसले गर्दा मुख्य कथाहरूमा भन्दा लौकिक कथाहरूमा प्राय अन्तरकथाका सङ्ख्याहरू बढी देखिन्छन् जसको कारणले गर्दा मुख्य पात्रहरू (नायक, नायिका) को आन्तरिक विश्लेषणले गर्दा कथावस्तुलाई झन कौतुहलपूर्ण बनाएको हुन्छ । लोककथामा कल्पना तत्त्वले बढी प्रभाव पार्ने हुनाले कतिपय घटनाहरू अवास्तविक र अतिशयोक्तिपूर्ण लाग्ने गर्दछन् । यस्ता चरित्रहरूबाट गोरखाको बगुवामा प्रचलित लोककथाहरू पनि अछुत छैनन् ।

## कथा सङ्ख्या १

### शीर्षक - कानी आमा

### क) स्वरूप

यस कथामा २ जना मुख्य पात्रहरू छन् । एक जना आमा मनमायाँ र उनको छोरो विर्खे । नेपालबाट माध्यमिक शिक्षा पूरा गरेर छोरो उच्च शिक्षा अध्ययनको लागि विदेशतिर लाग्छ । विदेशमा गएको विर्खे उच्च शिक्षा अध्ययन गरी त्यही घरजम गर्छ । आमा छोरो भेट्न विदेश पुगेकी हुन्छे तथापि आमा छोराको देखेर पनि भेट वार्ता हुँदैन । छोरो नेपाल आउने क्रममा आमालाई भेट्ने चाहाना गर्छ जति बेला आमा मरिसकेकी हुन्छे । यसपछि मात्र समाजका मान्छेबाट आमा कानो हुनाको कारण थाहा पाउँछ । यस्तै सामाजिक विषयवस्तु भएको हुँदा यो कथालाई सामाजिक कथाको रूपमा लिन सकिन्छ ।

### ख) मूलकथा वस्तु

एउटा परिवारमा बाबु मरेपछि आमा र छोरा मात्र हुनु । आमाले छोरालाई जसरी पनि ठूलो मान्छे बनाउने उद्देश्य अनुसार आफ्नो आँखा दिएर पनि छोरालाई पढाउनु । छोरा बुझ्ने भएपछि कानीको छोरो भनेर साथीहरूले जिस्क्याए पछि आमालाई उपेक्षा गर्न थाल्नु । यस्तैमा उच्च शिक्षा लिन विदेश जाने अवसर छोरालाई मिल्नु विदेशमा गएर घरजम गरेर आमाको वास्तै नगरी रमाएर बस्नु । कुनै दिन उसलाई नेपाल आउने काम पर्नु । काम सकेर फर्कने क्रममा आमाको सम्झना आउनु र भेट्न जानु तर जीवित अवस्थामा भेट्न नपाउनु । आमा कानो हुनुको रहस्य थाहा पाएर घोर पश्चातापमा पर्नु । यस्तैमा कथाको अन्त्य भएको छ ।

### ग) प्रासङ्गिक कथ्य

यस कथामा प्रासङ्गिक कथावस्तुले त्यति मान्यता प्राप्त गर्न सकेको छैन ।

## कथा सङ्ख्या २

## शीर्षक - ब्राम्हणको कथा

### क) स्वरूप

यो कथा घर झगडा मिलाउन नसकेका ब्राम्हणको दुःखद् दिनचर्याबाट शुरू भएको छ । घरका चारै सदस्य आफ्नी श्रीमती, छोरा र बुहारी अनि आफूका बीचमा घरको जिम्मेवारी र सम्पतिको तैनाथ कस्ले गर्ने भन्ने विषयमा विवाद चल्छ । ब्राम्हण घर छोडेर गन्धमाधन पर्वतमा पुग्छन् र पोथी गिद्धबाट आफ्नो परिवारका सबै सदस्य आफ्ना हुन् भनी ठान्दा र सम्पत्तिको मोह गर्दा यो समस्या आएको भन्ने उपदेश प्राप्त गरेकाले यो कथा धार्मिक विषयको पृष्ठभूमिमा सामाजिक विषय समेटिएको कथाको रूपमा प्रस्तुत छ । सुरूमा मान्छे बन्न नजानेको ब्राम्हण उपदेश पछि वास्तविकता बुझ्न पुगेका छन् ।

### ख) मूलकथावस्तु

यस कथाको कथावस्तु सरल शैलीमा रेखीय पद्धतिबाट अघि बढेको छ । एउटा ब्राम्हण घरायसी द्वन्दबाट दिक्क हुँदै वनमा जाँदा गिद्धबाट पाएको प्वाँखले हेरेर मान्छे चिन्ने अर्तिबाट आफ्ना परिवारलाई सर्प, बिरालो र मुसो देखे र विभिन्न स्वभाव र प्रवृत्तिका बीचमा मेल हुन नसक्ने तथ्य पत्ता लगाए । त्यस दिनदेखि उनले सामाजिक बन्धनमा रहनु भन्दा ईश्वर प्राप्तिमा तल्लीन हुन वेश भनी निष्कर्ष निकालेर कथाको अन्त्य भयो ।

### ग) प्रासङ्गिक कथ्य

यस कथामा प्रत्यक्ष तथा परोक्ष रूपमा प्रासङ्गिक कथा वस्तुले पनि स्थान पाएका छन् । आफन्त र सम्पत्तिको पछाडि दौडदा परिवार नै भत्केको प्रसङ्ग र मायामोह बाट अलग रहँदा मुक्ति पाइने अर्को प्रसङ्गले प्रासङ्गिक भूमिका यस कथाले पूरा गरेको छ ।

## कथा सङ्ख्या ३

## शीर्षक - जुक्तिको जित

### क) स्वरूप

घर पण्डित र जङ्गली पण्डित दुवैमा आँफू सङ्ग भएको विद्वताको घमण्ड रहनाले प्रश्न सोध्ने र उत्तर दिने सर्त सहितको कवोल हुन्छ । जङ्गली पण्डितले प्रश्नको जवाफ दिन नसकी घर पण्डितको पराजय हुन्छ । गोठालाको सहायताले घर पण्डित नराम्रो पराजयबाट जोगिन्छ र त्यसको विपरीत जङ्गली पण्डितलाई दास बनाएर राख्दछन् । घमण्डले पराजित हुनु पर्ने संदेश यस कथामा पाइन्छ ।

## ख) कथावस्तु

यो कथा मानवीय पात्रहरूको सहयोग लिएर जुक्ति अघि घमण्डको हार हुने सन्देश सहित प्रस्तुत भएको छ । यसमा जङ्गली पण्डितले सोधेका कुरा जवाफ दिन नसके म तिम्रो दास हुन्छु भनी घर पण्डितले स्वीकारेको छ  तर जङ्गली पण्डितको प्रश्नको दास बनेको छ । घर पण्डितकी श्रीमतीले आफ्नो श्रीमान दास बनेर गएको बताए पछि गोठालाले युक्तिपूर्वक जङ्गली पण्डितलाई ह, फ, क तीनवटा अक्षरको अर्थलगाउन माग गऱ्यो र अर्थलगाउन नसके उल्टो घर पण्डितको दास हुनुपर्ने सर्त राख्यो । जङ्गली पण्डितले अर्थलगाउन नसकेपछि गोठालाले ह-हलो, फ-फाली, क-करूवा भनी अर्थ बताएर जङ्गली पण्डितलाई हरायो र जङ्गली विद्वान् पण्डित घर पण्डितको दास बने ।

## ग) प्रासङ्गिक कथावस्तु

यस कथाको प्रसङ्गगत अर्थलाई बुझ्दा मानिसको घमण्ड जहिले पनि पराजित हुन्छ भन्ने दर्शाइएको छ ।

## कथा सङ्ख्या ४

## शीर्षक - लोभको परिणाम

## क) स्वरूप

यो कथा समाजमा चलिआएका रूढिवादी चिन्तन र एक प्रकारको अलौकिक शक्तिसङ्ग मानिसले विश्वास गरेको तथ्यसङ्ग सम्बन्धित छ । हाम्रो समाजमा परम्परागतरूपले विकास हुँदै आएको धार्मिक चिन्तन र विश्वासलाई कथाले स्थान दिएको छ । ईश्वरीय शक्तिलाई मान्दै मानवीय र मानवेतर दुवै स्तरका पात्रको उपस्थिति गराएर र सामाजिक अन्धविश्वास अनि लोभको परिणाम प्रस्तुत गरेको हुनाले यो कथा एउटा सामाजिक किंवदन्ती पनि हो ।

## ख) मूल कथाबस्तु

गाउँको किसान अत्यन्त गरीब छ त्यसैले ऊ मेहनती हुन्छ । जति मेहनत गर्दा पनि खेती राम्रो नभएर दिक्दारिएको किसान सर्पको पूजा गर्न थाल्छ । दूध ख्वाएर पूजा गरेको देखी सर्पले पनि कचौरामा सुनको सिक्का खसाउँदैजान्छ । यसरी किसान धनी बन्दै जान्छ तर उसको मनमा एकैचोटिमा धनी बन्ने पापी सोच जन्मन्छ र सर्पलाई मारेर सबै सुनको सिक्का बटुल्ने सपना देखी सर्पलाई मार्न लट्ठी प्रहार गर्छ । सर्पले उल्टो किसानलाई टोकेर विष छाडिदिन्छ र किसानको मृत्यु हुन्छ । यसरी लोभले लाभ, लाभले विलापमा जीवन अन्त्य हुने कुरासँगै कथाले बिट मारेको छ ।

### ग) प्रासङ्गिक कथ्य

यस कथामा प्रसङ्गगत अर्थ केलाउँदा लोभको परिणाम सकारात्मक हुँदैन भन्ने पुष्टि हुन्छ ।

### कथा सङ्ख्या ५

### शीर्षक - प्यारी

### क) स्वरूप

यस कथामा २ जना मुख्य पात्र र १ जना सहायक पात्रको उपस्थिति छ । एक परिवारमा बुढाबुढी छन् र त्यहाँ एक जना पाहुनाको आगमन हुन्छ । पाहुनाको स्वागत गर्ने परम्परा बमोजिम बास बस्न पुगेको पाहुनाले वास्तविकता नबुझी बुढीको नामाकरण 'प्यारी' भनेर गर्दा बास बस्न नपाई लखेटिएको छ । सम्बोधन गर्दा पनि नाता सम्वन्धलाई विचार गर्नुपर्ने अर्थमा कथा सार्थक बनाउन खोजिएको छ ।

### ख) कथावस्तु

कुनै गाउँमा घरजम गरेर बसेका बुढाबुढीको घरमा पाहुनाको आगमनमा सत्कार हुन्छ तर पाहुना भने अर्काको खर्च नखाने हुन्छन् । बुढाले पटक पटक आफ्नो बुढीलाई 'प्यारी' भनेर सम्बोधन गरेको सुनेर आँफूले पनि प्यारी मेरो खर्च पकाइदेऊ भनेर बोलाउदा अपमानित भएर गाली खाँदै घरबाट साँझको बेला पाहुना निकालिनु परेको निष्कर्षमा कथाको अन्त्य भएको हुन्छ ।

### ग) प्रासङ्गिक कथ्य

यस कथामा सबै पुरूषले सबै महिलालाई 'प्यारी' भनेर बोलाउँदा नकारात्मक अर्थ लाग्ने र प्यारी शब्द त श्रीमान्को लागि श्रीमती सहज हुने प्रसङ्गमा यो कथा प्रस्तुत भएको छ ।

### कथा सङ्ख्या ६

### शीर्षक - मुसेभाइ

### क) स्वरूप

यो कथा मानवीय पात्रसङ्ग मानवेतर पात्रको संयोजन गराएर मनोरञ्जन मात्र नगरी सबै प्राणीको भूमिका अह्म हुने शिक्षा दिन सफल भएको छ । परिवारमा अपहेलित भएर पनि सेवामा जुटिरहने मुसेभाइ महत्वपूर्ण पात्रको रूपमा समाजमा स्थापित छ । संक्षेपमा

कथाले तल्लो दर्जाको पात्रहरूको पनि समाजमा आफ्नै प्रकारको चिनारी हुन्छ भन्ने संदेश दिएर मुसेभाइ भन्ने भनाइलाई सार्थक बनाउन खोजिएको छ ।

**ख) कथावस्तु**

मुसेभाइको ६ जना दाजु र बाआमा समेत एक पटक तीर्थ जाने निर्णय गरी बाटो लाग्छन् । मुसेभाइलाई घर कुर्ने जिम्मा दिइन्छ तर मुसेभाइ पनि परिवारले थाहा नथापाउने गरी पछि लाग्छ र बीच बीचमा आफ्ना परिवार माथि आइलागेको संकट अनि मृत्युकै मुखबाट समेत बचाउन सफल हुन्छ । त्यसैले आँफू भन्दा सानासङ्ग अर्ति उपदेश, तर्क र जुक्ति हुँदैन भनी उपेक्षा गर्नु गलत हुन्छ भन्ने सत्यतामा कथाबस्तुको अन्त्य हुन्छ ।

**ग) प्रासङ्गिक कथ्य**

यस कथाभित्र ‘अर्ति भनेको घर्तीको पनि लिनु’ भन्ने प्रसङ्ग उजागर भएको छ ।

**कथा सङ्ख्या ७**

**शीर्षक - बैगुनी**

**क) स्वरूप**

यस कथामा ३ जना पात्रको उपस्थिति छ । बुढाबुढी र एकजना युवक । बुढीले आफ्नो घरमा आएको युवकलाई छोरासरह ठानेर ममता एवं खाना दिएकोमा युवकले ज्यादै उपेक्षित तरिकाले आमा तपाईलाई त मैले मेरो बुबाको कान्छी स्वास्नी ठानें भनेर अवगुण प्रस्तुत गरेकोले बैगुनी कथा शीर्षक सार्थक बन्न पुगेको छ ।

**ख) कथावस्तु**

सामाजिक कथाको रूपमा प्रस्तुत यो कथा मानवीय बैगुनी स्वभावलाई उजागर गर्ने कथा हो । वास्तवमा मान्छे अरूको सफेद र निःस्वार्थ व्यवहारलाई पनि नबुझ्री वा बुझ्रेर पनि त्यसको सम्मानको सट्टा अपमान गर्न पुग्छन् तर मान्छेलाई आँफूले अरूको अपमान गर्दा आँफू पनि सम्मानित नभइने कुरा भने यादै हुँदैन किन भने छोराको ममता दिएकी बुढीआमालाई आफ्नो बाबुको कान्छी स्वास्नी जस्तो लाग्यो भनेकाले घरबाट गलहत्ती खाएर निक्लनु परेको छ ।

**ख) प्रासङ्गिक कथ्य**

यस कथामा खासै प्रासङ्गिक कथ्य रहेको पाइदैन ।

**कथा सङ्ख्या ८**

**शीर्षक - असल साथी**

**क) स्वरूप**

यस कथा मानवेतर पात्रहरूको सहयोग लिएर असल मित्रको परिचय दिइएको छ । यस भित्रका पात्रहरूले मावनले जस्तै कुराकानी गरेर अलौकिकता प्रदर्शन गरेका छन् । गाई र बाघको सन्तानका बीचमा असल सम्बन्ध कायम भएको छ र उनीहरूले आफन्त त्याग्न सक्ने तर साथी त्याग्न नसक्ने कुरा देखाएर असल साथीको परिचय दिएका छन् ।

**ख) कथावस्तु**

कुनै एउटा जङ्गलमा बघिनी र गाईको भेट हुन्छ । बघिनीले गाईलाई खाने प्रस्ताव गर्छे तर गाई आफू गर्भिणी भएकीले बच्चा जन्माएपछि खान अनुरोध गर्छिन् । त्यो अनुरोध स्वीकार्य हुन्छ । भोलिपल्ट गाईले बाच्छो जन्माउँछ । रहँदा बस्दा बघिनीको डमरू र गाईको बाच्छो एक अभिन्न मित्र बन्छन् र साथ छाड्दैनन् बरु आफन्त त्याग्छन् । यस्तैमा किसानको कुटाइबाट बाच्छो मरेको थाहा पाएर मित्र डमरु पनि बाच्छाको लास जलाउन थुपारेको आगोमा जलेर मऱ्यो । असल मित्र दुःख सुखमै एक साथ रहने सन्देश दिने क्रममा कथाले बिट मारेको छ ।

**ग) प्रासङ्गिक कथ्य**

सुखमा मात्र पछि लाग्ने मित्र असल होइन । असल मित्र त जस्तो सुकै विपत्तिमा पनि साथ दिन तयार हुन्छ भन्ने प्रसङ्गलाई कथाले अर्थ्याएको छ ।

**कथा सङ्ख्या ९**

**शीर्षक - काग र बकुल्लाको कथा**

**क) स्वरूप**

यो कथा छोटो र हास्यास्पद कथा हो । आफूसँग भएको बुद्धि र विवेकले कागले मुद्दा पनि जितेको छ र न्याय अन्याय छुट्याउने न्यायाधीशलाई प्रलोभनमा फसेर गलत निर्णय गर्दा दुर्गति भोग्नु पर्ने प्रसङ्ग प्रस्तुत गर्दै रेखीय शैली, छरितो प्रस्तुति र चलाख पात्र कागलाई यो कथाले प्रयोग गरेको छ ।

**ख) कथावस्तु**

कुनै समय काग र बकुल्लो नजिकै बसेका थिए । एक दिन आफ्नी पत्नीको घुर्कीको कारण सेतो बच्चा जन्माउन कागले आफ्नो गुँडको र बकुल्लाको गुँडको अण्डा साटासाट गरे । आफ्नो बच्चा कालो जन्मिएकोमा काग माथि शंका गरी बकुल्लाले अदालतमा मुद्धा हाल्यो । घुस्याहा न्यायाधीशले कागको पक्षमा फैसला सुनायो तर उल्टो लोभी न्यायाधीश गलत फैसला सुनाएकाले जित हुने कागबाट नै लज्जित भई फर्कनु परेको घटना प्रस्तुतिका साथ कथाको बिट मारिएको छ ।

**ग) प्रासङ्गिक कथ्य**

यस कथामा असम्भव कुराको विश्वासमा परेर न्यायोचित कार्य नगर्दा मानिसले लोभले लाभ, लाभले विलाप भोग्नु परेको प्रसङ्गलाई उजागर गरिएको छ ।

**कथा सङ्ख्या १०**

**शीर्षक - लाटाको कथा**

**क) स्वरूप**

यस कथामा मानवीय पात्रको प्रयोग गरिए तापनि घटनाहरू भने अतिशयोक्तिपूर्ण तवरबाट घटेका छन् । लाटाले आफूले आमाबाट पाएको जिम्मेवारीलाई असहज र अपत्यारिलो तरिकाले पुरा गरेको छ । जुन कुरा गर्न भनिएको छ त्यो भन्दा फरक ढङ्गले लाटा प्रस्तुत भएको उदाहरण देखाएर कथालाई अतिशयोक्तिपूर्ण बनाइएको छ ।

**ख) कथावस्तु**

कुनै गाउँमा एक अधवेस्रो लाटो बस्नु, आमाले लाटालाई धानमा किरा धपाउने जिम्मा दिनु, लाटाले पाकेको धानलाई किरा ठानेर सबै झार्नु, फेरि आमाले बाखा चराउने जिम्मा दिनु, वनमा आगो लगाई दिएर सबै बाखा सखाप पार्नु, भाउजूलाई मारेर अगेना माथि झुन्ड्याउनु र आमालाई भाउजू रोटी पकाइरहेकी छन् भन्नु, सबै काम बिगारेर लाटो घरबाट निस्कनु त्यसपछि आफ्नो कामले जीवनभरि रुँदै समय बिताउन पर्नुको निष्कर्षमा कथाको टुङ्गो लाग्छ ।

### ग) प्रासङ्गिक कथ्य

यस कथामा खासै प्रासङ्गिक कथ्य रहेको पाइँदैन ।

### कथा सङ्ख्या ११

### शीर्षक - स्वार्थी मान्छे

### क) स्वरूप

यस कथाका मुख्य पात्र बाबु रने, आमा रूपमति, छोरा अनुप र छोरी निशा छन् । यी चार सदस्यले स्वर्गतुल्य घर अनुपको श्रीमतीको प्रवेश पछि नरक बन्न पुगेको छ । छोरा अनुप कर्तव्य परायण नभइदिएकाले घर निराश बनेको छ । कथाले सीमीत व्यक्तिको प्रशन्नताका लागि जन्म दिने बाबु आमा पनि त्याग्न सक्ने कठोर मानवीय प्रवृतिलाई उजागर गरेको छ । साथै यो स्वार्थी दुनियाँलाई समग्र परिवारको लागि छोराले निर्वाह गर्नु पर्ने कर्तव्यलाई समेत बोध गराएको छ ।

### ख) मूलकथावस्तु

बाबुआमाले आफ्नो सन्तानको सुखका निम्ति आफू दुःख खेपिरहेको सत्यतालाई यस कथामा रने र रूपमतिको भूमिकाबाट प्रस्ट पारिएको छ । छोरा हुर्के पछि असल बुहारी भित्र्याएर घरसुन्दर बनाउने चाहना बमोजिम अनुपको विहे धनी बाबुकी छोरीसँग हुन्छ । दूलहीको प्रवेशमा हर्षित घरको खुसी खोसेर अनुपले एक डेरामा पुऱ्याउँछ त्यसपछि उसका आफ्ना सन्तान जन्मन्छन् । बाबु आमा र बैनीलाई उसले सम्झन पनि छाड्छ । धेरै समय पछि भेट भएको साथीले आफ्नो बुबा आमाको खबर सोद्धा पनि आँफूलाई थाहा नभएको कुरा बताएर उसले एक स्वार्थी र कठोर पनको परिचय दिने क्रममा कथाको अन्त्य भएको छ ।

### ग) प्रासङ्गिक कथ्य

निःस्वार्थ माया गर्ने बाबु आमा र वहिनीको ममतालाई कुल्चेर आमाबाबुको मन छोरोछोरी माथि छोरोछोरीको मन ढुङ्गा मुढामाथि भन्ने प्रसङ्गलाई यस कथाले कोट्याएको छ ।

**कथा सङ्ख्या १२**

**शीर्षक - आयो निदरी तेरो काल**

**क) स्वरूप**

यस कथामा विहेबटुलको कुरा गर्दा छोरी दिने घर, उनीहरूको पारिवारिक अवस्था हेरेर बिहे गरिने नेपाली परम्पराको उजागर भएको छ । एक्लो छोरो सँग छोरीको बिहे गरिदिन पाए छोरीको हातमा सबै सम्पति पर्थ्यो भन्ने बावु आमाको चाहना हुन्छ । सुख हुन मन मिल्नु पर्छ नमिले छोरीले घर र लोग्ने छाड्न पुग्छे भन्ने उदाहरण दिनु एक पक्ष रहेको छ भने कहिलेकाँही संयोग जुरेर मान्छे ठूलो बन्न सक्छ अनि पद, प्रतिष्ठा र सम्पत्तिको मालिक बन्न सक्छ भन्ने अभिव्यक्ति दिनु यो कथाको स्वरूप हो ।

**ख) मूल कथावस्तु**

श्रीमती छोरा छोडिएको श्रीमान आफ्नी जहान लिन भनेर ससुराली पुग्दा पकाएको रोटी नदिएर उपेक्षाका साथ ज्वाइँलाई चिउरा र अचार दिने सासुलाई घरमा रोटी पकाएको खुलासा गरिदिएर ज्वाइँ ज्योतिष बन्न पुगेको कुरालाई कथाले अघिसारेको छ । त्यस्तै संयोगले गधा फेला पर्नु र संयोगले नै राजाकी छोरीको हीरा पत्ता लगाउनु जस्तो दृष्टान्त दिएर परिस्थितिले साथ दिए अयोग्य र असक्षम मान्छे पनि योग्य र सक्षम कहलिन सक्छ भन्ने सन्देश दिने काम यस कथाले गरेको छ ।

**ग) प्रासाङ्गिक कथ्य**

यस कथाभित्र भाग्य भए तालुमा आलु फलेरै छाड्छ भन्ने प्रसङ्गलाई सामान्य रूपले अर्थ्याउने कार्य भएको छ ।

**कथा सङ्ख्या -१३**

**शीर्षक - छैटीको भावी**

**क) स्वरूप**

यस कथामा भाग्यमा लेखिएको कुरा कसै गरी पनि नमेटिने कुवा प्रस्तुत गरिएको छ । मानिसको भविष्य अनिश्चित छ कसैले यस्तै हुन्छ भन्न सक्दैन । पहिलो जन्ममा गरेको कर्मको फल यस जन्ममा मानिसले भोग्नु परेको हो भन्ने परम्परावादी विचार यस कथामा अभिव्यक्त भएको छ । साथै यो छोटो मानवीय जीवनमा असल कर्म गरेर स्वर्गको बाटो

खुल्ला राख्ने सल्लाह पनि कथाले प्रस्तुत गरेको छ । दैवी पात्रको उपस्थितिबाट मानवीय संन्देश प्रदान गर्ने काम यस कथामा भएको छ ।

### ख) मूल कथावस्तु

आफ्नो कर्तव्य पूरा गर्नको निम्ति छैटी देवीले आफ्नो छोरोलाई संधै एक्लै घरमा छाड्नु । छोराले आमासँग आफूलाई छोड्नाको कारण सोध्नु । आमाले बच्चा जन्मेको छैटौ दिन उनीहरूको भविष्य लेख्न हिड्नु परेको बताउनु । छोरोले आफ्नो भविष्य सोध्नु । आमाले बाध्य भएर आफ्नो छोराको विहे आफैले जन्माएकी छोरीसँग हुने बताउनु । सचेत प्रयत्न गर्दा गर्दै पनि छैटी देवीले लेखे बमोजिम नै आफ्नो बिहे आफैले जन्माएर फालेको छोरीसँग हुनु र छैंटीमा लेखिएको कुरा कसै गरे पनि नमेटिने कथावस्तु यहाँ प्रस्तुत गरिएको छ ।

### ग) प्रासाङ्गिक कथ्य

यस कथाले 'हुने हार दैव नटार' भन्ने प्रसङ्गलाई सार्थक पारेको छ ।

## कथा सङ्ख्या - १४

## शीर्षक - तिनबित्ते

### क) स्वरूप

सामाजिक किवदन्ती बोकेको यस लोककथामा एकजना तिनबित्ते शरीर भएको मानिसलाई मुख्य पात्र बनाइएको छ । बेला मौकामा उपेक्षित वस्तु वा मानिसको पनि महान् मूल्य हुन सक्छ भन्ने उदाहरण यस कथाले प्रस्तुत गरेको छ । अर्को कुरा सामाजिक अन्ध परम्परालाई बोकेर हिड्ने मानिसले कल्पनै नगरेको दण्ड पनि भोग्नु पर्छ भन्ने संकेत पनि यस कथामा पाइन्छ । अन्धपरम्पराबाट माथि उठेर विभेदको सोच त्याग्नु पर्छ र अनौठो र विश्वासै गर्न नसकिने विषयबाट पनि आशातीत उपलब्धि प्राप्त हुन्छ भन्ने सन्देश दिन यो कथा सफल भएको छ ।

### ख) कथावस्तु

एउटा गाउँमा एक जना युवकले छोराको अभावपूर्ति गर्नका लागि कान्छी स्वास्नी विहे गर्दछ । कान्छी स्वास्नीबाट छोरा त जन्मन्छ तर तिन बित्ता भन्दा बढ्दैन र ऊ परिवारबाट उपेक्षित भएर बेचिन्छ । केही समय पछि राज्यबाट त्यस्ता अनौठो मानिस खोजी गर्ने सूचना हुँदा त्यो तिनबित्ते मानिसलाई राजाको सामु उपस्थित गराएर लाखौं रूपियाँ

बक्सीस पाउछन् । यसरी संसारका सबै वस्तुको आआफ्नो मूल्य हुन्छ भन्ने सन्देश माथि प्रकाश पार्ने क्रममा कथाले विट मारेको छ ।

### ग) प्रासङ्गिक कथ्य

मानिसका सम्पूर्ण अङ्गहरू दुरूस्त नभए पनि कहिले काहीं त्यस्ता व्यक्ति पनि अनौठो आश्चर्यको सूचीमा परी पुरस्कृत हुन पुग्दछ भन्ने प्रसङ्गलाई यस कथाले प्रस्ट्याएको छ ।

## कथा सङ्ख्या १५

## शीर्षक - पहरामा कुइनो ठोकिएको कथा

### क) स्वरूप

विहेबटुलाको कुरा गर्दा छोरी दिने घर, उनीहरूको पारिवारिक अवस्था र छोरीको भविष्यका बारेमा बावु आमा गम्भीर सोच गर्दछन् । कोही बावुआमाले जन्मदैमा छोडी आएको जात हो त्यसैले यसलाई जिम्मा लगाउन पाए हुन्थ्यो भन्ने ठानी हतारका साथ विहे गरिदिन्छन् र छोरीले हुन सम्मको दुःख पाउछे भन्ने यथार्थ सन्देश कथामा पाइन्छ । मानवीय पात्र र सामाजिक कथा वस्तु भएको यो कथामा मनोरञ्जन भन्दा बढी उपदेश पाइन्छ ।

### ख) कथावस्तु

छोरीको सङ्ख्या धेरै भएकाले धनवहादुरले त्यति वास्तै नगरी सानैमा छोरीको बिहे गरिदिन्छ । घर परिवारको चित्त बुझाएर खेतबारीका सबैकाम एक्लैले भ्याउनु पर्ने बाध्यता धन बहादुरी छोरी चमेलीलाई पर्छ । ऊ त्यो सबै सकी नसकी गर्दै जान्छे । एक दिन आफ्नो बावु लिन आउँदा घरपरिवारले पठाउँदैन । बावुले तिमीलाई कस्तो छ भनेर सोध्दा पहारमा कुइनो ठोकिए जस्तै आनन्द छ भनी जवाफ दिनु जस्ता व्यवहार र शब्दले पनि कुरा नबुझ्ने बावु धनवीर बाटोमा कुइनोमा ठक्कर लाग्दा मात्र छोरीको वास्तविक पीडा बुझ्दछ र पुन छोरी लिएर घर फर्कन्छ । यसरी त्यस्तो दुःखमा छोरी नपठाउने र आफैं पाल्ने निर्णयमा पुगेर कथाको अन्त्य हुन्छ ।

### ग) प्रासङ्गिक कथ्य

यस कथा भित्रको प्रासङ्गिक कथा वस्तु नै छोराछोरीमा विभेद गर्ने समाज र यस्तो विभाजनले हजारौं छोरीहरूले भोग्नु परेको नारकीय पीडा हो ।

**कथा सङ्ख्या १६**

**शीर्षक - स्वर्ग जाने रहर**

**क) स्वरूप**

मानिस धर्म गरे स्वर्ग जान पाइन्छ भन्ने आत्मिक विश्वासमा परेका छन् । आध्यात्मिकहरू त यही मान्यतामा अडिग छन् । केही मानिस अर्काको देखासिकी गर्ने र इर्श्या गर्ने खालका पनि पाइन्छन् । धर्मात्माले धर्मको खातिर पोखरी खनेकाले स्वर्ग प्राप्त गरेको देखेर आफू पनि स्वर्ग जाने रहर गर्नेहरूको दुखद् मृत्यु भएको देखाउनु यो कथाको स्वरूप हो ।

**ख) कथावस्तु**

कुनै एउटा गाउँमा धर्मात्मा बुढो हुनु । उसले धर्मको लागि थुप्रै सेवाका काम गर्नु, एक पटक पोखरी खन्नु । उसको धर्म बारे स्वर्गका राजालाई थाहा हुनु । धर्म गर्ने मान्छे स्वर्ग ल्याउनु पर्छ भनी गाईलाई लिन पठाउनु । गाईले पृथ्वीमा आएर पोखरी भत्काउनु, धर्मात्मा आँफूले बनाएको पोखरी भत्काएकोमा रिसाएर गाईको पुच्छर समात्नु, गाई उडेर स्वर्ग जानु, त्यसरी स्वर्ग जान पाइन्छ भनी अरू मानिसले थाहा पाउनु र धर्मात्माले गरे झै गर्नु । नक्कली र अवास्तविक काम गरेकाले गाईको पुच्छर समातेर स्वर्ग पुग्ने रहर गरेका मानिसहरू पुच्छरबाट हात फुस्किएर बाटैमा पछारिएर मर्नु जस्ता उदाहरण प्रस्तुत गरेर लोभ गर्दा झन् विलाप बेहोर्नु पर्ने यथार्थतालाई देखाउने क्रममा कथाको अन्त्य भएको छ ।

**ग) प्रासङ्गिक कथ्य**

यस कथाको प्रसङ्गगत अर्थलाई बुझ्दा र कथानकको भाव पहिल्याउन खोज्दा मान्छे जहिले पनि सत्य र इमान्दार हुनुपर्छ भन्ने कुरालाई प्रस्ट्याइएको छ ।

## ४.२ अभिप्रायका आधारमा प्रचलित लोककथाको विश्लेषण

अङ्ग्रेजी भाषामा मोटिफ भनिने यस शब्दलाई भावका प्रसङ्गमा व्याख्या गरिन्छ ।[३१] यसको वास्तविक अर्थ हो प्रभाव जसको प्रभाव हरेक कथाको कथानकभरि रहेको हुन्छ । यही अभिप्रायका आधारबाट नै स्थानीय र राष्ट्रिय स्तरका कथाहरूको पहिचान गर्न सकिन्छ । लोककथालाई स्थान र समयले विशेष प्रभावशाली बनाएको हुन्छ । कथावक्ताले कथाको विषयवस्तुलाई भन्दा त्यसले प्रस्तुत गर्ने अभिप्रायलाई बढी महत्व दिने कार्य गर्दछ ।

[३१] श्रीराम, शर्मा, **लोकसाहित्य सिद्धान्त और प्रयोग,** (आगरा पुस्तक पसल), पृ १०६ ।

किनभने कुनै पनि स्रोता तथा लोककथाका पाठकले कथालाई दोहोऱ्याउन लगाउनु परेमा सम्बन्धित कथाको अभिप्रायलाई छिटो सम्भन्छ । लोककथामा अभिप्राय स्तरीय हुनुपर्छ अन्यथा यसका स्रोता र समाजले कथानकको भावभूमि राम्ररी पत्ता लगाउन पनि सक्दैनन् । हरेक लोककथामा स्थानीय समाज र परिवेश सुहाउदो अभिप्रायहरू उठ्ने गर्दछन् र कथानक पनि अभिप्रायकै सेरोफेरोमा घुमेको भेटिन्छ । समष्टिमा भन्नुपर्दा कुनै देशकाल परिस्थिति, चरित्र, विचार र घट्नाहरू पटक-पटक दोहोरिएर लोककथाहरूमा प्रयोग भैरहेका हुन्छन् । तिनै रूढ भएर प्रयोग हुने कथानक विचारहरूको गुच्छालाई लोककथाका विद्वान्हरूले अभिप्राय भन्ने शब्दले चिनाएका छन् ।

लोककथाको लेखन परम्परा र प्रस्तुतिको परम्परासँग कुनै भनाइ पटक-पटक रूप तथा उपरूपका सन्दर्भमा पुनरावृत्ति हुँदैआएमा अभिप्राय हुन्छ भने सोही अभिप्राय कथाभित्रको घटना र विचारका पक्षमा पनि स्पष्ट रूपमा प्राप्त गर्न सकिन्छ । लोक साहित्यका विद्वान् सत्येन्द्रको शैलीमा पनि अभिप्रायको भ्रलक पाइने कुराको उल्लेख उनैबाट लिखित “लोक  साहित्य सिद्धान्त और प्रयोग” मा स्पष्ट पारेका छन् । यसरी सरसर्ती हेर्दा बगुवा गा.वि.स.का विभिन्न वडामा भ्रमण गरेर सङ्कलन गरिएको निम्न १६ वटा लोककथाहरूको अभिप्रायलाई यहाँ शैली, घट्ना र विचारको कोणबाट हेर्दा प्रस्तुत तालिकाको आधारमा लिएर विश्लेषण गरिएको छ ।

| क्र.स. | कथाको शीर्षक | प्रस्तुति | घटना | विचार |
|---|---|---|---|---|
| १) | १.कानी आमा | १) कुनै एउटा गाउँबाट कथानक शुरू भएको हुनु ।<br>२) कथाको विषय वस्तु रेखीय र दुखान्तमा टुङ्गिएको पाइनु ।<br>३) शीर्षकले पुरै कथावस्तुको सार तत्त्व ओगटेको पाइनु | १) कथाको मुख्य पात्र बिर्खे सानोमा खेल्दा लडेर आँखा फुटाउनु र आमाले आफ्नो आँखा छोरालाई दिएर आफू कानी बन्नु<br>२) बिर्खे पढाइमा जेहन्दार हुनु उच्च शिक्षाको लागि सरकारी कोटामा विदेश जानु उही | १) देश, काल र परिस्थिति अनुरूप धन र विद्या दुवै हुनुपर्दछ ।<br>२) मातृप्रेम परम्परागत हुनु, तर पतिपत्नीको प्रेम स्वार्थी हुनु । |

| क्र.स. | कथाको शीर्षक | प्रस्तुति | घटना | विचार |
|---|---|---|---|---|
| | | | घरजम गरेर बस्नु ।<br>३) नेपाल आउँदा आमा भेट्ने इच्छा गर्नु तर आमाको मृत्यु भइसक्नु । | |
| २) | ब्राह्मणको कथा | १) कुनै देशमा भनेझैं कथा शुरूभएको ।<br>२) रेखीय शैलीमा कथाको बहाव अघि बढेको ।<br>३) सबै मान्छे मान्छे हुन नसकेको । आफ्नो परिवारका सदस्य र आफूलाई कुकुर, विरालो, सर्प र मुसालाई देखेर मान्छे नभएकैले झगडा भएको पत्तो पाउनु | १) ब्राह्मणको घरमा गृहप्रशासनमा झगडा भएको र सबैले आ-आफ्नै नेतृत्व हुनु पर्ने दाबी गरेको ।<br>२) ब्राह्मण घर मिलाउन नसकी जङ्गल पसेका ।<br>३) कलहको करण गिद्धेनीको प्वाँखले पत्ता लगाएको ।<br>४) शान्तिको चाहना गरिएको । | १) घर झगडाको कारण सम्पत्ति हो ।<br>२) अलौकिक घट्नाबाट पनि व्यवहारिक शिक्षा प्राप्त हुन्छ ।<br>३) असल कार्यले प्रसिद्धि कमाउनु पर्छ ।<br>४) शान्तिको निम्ति धन पारिवारिक माया, ममता अवरोधक बन्ने । |
| ३) | जुक्तिको जीत | १) एका देशमा भनेर कथा शुरू गरिएको ।<br>२) रेखिय शैलीमा कथा अघि बढेको ।<br>३) आफू भन्दा सानासँग पनि काम लाग्ने अर्ति र उपदेश हुन्छ भन्ने धारणा राखिएको<br>४) घमण्डले आफैलाई नोक्सान पुऱ्याउँछ भन्ने भाव प्रस्तुत भएको । | १) जङ्गली विद्वान् र घर पण्डितको भेट हुनु<br>२) उनीहरूमा विद्वत्ताको घमण्ड देखिनु र त्यो घमण्ड एक सामान्य गोठालो पात्रद्वारा चूर्ण हुनु ।<br>३) जुक्तिपूर्वक ह, फ, क, को अर्थ लगाउनु ।<br>४) परिणाम सोचे भन्दा | १) अनावश्यक घमण्ड गर्ने हरूले दुःख पाउँछन् ।<br>२) अर्ति, बुद्धि र जुक्ति आफू भन्दा साना मान्छेसँग पनि हुन्छ ।<br>३) अप्ठ्यारोमा सवैको मद्दत जरूरी हुन्छ ।<br>४) कहिलेकहीं सोचेको नपुग्न पनि सक्छ । |

| क्र.स. | कथाको शीर्षक | प्रस्तुति | घटना | विचार |
|---|---|---|---|---|
| | | | फरक निस्कनु । | |
| ४) | लोभको परिणाम | १) कुनै एउटा गाँउमा भनेर कथा शुरू गरिएको ।<br>२) रेखीय शैलीमा कथा अघि वढेको<br>३) देवताको पूजा अर्चनाले आफ्नो काम सफल हुने धारणा राखिएको<br>४) लोभले पापको भावना जागृत गरेको ।<br>५) पात्रका रूपमा सर्पलाई छानिएको ।<br>६) नकरात्मक बुद्धिले आफ्नै अन्त्य भएको । | १) किसान आफ्नो बाली राम्रो नहुँदा देवतामाथि विश्वास गरी सर्पको पूजा गर्न थाल्नु<br>२) सर्पले पनि सुनको सिक्का दिनु ।<br>३) दूध ख्वाएर सर्पको पूजा गर्नु ।<br>४) एकैचोटि धनीको लोभले सर्प माथि प्रहार गर्नु र सर्प द्वारानै टोकिएर किसान मर्नु<br>५) धनी बन्ने खोज्ने किसान आफै सर्पको टोकाइबाट मर्नु । | १) मानिस असन्तोषी प्राणी हो ।<br>२) एउटा सफलताले मानिसलाई अर्को सफलता प्राप्तिको निम्ति प्रयत्नशील बनाउँछ ।<br>३) लोभले अपराधी मानिसकता जन्माउन सक्छ ।<br>४) लोभले लाभ र लाभले विलापको स्थितिमा मानिस पुग्छ ।<br>५) अनावश्यक लोभ गर्नु राम्रो होइन त्यसैले आफूसँग भएकैमा चित्त बुझाउनु पर्छ । |
| ५) | प्यारी | १) द्वापर युगको कुरा भनेर कथा प्रस्तुत भएको छ ।<br>२) रेखीय शैलीमा कथा अघि बढेको छ ।<br>३) आफ्नो मान्छेलाई अरूले आफूले झैं सम्वोधन गर्दा मन नपर्ने भाव देखाइएको छ ।<br>४) बुद्धि नपुऱ्याउँदा लखेटिनु परेको । | १) बुढाको घरमा पाहुना आउनु र अर्काको खर्च नखाने हुनु ।<br>२) खर्च दिनको लागि बुढाकी श्रीमतीलाई बुढाले भने झैं प्यारी भनेर बोलाउनु ।<br>३) बुढा रिसाउदै मेरो प्यारी तेरो हो र ? भन्दै घरबाट | १) देश, काल, परिस्थिति अनुरूप काम नगर्दा दुःख पाइन्छ ।<br>२) मान्छे स्वाभिमानता माथिको प्रहार खप्न सक्दैन ।<br>३) नबुझी बोल्नु र सुनिएर मोटाउनु उस्तै कुरा हो ।<br>४) प्याच्च बोल्ने, थ्याच्च वस्ने र क्वाप्प खाने बानी राम्रो होइन |

| क्र.स. | कथाको शीर्षक | प्रस्तुति | घटना | विचार |
|---|---|---|---|---|
| | | | लखेट्नु<br>४) नबुझ्दा धेरै दुख पाउनु । | |
| ६) | मुसेभाइ | ब) एकादेशमा बाट कथा शुरू भएको ।<br>२) कथा रेखीयशैलीबाट अघि बढेको ।<br>३) शीर्षकमानै पात्रको नाम उल्लेख भएको ।<br>४) नसोचेको मान्छेबाट पनि जीवनदान दिने जस्तो उत्कृष्ट काम भएको ।<br>५) शरीरलाई भन्दा चुतऱ्याँइलाई महत्व दिइएको । | १) मुसाको रूपमा जन्मिएको कान्छो भाइ आँफू सुहाउँदो नभएर तीर्थ जान रोकिनु ।<br>२) बाटोमा अप्ठ्यारो पर्दा मुसेभाइको सम्झना हुनु ।<br>३) लुकेर बसेको मुसेभाइले दाजुहरूलाई मर्नबाट बचाउनु । | १) मान्छे राम्रो को पछि लाग्छन् ।<br>२) शारीरिक रूपमा सानो हुँदैमा मान्छे बौद्धिक रूपमा कमजोर हुदैन ।<br>३) परेको बेला विश्वासै नगरेको मान्छे बाट पनि उत्कृष्ट सहयोग मिल्न सक्छ ।<br>४) कसैलाई पनि उपेक्षा गर्नु राम्रो होइन । |
| ७) | वैगुनी | १) परापूर्व कालमा भनेर कथाको सुरूवात<br>२) रेखीय शैलीमा कथाको बहाव<br>३) वैगुनी चरित्रको प्रदर्शन<br>४) हास्यास्पद अभिव्यक्ति ।<br>५) सम्मान लिने र अपमान गर्ने प्रवृत्तिको प्रस्तुति | १) घर छाडेर नहिडेको मान्छेले एक पटक घरबाट वाहिर जाँदा निकै माया पाउनु ।<br>२) छोरा ठानेर माया गर्ने मान्छेलाई बाबुकी कान्छी श्रीमती जस्तो मानेर उपहास गर्नु<br>३) अपमानजनक शब्द बोलेकोले त्यस्तो माया जीवनमा फेरि नपाउनु<br>४) पश्चतापले जल्नु | १) युवकहरूमा प्रायः उरन्ठ्याउलोपन देखिन्छ ।<br>२) अल्पबुद्धिको परिणाम राम्रो निस्कदैन ।<br>३) बोल्न नजान्दा पश्चतापमा पर्नुपर्छ<br>४) गुनको बदला अवगुणले तिर्नु राम्रो होइन ।<br>५) गुण चिन्ने मान्छे मात्र सर्वत्र पूज्य हुन्छ । |

| क्र.स. | कथाको शीर्षक | प्रस्तुति | घटना | विचार |
|---|---|---|---|---|
| ८) | असल साथी | १) एकादेशमा .. भन्दै परम्परागत शैलीमा कथा वस्तुको उठान् ।<br>२) रेखीय शैलीमा कथाको बहाव ।<br>३) मानवेतर पात्रहरूको बिचमा अभिन्न मित्रता<br>४) अतिशयोक्तिपूर्ण अभिव्यक्ति ।<br>५) मित्रताको अन्त्यसँगै आफ्नो जीवन त्यागमा पुगेर कथाको अन्त्य । | १) बाघको डमरु र गाईको बाच्छा बिच असल मित्रताको विकास भएको ।<br>२) बघिनीले गाईलाई खाएपछि त्यसको बदलामा डमरूले आफ्नी आमा लाई इनारमा खसाएर मारी प्रतिसोध लिएको ।<br>३) आफ्नै आमा भन्दा पनि साथी ठूलो हुने उदाहरण दिएर असल साथीको परिचय दिएको । | १) मानिसले गाँस छोड्छ तर साथ छोड्न सक्दैन<br>२) असल मित्रको पहिचान दुखमा हुन्छ ।<br>३) मानवेतर पात्रहरूको पनि मानवीय मित्रता जस्तै मित्रता कायम हुनसक्छ ।<br>४) अलौकिक घटनाबाट पनि व्यवहारिक शिक्षा प्राप्त गर्न सकिन्छ । |
| ९) | काग र बकुल्लाको कथा | १) परम्परागत शैलीमा कथाको सुरूवात ।<br>२) कथालाई रेखीय शैलीमा प्रस्तुत गरिएको ।<br>३) मानवेतर पात्रहरूको प्रयोग गरिएको ।<br>४) लौकिक पात्रहरूले अतिशयोक्तिपूर्ण क्रियाकलापमा भाग लिएको ।<br>५) शीर्षकलाई सार्थक बनाउने कार्य भएको । | १) कागले वकुल्लाको गुँडमा गई जम्मै फुल आफ्नो गुँडमा र आफ्नो फुल बकुल्लाको गुँडमा सा¥यो ।<br>२) बकुल्लाले कालो बच्चा पाएको हुँदा कागले फुल चोरेको शङ्का गरी अदालतमा मुद्दा हाल्यो ।<br>३) घुस्याहा न्यायाधीशले उल्टै कागको पक्षमा मुद्दा | १) समाजमा बाठाहरूले सोझाहरूलाई सदैव अन्याय र थिचोमिचो गरिराख्न उद्यत् हुन्छन् ।<br>२) न्यायपूर्ण समाजको स्थापना नभए सबैले दु:ख झेल्नुपर्दछ ।<br>३) परिवारको इच्छा पुरा गर्ने नाममा सामाजिक मर्यादालाई कहिल्यै नाघ्न हुँदैन ।<br>४) असम्भव कुराको प्राप्ति गर्ने अभिलाषा नै खराब प्रवृत्ति हो । |

| क्र.स. | कथाको शीर्षक | प्रस्तुति | घटना | विचार |
|---|---|---|---|---|
| | | | फैसला गरे ।<br>४) घुस खाएर कालोको सेतो भन्नेहरू उपर कागको माध्यमबाट गरिएको तीखो प्रहार गरिएको । | |
| १०) | लाटाको कथा | १) पुरानो शैलीमा कथाको सुरूवात भएको ।<br>२) रेखीय शैलीमा कथा अघि बढेको ।<br>३) पात्रहरूको संवादमा राम्ररी ख्याल राखिएको ।<br>४) बुद्धिलाई भन्दा बल र लठेब्रोपनलाई स्थान दिइएको ।<br>५) शीर्षकलाई सार्थक बनाउने कार्य भएको । | १) कुनै गाउँमा एकजना लाटा बस्नु ।<br>२) आमाले अराएको कामलाई विपरीत तरिकाले सम्पन्न गर्नु ।<br>३) आफ्नो घरको सर्वनाश पार्नु ।<br>४) घर छोडेर हिडे पछि धेरैको कटाइ खाएर रूँदै बाँकी दिन बिताउनु ।<br>५) वियोगमा पुगेर टुङ्गिनु । | १) बौद्धिक अपाङ्गहरू सधै सबै काममा असफल हुन्छन् ।<br>२) लाटाहरूमाथि पुरै विश्वास गर्नु कमजोरी हुन्छ ।<br>३) एकपटक धोका खाएको मान्छे पुनः सचेत हुनुपर्दछ ।<br>४) पहिले काम विगार्ने र पछि रूने प्रवृत्ति उचित हुँदैन । |

| क्र.स. | कथाको शीर्षक | प्रस्तुति | घटना | विचार |
|---|---|---|---|---|
| ११ | स्वार्थी मान्छे | १) परम्परागत शैलीबाट कथा लेखिएको ।<br>२) सहज र सरल भाषाको प्रयोग गरी रेखिय शैलीमा कथा लेखिएको ।<br>३) साङ्केतिक विषय वस्तुको आधारमा यथार्थलाई प्रस्ट्याइएको ।<br>४) विषयवस्तुले कथा शीर्षकलाई पुष्टि गरेको । | १)छोराछोरी पढाएर आफ्नो भविष्य उज्ज्वल बनाउने सपना बाबु आमाले देख्नु ।<br>२) छोराछोरीको बाबुआमाप्रतिको माया आफ्नो व्यक्तिगत परिवारमा सर्नु<br>३) दुनियाँको यस्तै स्वार्थी नियत देखापर्नु । | १) आफू ताक्छ मुढो बन्चरो ताक्छ घुडो ।<br>२) निश्वार्थ माया गर्ने बावु आमा कहिल्यै सानो ठान्नु हुँदैन ।<br>३) कसैमाथि शङ्का गरिन्छ भने त्यसको छिट्टै निरूपण हुनु पर्ने<br>४) बुहारीले घरमा समन्वयकारी भूमिका निर्वाह गर्नु पर्ने ।<br>५) परिवारमा छोराको प्रमुख दायित्व र जिम्मेवारी हुने । |
| ३) | छैटीको भावी | १) एकादेश.......भनेर पुरानो शैलीमा कथा लेखिएको ।<br>२) सहज र सरल भाषाशैलीको प्रयोग गरी कथा लेखिएको<br>३) संवादको बढी प्रयोग<br>४) बालक जन्मेको छेटौं दिनमा भावीले भाग्यमा लेख्ने कुरामा विश्वास गरिएको<br>५) पूर्वजन्म र पूर्नजन्म वारे कुरा गरी सत्कर्म गर्न प्रेरित गरिएको<br>६) शीर्षकलाई सार्थक बनाइएको | १) सधै आमाले आफूलाई एक्लै छाडेर रातमा हिड्नाको कारण छोराले सोध्नु<br>२) छैटौं दिनमा बच्चाको भाग्य लेखेर हिडेको थाहा भएपछि आफ्नो भाग्यमा लेखिएको कुरा सोध्नु ।<br>३) छोरीसँग बिहे हुने कुरा लेखिएको थाहा पाएपछि छोरा अत्यन्त सजग र चनाखो | १)हुने कुरा भएरै छाड्ने<br>२) मानिसले भाग्यमा लेखिएदेखि वाहेक केही पाउँदैन ।<br>३) घटनाको पूर्व सङ्केतले मानिस चनाखो हुन्छ<br>४) विधिको विधान कसैले उलङ्घन गर्न सक्दैन । |

| क्र.स. | कथाको शीर्षक | प्रस्तुति | घटना | विचार |
|---|---|---|---|---|
| | | | रहनु<br>४) संयोगले आफैले जन्माएर फालेकी छोरीसँग चिना मिलेर विहे हुनु<br>५) विधाताको लिला अपरम्पार | |
| १४) | तीन वित्ते | १) एकादेशमा.........भनेर पुरानो शैलीमा कथा लेखिएको<br>२) रेखिय शैलीमा कथानक अघि बढेको<br>३) मानिस अनुभवले पाको हुन्छ भन्ने देखाइएको<br>४) मुख्य पात्रका रूपमा तीन वित्ते र सहायक पात्रका रूपमा पाहुनालाई प्रस्तुत गरिएको<br>५) सवै वस्तु मूल्यवान् हुन्छन् भन्ने देखाइएको | १) छोरा प्राप्तिको चाहनाले कान्छी श्रीमती विहे गर्नु र कान्छीले तिनबित्ते छोरा जन्माउनु<br>२) शारीरिक अपाङ्गता भएको तिनबित्तेलाई परिवारले उपेक्षा गर्नु<br>३) घरमा आएको पाहुनाले एक लाख रूपियाँमा तिनबित्तेलाई किन्नु<br>४) तिनबित्तेलाई राजाका अघि देखाई करोडौं रूपैयाँको मालिक वन्न पाहुना सफल हुनु | १) अनौठो चीज वहुमूल्य हुन्छ<br>२) अलौकिक घटनाबाट पनि व्यावहारिक शिक्षा प्राप्त गर्न सकिन्छ<br>३) अपाङ्गताको कदर गर्नुपर्ने सन्देश<br>४) संसारका सबै चीजको आआफ्नै विशेषता हुने सङ्केत |

| क्र.स. | कथाको शीर्षक | प्रस्तुति | घटना | विचार |
|---|---|---|---|---|
| १५) | पहरामा कुहिनो ठोकिएको कथा | १) परम्परागत शैलीबाट कथाको सुरूवात भएको<br>२) रेखीय शैली र सरल भाषाको प्रयोग गरिएको<br>३) संवादको प्रयोग भएको<br>४) सांकेतिक विषयवस्तुको आधारमा यथार्थलाई प्रस्ट्याइएको<br>५) विषयवस्तुले कथा शीर्षकलाई पुष्टि गरेको | १)ठुलो घरमा छोरीको विवाह हुनु<br>२) कर्कसी सासू, अदूरदर्शी ससुरा र निमुखा लोग्ने बाट छोरीले सास्ती खानु<br>३) छोरी लिन वूढा छारीको घर पुग्नु<br>४) छोरी ल्याउन नपाउँदा रित्तै फर्कनु ।<br>५) बाटोमा कुहिनो ठोकिदा बुढा फर्किएर पुनः छोरी लिएरै घर फर्कनु । | १) बूढापाका परम्परावादी हुन्छन् ।<br>२) बावुले हेर्छन् घरान छोरीको परान ।<br>३) महिला नै महिलाको शत्रु हुन्छन् ।<br>४) सोझाकी स्वास्नी सवैकी भाउजू ।<br>५) छोरी र बुहारीलाई छुट्टै आँखाले हेर्ने चलन छ । |
| १६) | स्वर्ग जाने रहर | १) एकादेशमा भनेर परम्परागत शैलीबाट कथावस्तुको सुरूवात<br>२) कथालाई रेखीय शैलीमा प्रस्तुत गरिएको<br>३) बल र धूर्त्याइँलाई भन्दा सेवाभावलाई महत्त्व दिइएको पाईन्छ ।<br>४) मानिसको वास्तविक इर्ष्यालु प्रवृति दर्शाइएको ।<br>५) सेवा गर्ने भन्दा अर्कोको देखासिकी गर्ने प्रवृति प्रस्तुत गरिएको । | १) धर्मात्माले धर्मको खातिर पोखरी खन्नु<br>२) धर्म गर्ने मान्छे खोज्न स्वर्गका राजाले गाईलाई पठाउनु ।<br>६) गाईले धर्मात्माले बनाएको पोखरी भत्काउन थाल्नु । यो देखेर धर्मात्मा रिसले गाईको पुच्छरमा झुन्डिनु त्यही मौकामा | १) धर्मात्माले नचाहे पनि स्वर्ग पुग्छन्  तर व्यक्तिगत स्वार्थमा मात्र लिप्त हुने मान्छे चाहेर पनि स्वर्ग पुग्दैन नर्क पुग्छ ।<br>२) सेवाभावको कार्यले मानिसलाई प्रतिष्ठित बनाउँछ ।<br>३) सेवा गरे मेवा मिल्छ ।<br>४) लोभले लाभ र लाभले विलापको स्थितिमा पुऱ्याउँछ ।<br>५) सचेतका साथ काम |

| क.स. | कथाको शीर्षक | प्रस्तुति | घटना | विचार |
|---|---|---|---|---|
| | | | गाई उडेर स्वर्ग पुग्नु । ७) यो देखेर गाँउका अरू मान्छे स्वर्ग जाने इच्छा गरेर गाईको पुच्छरमा झुन्डिनु । ५) गाईको पुच्छर समातेर एक आपसमा हाउभाउ सहित गफ गर्दा फुत्किएर भुइँमा पछारिएर मर्नु । | नगरेका असफल भईने सन्देश । ६) पद, प्रतिष्ठा , धन प्राप्तिको लागि सामाजिक काम गर्नु पर्छ । |

## ४.३ पात्र र चरित्रका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

कथानक पछि हरेक लोककथामा पात्रहरूको भूमिका महत्वपूर्ण रहेको पाईन्छ । प्रकृतिका हरेक मानव, मानवेतर, प्राणी, जड र वस्तु समेत लोककथाका पात्र बन्न सक्छन् । अर्थात मानिस, पशुपन्छी, विभिन्न जीवजन्तु, देवी देवता, जस्ता पात्रहरू सबैले मानववत, भाषा बोल्दछन् । लोककथामा कुनै वस्तु पात्र हुन सक्छ कुनै पदार्थ पात्र हुन सक्दैन भन्ने खालको कुनै छेकबार हुँदैन । समग्र रूपमा हेर्दा वा सामान्य रूपले विभाजन गर्दा लोककथाका पात्रहरू मानवीय र मानवेतर गरी दुई प्रकारका हुन्छन् ।

पात्रहरूमा नायकले सवै कुराको फल भोग्छ भने अन्य पात्रहरूले आआफ्नो स्तर अनुसार फल उपभोग गर्छन् । लोककथाका नायकहरू प्रायः आदर्शवादी, लडाकु र संघर्षशील हुन्छन् । थोरै पात्रहरू मात्र आर्दशका कारणले निरीह बनेका पाइन्छन् । यस्ता आदर्श नायकलाई सहयोग गर्ने सहयोगी पनि यिनीहरूकै नजिक हुन्छन् । प्रशस्त पात्रहरू प्रयोग भएका लोककथाहरूमा पनि आधुनिक कथा जस्तै चरित्र चित्रणको ज्यादै अभाव हुन्छ धेरै जसो लोककथामा उपस्थित भएका नायक तथा पात्रहरू व्यक्तिगत रूपमा देखा पर्दैनन् बरू समष्टिगत रूपमा तथा जातिगत रूपमा देखा पर्छन् । जस्तै : गाई, बाहुन,

पण्डित.......जस्ता चरित्रहरू बढी देखा पर्छन् । कतैकतै राजा राजकुमारी जस्ता पात्रहरूको रूप वर्णनमा समय र शब्द खर्च गरिएको हुन्छ । ठाउँठाउँमा पशु तथा पंक्षीलाई दूतको रूपमा पनि प्रयोग गरेको पाइन्छ ।

बगुवाको सेरोफेरोमा प्रचलित लोककथाहरूमा समाविष्ट गरिएका पात्रहरू पनि उस्तै नभई अनेक प्रकारका छन् । उनीहरूले गरेका कार्य वा कथाभित्र देखाएको व्यवहारको आधारमा हेर्दा विभिन्न आधारमा छुट्टयाइएको हेर्न सकिन्छ । तीमध्ये यस क्षेत्रमा प्रचलित लोककथाका पात्रहरूलाई यसरी हेर्ने जमर्को गरिएको छ ।

## कार्यका आधारमा

एउटा लोककथामा कुनै पात्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भने कुनै पात्रले सामान्य भूमिका निर्वाह गरेर कथा वस्तुलाई सहयोग पुऱ्याएको हुन्छ । कुनै पात्रको भूमिका खासै महत्त्व दिने खालको नहुन पनि सक्छ । त्यसैले यस भेकमा प्रचलित लोककथाका पात्रहरूलाई मुख्य पात्र, सहायक पात्र र गौण पात्र गरी तिन भागमा विभाजन गरेर चर्चा गरिने छ ।

**कथा सङ्ख्या १**

**शीर्षक - कानी आमा**

**मुख्य पात्र**

यस कथाकी मुख्य पात्र मनमाया हो । यी पात्र आफ्नो छोराको भविष्यमाथि पूर्ण जिम्मेवार देखिन्छिन् । छोरो दुर्घटनामा परेर आँखा फुटाउँदा उनले आफ्नो आँखा दिएर छोरालाई कानो हुनबाट जोगाउँछिन । छोरालाई हुर्काउँछिन्, पढाउँछिन् र छोराको सुखमा खुसी हुन्छिन् । विदेश पढ्न गएको छोरालाई भेट्न जान्छिन् र उसको वास्तविक जीवनबारे थाहा पाई पूर्ण सन्तुष्टि लिएर नेपाल फर्कन्छिन् । छोराको सबै सुख हेरेकी मनमायाको जीवन लिला यसरी समाप्त हुन्छ ।

यसरी सरसर्ती हेर्दा यस कथाकी नायिका वा मुख्य पात्र मनमाया आफ्नो कर्मक्षेत्रमा निपुण, योग्य र सक्षम नारी पात्र हुन् ।

**सहायक पात्र**

यस लोककथाको सहायक पात्रको रूपमा कानीआमा मनमायाको छोरो बिर्खे पर्न आउँछ । ऊ सुरूका दिनमा असल र लगनशील भए पनि आमाकानी भएकीले आमासँग टाढा हुन मन पराउँछ भने उच्च शिक्षाका लागि विदेश गए पछि त चटक्कै भुल्न पुग्छ ।

नेपाल आउने सन्दर्भमा आमालाई सम्झन पुगेको बिर्खे आमालाई भेट गर्न जाँदा छिमेकीबाट आमाले आफ्नो आँखा मलाई दिएर पो कानी भएकी रहिछन् भन्ने थाहा पाउँछ, त्यतिवेलासम्म आमाको मृत्यु भैसकेको हुन्छ र ऊ छाती पिटीपिटी रुन्छ । तसर्थ यस लोककथाको सहायक पात्र सोझो, एकोहोरो र बेला बितेपछि पछुताउने खालको देखिन्छ ।

**गौण पात्र**

यस कथाभित्र गौण पात्रका रूपमा मनमायाको छिमेकीलाई लिन सकिन्छ । कथावस्तुलाई बिट मार्ने क्रममा देखा पर्नु बाहेक उनीहरूको खासै भूमिका रहेको पाइँदैन ।

**कथा. सङ्ख्या २**

**शीर्षक - ब्राह्मणको कथा**

**मुख्य पात्र**

यस कथाको मुख्य पात्र ब्राह्मण हुन् । उनी गृह प्रशासनको विषयमा भएको कलहले घर छोडेर जङ्गल पसेका छन् । उनको उद्देश्य शान्तिको खोजी गर्नु थियो । गन्धमाधन पर्वतमा रहेको गिद्धसँग कुराकानी गर्दा मेरी बुढीले तिमीलाई शान्ति दिन सक्छे भनी गिद्धले भनेपछि गिद्धेनी भएको ठाउँमा पुगी उसले दिएको प्वाँखलाई चस्मा बनाएर कुरूक्षेत्रमा मरेका मानिस हेर्न गए तर उनले मान्छे नदेखी खच्चड, कुकुर, गधा देख्न पुगे । यसरी गिद्धेनी कै सल्लाह वमोजिम आफ्नो परिवारका बुढी, छोरा, बुहारीलाई पनि उनले त्यही चस्माले हेरे । यसरी हेर्दा उनले सर्प, मुसो र कुकुर देखेर आफ्नै परिवार मान्छे होइन रहेछ भन्ने बुझी शान्ति प्राप्त गर्न उनी तपस्यारत भए । यसरी मुख्य पात्र ब्राह्मण वास्तविक जीवनको रहस्य बुझ्दछन् ।

**सहायक पात्र**

यस कथाभित्र सहायक पात्रको रूपमा गिद्धेनी देखिन्छे । उसले ब्राह्मणको शान्तिको खोजी र घर झगडाको कारण पत्ता लगाइ दिएकी छ जसका कारण ब्राह्मण तपस्यारत रहेर शान्ति प्राप्त गर्ने लक्ष्यमा पुगेका छन् । सहायक पात्र गिद्धेनीको भूमिका पनि उच्च देखिन्छ ।

**गौण पात्र**

यस कथाका गौण पात्रका रूपमा ब्राह्मणको पत्नी, छोरा र बुहारी पर्दछन् । कलहले घरलाई अशान्त बनाउने क्रममा कथामा उनीहरूको उपस्थिति भएको छ । उनीहरूका कारण घरमूलीले घर छोडेका छन् । त्यति सानो गृहको नेतृत्व लिने क्रममा भएको झगडाले वियोगान्तको रूप लिएको छ ।

**कथा.सङ्ख्या ३**

**शीर्षक - जुक्तिको जित**

**मुख्य पात्र**

यस कथाका मुख्य पात्र जङ्गली पण्डित देखिन्छन् । उनले आफूसँग भएको विद्वत्ताको घमण्डले घर पण्डितलाई सर्तसहित प्रश्न सोध्छन् र सर्तमा हारेका घर पण्डितलाई दास वनाउन घरतर्फ लिएर जान्छन् अन्तत शत्रुलाई भनी खनेको खाल्डोमा आफैं परेर घर पण्डितको दास भई बस्न पो उनी बाध्य हुन्छन् । यसरी बढ्ता बठ्याइँ पनि घातक सिद्ध हुन्छ ।

**सहायक पात्र**

यस कथाभित्र सहायक पात्र घर पण्डितको घरको गोठालो हो । उसको अक्कल र जुक्तिले आफ्नो मालिकलाई घर फर्काउन ऊ सफल भएको छ । साथै आफ्नो प्रश्नको उत्तर दिन नसक्ने जङ्गली पण्डितलाई उल्टै आफ्नो मालिकको दास बनाउन सक्नु उसको चातुर्यपूर्ण जुक्तिको परिणाम हो । यसरी यस कथाको सहायक पात्र विद्धताको घमण्ड तोड्न सफल देखिन्छ ।

**गौण पात्र**

यस कथाका गौण पात्र घर पण्डित हुन् । कथामा उनको उपस्थिति जङ्गली पण्डितको प्रश्नमा सहभागी हुन् र गोठालाले घर फर्काउदा फर्केर आउनु बाहेक अरू खासै भूमिका देखिदैन ।

**कथा. सङ्ख्या ४**

**शीर्षक - लोभको परिणाम**

**मुख्य पात्र**

यस कथाका मुख्य पात्र किसान हो । ऊ अत्यन्त मेहनती र परिश्रमी व्यक्ति हो । मेहनत गरी खेतीवाली लगाउँदा पनि उत्पादन भनेजस्तो गर्न नसक्नाले दुःखी भएको किसान सर्पको पूजा अर्चनाबाट सुनको सिक्का पाएर धनाढ्य हुन्छ तर लोभका कारण सर्प मार्न लाग्दा सर्पले टोकी मर्न पुग्छ । त्यसैले एकैचोटि धनी बन्न खोज्ने किसान पापिष्ट मानसिकताको चरित्र हो र उसले कर्म अनुरूप फल भोगेको छ ।

**सहायक पात्र**

यस कथाभित्र आफ्नो भूमिका निर्वाह गरेर कथावस्तुलाई अगाडि वढाउन सहयोग पुऱ्याउने पात्रको रूपमा सर्पलाई लिन सकिन्छ । उसले जस्तालाई त्यस्तै गरेर देखाइदिएको छ । तसर्थ यस कथाको सहायक पात्र मानवेतर भएर पनि मान्छेले जस्तै भूमिका निर्वाह गर्न सफल छ ।

**गौण पात्र**

यस लोककथामा गौण पात्रको उपस्थिति छैन ।

**कथा सङ्ख्या ५**

**शीर्षक - प्यारी**

**मुख्य पात्र**

यस कथाको मुख्य पात्रको रूपमा बुढाको घरमा आएको पाहुनालाई लिन सकिन्छ । त्यो पाहुना बेला, परिस्थिति र मान्छेको मनोभावना विचार गर्ने खालको छैन । एक श्रीमान्ले आफ्नो श्रीमतीलाई गरेको सम्बोधन नै वास्तविक नाम ठानेर कम बुद्धि भएको व्यक्तिका रूपमा उसले आफ्नो परिचय दिएको छ । सामान्य कुरालाई बुझ्न नसक्ने पाहुना आफ्नै कारणले बास बस्न पुगेको घरबाट लखेटिएर कम पढेको र असामाजिक मान्छेको रूपमा देखा परेको छ ।

**सहायक पात्र**

यस कथाका सहायक पात्रका रूपमा बुढालाई लिन सकिन्छ । घरमा आएको पाहुनालाई बास दिनु भन्ने कुरामा विश्वास राख्ने बुढा आफूले आफ्नो श्रीमतीलाई प्यार गरेर प्रयोग गरको प्यारी शब्दको दुरूपयोग गर्ने पाहुनालाई घरबाट लखेट्न बाध्य भएको छ । यसरी हेर्दा यस कथाका सहायक पात्र आफ्नो अहङ्कारमा कसैले चोट दिंदा सहन नसक्ने व्यक्तिको रूपमा देखापर्दछन् ।

**गौण पात्र**

यस कथाभित्र गौण पात्रको रूपमा बुढी देखिएकी छ । कथालाई अघि बढाउने क्रममा बुढाको आज्ञा पालना गर्नु बाहेक उनको खासै भूमिका देखिदैन ।

**कथा सङ्ख्या ६**

**शीर्षक - मुसेभाइ**

**मुख्य पात्र**

यस कथालाई सुरूदेखि अन्त्यसम्म अध्ययन गर्दा मुख्यपात्रका रूपमा मुसेभाइलाई लिन सकिन्छ । ऊ शरीरमा मुसा जस्तो भए पनि निकै जान्नेसुन्ने र घुमफिर गर्न मन पराउने स्वभावको थियो । एक पटक परिवारका सबै सदस्य आँफूलाई मात्र घर छाडेर तीर्थ जाने कुराले चिन्तित मुसेभाइ कसैले नदेख्ने गरी पछि लाग्छ । बाटोमा मेवा टिप्न नसक्दा मुसेभाइ सम्झन्छ र उसले पाकेको मेवा टिपेर टन्न ख्वाउँछ । तर पनि सँगै जाने अनुमति मिल्दैन र पुनः पछि लाग्छ । बाटोमा एक घरमा उनीहरू बास बस्छन् । त्यस घरको बुढी बोक्सी रहिछे र उसले ती सबैको त्यो रात मुटुकलेजो झिकेर खाने सल्लाह गरिछे । यो कुरा गाह्रोमा बसेको मुसेभाइले थाहा पाई दाजुहरूलाई निन्द्राबाट बिउँझाएर जीवन बचाउन सफल भएको छ । त्यसैले यस कथाको मुख्य पात्र परिवारप्रति जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न सफल छ ।

**सहायक पात्र**

यस कथाको सहायक पात्रको रूपमा मुसेभाइको छ भाइ दाजुहरू देखिन्छन् । भाइलाई घर छाडेर तीर्थजाने निर्णयमा पुगेका उनीहरूले भाइ एक्लै घर बस्दा कति चित्त दुखाउला ? भन्ने कुराको वास्तै राखेका छैनन् र यो पनि सोचेका छैनन्, बाटोमा जाँदा मुसेभाइको आवश्यकता पर्न पनि सक्छ । यसरी हेर्दा सहायक पात्रहरू सोझा र एकोहोरा मात्र देखिन्छन् । खासै उनीहरूसँग चतुऱ्याइँ र बठ्याइँ देखिदैन र सबै मान्छेमाथि विश्वास गर्ने प्रवृत्ति देखिन्छ ।

**गौण पात्र**

यस कथाको गौण पात्रको रूपमा बोक्सी बुढीलाई लिइन्छ । उसको परिवारसँग गरेको सल्लाह मुसेभाइले थाहा पाए पछि योजना भत्किएको छ । यसबाहेक अन्य भूमिका उसको देखिंदैन ।

**कथा सङ्ख्या ७**

**शीर्षक - बैगुनी**

**मुख्य पात्र**

यस कथाको मुख्य पात्र काठमाडौं जान हिडेको युवक हो ऊ बाटोमा बास बस्दै हिंड्दै गरेको छ । तेस्रो दिनको बासमा उसले असाध्यै अतिथि सत्कार गर्ने घरमा बास पाउँछ । यथाशक्य सत्कार प्राप्त गरेको युवकले छुट्टिने बेलामा आमालाई त मैले बाबुको कान्छी स्वास्नी जस्तै ठाने भनेर गुणको वदलामा अपमानजक शब्द प्रहार गरेको छ । यो सुनेका बुढाले नराम्ररी गाली गरेर पठाउँदा ऊ आफ्नो बोलीसँग पछुताउँदै बाटो लाग्न पुग्छ । यसरी हेर्दा युवक पढ्लेख नभएको पिछडिएको गाउँले र सभ्यताबाट निकै पछि परेको देखिन्छ ।

**सहायक पात्र**

यस कथा भित्र सहायक पात्रको रूपमा बुढी देखिन्छिन् । उनले घरमा आएका पाहुनालाई यथाशक्य सत्कार गर्नु पर्छ भन्ने संस्कार पाएकी छिन् । त्यसैले उनी आफू भुईमा सुतेर युवकलाई आरामदायी बिछयौनामा सुत्ने व्यवस्था मिलाएकी छिन । त्यति विधी सम्मान गरेको युवकबाट त्यस्तो अप्रिय वचन सुन्दा उनले साह्रै चित्त दुखाएर बुढालाई दुखेसो पोखेकी छिन् । यसरी उनी असल, सोझी, अतिथितिलाई देवता सम्झने प्रवृत्तिको पात्रको रूपमा देखा पर्छिन् ।

**गौण पात्र**

यस कथामा गौण पात्रको रूपमा बुढा देखिन्छन् । बुढीलाई अप्रिय बचन बोल्ने युवकलाई अब कहिल्यै नआउनु भनी पठाउनु बाहेक अरू खासै उनको भूमिका छैन ।

**कथा सङ्ख्या ८**

**शीर्षक - असल साथी**

**मुख्य पात्र**

यस कथाको मुख्य पात्र बघिनी को बच्चा डमरुलाई लिईन्छ । ऊ आफ्नो साथीको निम्ति जुनसुकै काम गर्न पनि तयार छ । गाईको बाच्छोसँग उसको घनिष्ट मित्रता छ । सर्त बमोजिम बाच्छो जन्माएपछि बघिनीले गाईलाई खाएको कुरा थाहा पाएर डमरुले आफ्नी आमालाई इनारमा खसाली मारिदिन्छ । त्यसपछि तँ झन बाच्छो र डमरुको बिचमा मित्रता बढ्न थाल्छ । यति कि एक बिना अर्को बाच्दैनन् । एकदिन कुटेर मारिएको

बाच्छोसँगै जलेर डमरु मर्नुले यस कुराको पुष्टि गर्दछ । त्यसैले यस कथामा डमरुले असल मित्रको असल भूमिका पुरा गरेको छ । यसरी डमरुको चरित्रलाई सरसती हेर्दा असल, इमान्दार र आज्ञापालक पात्रको रूपमा देखिन आउँछ ।

**सहायक पात्र**

यस कथाभित्र सहायक पात्रको रूपमा बाच्छो छ । उसले आफ्नो मित्रसँग सबै दुखेसो पोखेको छ र घण्टी बजाएर मित्रको ममताको परीक्षण गरेको छ । पटक-पटक घण्टी बजाउँदा डमरुले नपत्याएर बाच्छो भएको ठाउँमा नआउँदा बिचरा बाच्छाको ज्यानै गएको छ । त्यसैले यस कथाको सहायक पात्र अज्ञानी र कमसोचको हुँदा दुःखद् परिस्थिति भित्रिएको छ ।

**गौण पात्र**

यस कथाको गौण पात्रको रूपमा बघिनी र गाईलाई लिइन्छ । कथालाई अघि बढाउने क्रममा उपस्थिति जनाउनु बाहेक खासै उनीहरूको भूमिका पाइदैन ।

**कथा सङ्ख्या ९**

**शीर्षक - काग र बकुल्लाको कथा**

**मुख्य पात्र**

यस कथाभित्र मुख्य पात्र कागलाई लिइन्छ । स्वास्नीको इच्छा पुरा गर्न बकुल्लाको फुल आफ्नो गुँडमा सार्ने काग कम चतुर देखिंदैन । बकुल्लाले अदालातमा मुद्दा हालेपछि मुद्दा जित्न न्यायाधीशलाई समेत प्रलोभनमा फसाउन ऊ सफल छ । ज्यादै वाठो काग आफूले मुद्दा जिते पछि न्यायाधीशको गलत फैसलाको कुरा देखाएर न्यायाधीशलाई उसले पानी पानी पारेको छ । यसरी हेर्दा काग निकै चतुर, स्वार्थी र बदमास चरित्रको रूपमा देखिन्छ ।

**सहायक पात्र**

यस कथाको सहायक पात्र न्यायाधीश हो । उनले आफ्नो न्यायिक कर्तव्यलाई भुलेर कागको प्रलोभनमा फसी न्यायको धज्जी उडाएका छन् । घुसखाने अपराधी मानसिकता उनको दखिन्छ । उनले रूपियाँ पैसा घुस लिनु भन्दा पनि मरिसकेको पितृको मुख देख्न पाइने कुरामा लोभिएर झुटो फैसला गरी जिताएका छन् । कागसँग उनको लज्जास्पद हार भएको छ । यसरी उनी घुस्याहा असम्भव कुराको पछि लाग्ने र न्यायको दुरूपयोग गर्ने पात्रको रूपमा परिचित छन् ।

**गौण पात्र**

यस कथाको गौण पात्र बकुल्ला हो । ऊ अत्यन्त सोझो हुनाको साथै कमजोर प्रवृत्तिको पात्र हो । फुल चोरिएको शङ्कामा अदालतमा नालिस दिए बाहेक अन्य भूमिकामा प्रस्तुत भएको छैन । ऊ ज्यादै सरल र कसैसँग दुस्मनी गर्न सकेसम्म नचाहने पात्र हो ।

**कथा सङ्ख्या १०**

**शीर्षक - लाटाको कथा**

**मुख्य पात्र**

यस कथामा मुख्य पात्रको रूपमा लाटालाई लिइन्छ । ऊ अलिअलि बोल्ने भएर पनि कुरा नबुझ्ने पात्र हो । त्यसैले उसले एक थोक भन्यो अर्को थोक गऱ्यो मात्र देखाएको छ । घरमा आमाले अराएको काम ठीक विपरीत ढङ्गबाट गरेर उसले सर्वनाश गरेको छ । धानमा लाग्ने सलह धपा भन्दा लौराले सबै धान झार्नु, बाखा चरा भन्दा डँढेलो लगाएर सबै बाखा डढाउनु, ससुरालीबाट लिएर आएको भाउजूलाई बाटैमा मार्नु जस्तो दुःख दिने काम गरेर लाटाले सताएको छ । यस्तै गलत प्रवृत्ति र कति पनि सुझबुझ नभएको पात्रको रूपमा लाटा देखिन्छ । यसरी यस्ता अधवैस्राहरूलाई काम लगाउँदा नोक्सान मात्र बेहोर्नु पर्दछ भन्ने पनि यस पात्रले प्रस्तुत गर्दछ ।

**सहायक पात्र**

यस कथाभित्र साहायक पात्र लाटाकी आमा हुन् । उनले घर चलाउनेदेखि लिएर सम्पूर्ण काम गर्नु पर्छ । सहयोगको निम्ति लाटालाई काम लगाउँछिन् तर फल मिठो प्राप्त हुँदैन र उनी दिक्दार छिन् ।

तथापि एक पटक धोका खाए पछि पटकपटक कामको जिम्मा दिने उनको कमजोरी पनि हो । लाटाले बुझेन र काम सही गरेन भन्ने कुरालाई अन्दाज गर्न नसक्नु उनको ठुलो भूल हो । यसरी हेर्दा लाटाकी आमा कमजोर नारी पात्र हो काम बिगारेपछि पछुताउँदैमा उसको समय बितेको छ ।

**गौण पात्र**

यस कथामा गौण पात्रको उपस्थिति छैन ।

**कथा सङ्ख्या ११**

**शीर्षक - स्वार्थी मान्छे**

**मुख्य पात्र**

यस कथामा मुख्य पात्र रने र रूपमतीको छोरा अनुप नै हो । उसले उच्च शिक्षा लिइसकेपछि बाबु आमाको सपना साकार पार्ने र सामुहिक उन्नतिको लागि आफ्नो कमाइ खर्च गर्ने काम गर्दै गएको थियो । श्रीमती बिहे गरेको केही महिना पछि उसको त्यो व्यवहारमा आमूल परिवर्तन आयो । उसले श्रीमतीलाई लिएर डेरा गरी बस्यो बाबु आमा र बैनीलाई वास्तै गरेन । पुरानो मित्रले आफ्ना बाबु आमाको हालखबर सोध्दा पनि आँफूलाई केही थाहा नभएको उसले बतायो । यसरी एक निष्ठुर, स्वार्थी र गैर जिम्मेवार छोराको रूपमा अनुपले आफूलाई चिनायो । यसरी अवसरवादी चरित्रको रूपमा अनुपलाई लिन सकिन्छ ।

**सहायक पात्र**

यस कथाको सहायक पात्र अनुपका बाबु आमा रने र रूपमती हुन् । छोरा हुर्केर बढेपछि भविष्यको साहरा बन्ला भन्ने उनीहरूको सपना धुलो पिठो भएको छ । मुस्किलले दैनिक गुजरा उनीहरूले गरेका छन् । छोरी निशाको बिहे गर्ने सामर्थ्य उनीहरूसँग छैन । त्यसैले रने र रूपमती छोरामाथि आश्रित पात्र हुन् । छोराले छोडिदिंदा कष्टकर जीवन झेल्न उनीहरू तयार छन् । त्यसैले अत्यन्त कमजोर पात्रको रूपमा यसकथामा रने र रूपमती प्रस्तुत भएका छन् ।

**गौण पात्र**

यस कथामा गौण पात्रको रूपमा अनुपको साथी विवेकलाई लिन सकिन्छ । ऊ परिवारबाट त्यति पन्छिन हुँदैन भन्ने पक्षको पात्र हो । तर उसको कुराले अनुपलाई प्रभाव पारेको छैन । यस कथाको गौण पात्र विवेकको साथीले आफ्नो परिवारमाथि गरेको उपेक्षित व्यवहार थाहा पाएर दुःखी हुनु बाहेक अन्य भूमिका छैन ।

**कथा सङ्ख्या १२**

**शीर्षक - आयो निदरी तेरो काल**

**मुख्य पात्र**

यस कथाका मुख्य पात्र बुढीको ज्वाइँ हुन् । उनी पढ्लेख नभएका सामान्य स्तरका मान्छे हुन् । संयोगले उनलाई ज्योतिष बन्ने अवसर प्राप्त भयो । सासूले पकाएको रोटी

सिन्का भाँचेर गन्ती गरी धोबीको हराएको गधा बिहान खेतको डिलमा चरेको देखी, निदरीलाई आयो तेरोकाल भन्दा निदरी नाम गरेकी राजकुमारीको नोकर्नीले चोरेको हार ज्वाइँको हातमा राखिदिएको जस्ता घटनाबाट सक्कली ज्योतिष साबित भएका ज्वाइँ यसमा मुख्य पात्रकै भूमिकामा छन् । आफूसँग त्यो ज्ञान नभएर पनि उनलाई ज्योतिष बन्ने अवसर प्राप्त छ । उनी वास्तवमा एक सोझा र कायर मनस्थितिका पात्र हुन् ।

**सहायक पात्र**

यस कथाको सहायक पात्र बुढी हुन् । उनको आफ्नी छोरीको घर गराउने सम्बन्धमा उचित सुझाव रहेको छ । त्यस्तै गरी आफ्ना ज्वाइँ ज्योतिष भएको कुरा उनले गाउँभरि प्रचार प्रसार गरेकी छन् । आफन्तको प्रगतिमा रमाउने प्रवृत्ति उनमा पाइन्छ । यसरी कथाकी सहायक पात्र बुढी आर्थिक रूपमा कमजोर भएपनि मानसिक रूपमा सबल नारी प्रतिभा हुन् । उनको भूमिका आशालाग्दो देखिन्छ ।

**गौण पात्र**

यस कथामा गौण पात्र निदरी नामकी राजकुमारीको नोकर्नी छ । गल्ती गरेपछि मान्छे आफै डराउँछ । त्यसैले हार चोर्ने निदरी मन मनै डराएर बुढीको ज्वाइँलाई आफूले चोरेको हार बुझाइ जीवन रक्षाको माग राख्दछे । कमजोर पात्रको प्रतीक हो निदरी ।

**कथा सङ्ख्या १३**

**शीर्षक - छैटीको भावी**

**मुख्य पात्र**

यस कथाकी मुख्य पात्र छैटी देवी हुन् । उनले छैटीमा सबैको भाग्य लेखिदिने काम गर्छिन् । आफ्नै छोराको भाग्यमा पनि पूर्वजन्मको कर्मको फल बमोजिम आफ्नै छोरीसँग बिहे हुने भाग्य लेखिदिएर निष्पक्ष व्यवहार उनले प्रस्तुत गरेकी छिन् । उनी आफ्नो कर्तव्यमा अडिग छन् । यसरी हेर्दा छैटीदेवी एक निष्कलङ्क, कर्तव्यनिष्ठ र निष्पक्ष नारी पात्र हुन् । नारी भएर पनि उनको आत्मबल निकै सबल देखिन्छ ।

**सहायक पात्र**

यस कथाको सहायक पात्र छैटीदेवीको पुत्र पद्माकर हो । ऊ आफ्नी आमाले रातमा आफूलाई छोडेको कारण पत्तालगाई आफ्नो भाग्य थाहापाउन पुग्छ । नचाहेर पनि छैटी देवीले भनेकी छोराको भाग्यमा छोरीसँग बिहे हुने कुरा लेखिएको थाहा पाएर निकै सचेत

हुँदा पनि उनको बिहे आफैले जन्माएर फालेकी छोरीसँग हुनपुग्यो । यसरी भाग्यमा लेखिएको कुरा पूर्ण हुने तथ्य यसमा सहायक पात्रद्वारा पुष्टि हुन्छ ।

**गौण पात्र**

यस कथामा गौण पात्रको उपस्थिति छैन ।

**कथा सङ्ख्या १४**

**शीर्षक - तीन वित्ते**

**मुख्य पात्र**

यस कथाको मुख्य पात्र दुई दाजुभाइ हुन् । उनीहरू जागिरको खोजीमा सर्वत्र चहार्दाचहार्दै एकजना बुढीको घरमा पुग्नु । बुढीले पनि महिनाको दुईदुई सय रुपियाँ जागिर दिनु । धेरै वर्षसम्म जागिर खाएर पैसा जम्मा गरी घरजम गरेर बस्नु । भाइको छोरा नभएकोले कान्छी बिहे गरेर छोरा त पाए तर तिनबित्ते भन्दा बढ्दै बढेन । यसरी अनावश्यक चाहना राख्दा परिणाम फरक निस्कने उदाहरण दिन यी मुख्य पात्र सफल भएका छन् ।

**सहायक पात्र**

यस कथाका सहायक पात्रकोरूपमा तिनबित्तेलाई किनेर लैजाने बाहुन बाजेलाई लिइन्छ । अनौठौ चिज मूल्यवान् हुनसक्छ भन्ने ठानेर ती बाहुनले तिनबित्तेलाई किनेर लगे । नभन्दै त्यही तिनबित्तेको प्रदर्शनीबाट धेरै पुरस्कार प्राप्त गरी बाहुन धनी भए । त्यसैले संसारमा भएका सबै बस्तु मूल्यवान हुन् सक्छन् भन्ने बुभ्ने ती पात्र एक बाठो र भविष्य देख्ने पात्र हुन् । उनको यस कथामा निर्वाह भएको सहायक पात्रको भूमिका निकै रोचक रहेको छ ।

**गौण पात्र**

यस कथाका गौण पात्र तिनबित्तेका बाबु आमा हुन् । उनीहरू तिनबित्ते जस्तो छोरो जन्माउनु परेकोमा पश्चातापमा छन् । साथै ज्यादै उपेक्षित हिसाबले पालिएको तिनबित्ते भविष्यमा उल्लेख्य काम लाग्ने हुनसक्छ भन्ने उनीहरूलाई कत्ति पनि अन्दाज छैन । त्यसैले आफ्नो सन्तानलाई पनि उनीहरूले रुपियाँमा बेचेका छन् ।

कथाका यी पात्र सोभ्रा अनि दुष्ट प्रवृत्तिका देखिन्छन् ।

**कथा सङ्ख्या १५**

**शीर्षक - पहरामा कुहिनो ठोकिएको कथा**

**मुख्य पात्र**

यस कथाको मुख्य पात्र धन बहादुर हुन् । उनी चार छोरीको पिता हुन् । छोरी धेरै भएकोले घटाउँदै जाने सुरले जेठी छोरी चमेलीको विवाह उनले सानै उमेरमा गरिदिन्छन् । कुल घरानको घर हेरेर छोरी दिनुपर्छ भन्ने मान्यता अनुसार छोरी चमेलीको बिहे त गरिदिन्छन् तर छोरीले घरमा खप्नु परेको दुःख कष्टबारे उनलाई केही पनि थाहा हुँदैन । त्यति मात्र होइन छोरीलाई लिन जाँदा सन्चोबिसन्चो सुखदुःखको कुरा गर्दा पहरामा कुहिनो ठोकिए जस्तै आनन्द छ भन्दा पनि वास्ताविकता बुझ्दैनन् । छोरीको घरबाट फर्कदा ठेस लागेर पहरामा कुइनो ठोकाउन पुग्छन् । त्यति बेलामात्र उनलाई छोरीको भनाइको मर्म थाहा हुन्छ र छोरी लिएरै घर फर्कन्छन् । यसरी हेर्दा धनबहादुर पुरातनवादी, सोझो, छोराछोरीको मर्म नबुझ्ने, एकोहोरो पात्रको रूपमा देखा पर्दछन् ।

**सहायक पात्र**

यस कथा भित्र सहायक पात्रहरूमा चमेली, चमेलीका सासू ससुरा र उसको लोग्नेलाई लिन सकिन्छ । उनीहरूले चमेलीको वास्तविक सोझोपनको फाइदा उठाएर काममा जोताएका छन् । चमेली आफै एक कुशल गृहलक्ष्मी हो । उसले आफ्नो पीडा माइतीमा कहिल्यै भनिन् । घरको जतिसुकै कडा बुहार्तन खप्न परे पनि ऊ त्यसलाई सहज रूपमा लिन्छे । चमेलीको लोग्ने पनि नार्मद पात्र हो । आफ्नी श्रीमतीको दुःखमा ऊ कतै पनि बोलेको देखिदैन । त्यसैले चमेली कथाकी निरीह पात्र हो भने उसको सासू ससुरा खलपात्र हुन् ।

**गौण पात्र**

यस कथामा चमेलीका माइतीका आमा बहिनीहरू गौण पात्र हुन् । उनीहरूको कथामा कुनै त्यस्तो भूमिका देखिंदैन ।

**कथा सङ्ख्या १६**

**शीर्षक - स्वर्ग जाने रहर**

**मूख्य पात्र**

यस कथाका मुख्य पात्र धर्मात्मा बुढा हुन् । समाज सेवाका लागि उनले पोखरी खनेर पानीको आवश्यकता पुरा गरिदिएका छन् । एक पटक स्वर्गका राजाले उनलाई लिन गाईलाई पठाउँदा गाईले पोखरी भत्काएको हुनाले धर्मात्मा बुढाले रिसाएर गाईको पुच्छर

समाउँछन् । गाईलाई पनि भनेजस्तो मौका पर्छ र बाहुनलाई लिएर उड्दै स्वर्गमा पुऱ्याउँछ । यसरी धर्मात्माले मात्र स्वर्ग प्राप्त गर्ने कुरा यस कथाको पात्र धर्मात्मा बाहुनले पुष्टि गरेको छन् । उनी समाजसेवी र सबैको भलो चाहाने व्यक्ति हुन् ।

**सहायक पात्र**

यस कथाको सहायक पात्रका रूपमा गाईलाई लिन सकिन्छ । उसले आफ्नो मालिकको आज्ञा मुताविक धर्मात्मालाई स्वर्ग पुऱ्याएका छन् । सोझै स्वर्ग जाऊँ भन्दा नमान्ने भएकाले गाईले धर्मात्माले बनाएको पोखरी धमाधम भत्काएको छ र आफ्नो पुच्छरमा झुन्ड्याएर धर्मात्मालाई स्वर्ग पुऱ्याएको छ । यस अर्थमा यस कथाको सहायक पात्र गाई आज्ञाकारी, बफादार, आँटी र कर्तव्यनिष्ठ मावनेतर पात्र हो ।

**गौण पात्र**

यस कथाका गौण पात्र स्वर्गका राजा र स्वर्ग जाने रहर गर्ने गाउँलेहरू हुन् । स्वर्गका राजाले असल कर्म गर्ने मान्छे स्वर्ग पुऱ्याउँन आफ्ना कर्मचारी खटाएका छन् । गाउँलेहरू धर्मात्मा बुढा स्वर्ग गएको थाहा पाएर आफू पनि जाने रहर गर्दै गाईको पुच्छरमा झुन्डिएका छन् तर दुर्भाग्यबस गाईको पुच्छरबाट हात फुस्किएर सबैको भूइँमा पछारिइ एकै चिहान भएको छ । यसरी हेर्दा स्वर्गका राजा न्यायिक पात्रका रूपमा चिनिन्छन् भने स्वर्ग जान रहर गर्ने गाउँलेहरू असत् प्रवृत्तिका छन् र उनीहरूको नराम्रो संहार भएको छ ।

लोककथाहरूको पात्र र चरित्र चित्रणका आधारमा विश्लेषण गर्दा यिनै कुराहरूलाई अझ विस्तृत रूपले स्पष्ट पार्न बगुवाको परिवेशमा प्रचलनमा आएका लोककथाहरूको पात्रहरूलाई लिङ्ग, कार्य र मानवत्वको आधारमा निम्नअनुसार छुट्ट्याउन सकिन्छ ।

| क.सं. | कथाको शीर्षक | पात्रको नाम | लिङ्ग | | कार्य | | | मानवत्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरूष | स्त्री | मुख्य | सहायक | गौण | मावन | मानवेतर |
| १ | कानी आमा | मनमाया | - | + | + | - | - | + | - |
| | | छोरो बिर्खे | + | - | - | + | - | + | - |
| | | छिमेकी | + | + | - | - | + | + | - |
| २ | ब्राह्मणको कथा | ब्राह्मण | + | - | + | - | - | + | - |
| | | गिद्धेनी | - | + | - | + | - | - | + |
| | | ब्राह्मणकी पत्नी | - | + | - | - | + | + | - |
| | | छोरा, बुहारी | ± | ± | - | - | + | + | - |
| ३ | जुक्तिको जीत | घरपण्डित | + | - | - | - | + | + | - |

| क्र.सं. | कथाको शीर्षक | पात्रको नाम | लिङ्ग | | कार्य | | | मानवत्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरूष | स्त्री | मुख्य | सहायक | गौण | मावन | मानवेतर |
| | | जङ्गली पण्डित | + | - | + | - | - | + | - |
| | | गोठालो | + | - | - | + | - | + | - |
| ४ | लोभको परिणाम | किसान | + | - | + | - | - | + | - |
| | | सर्प | - | - | - | + | - | - | + |
| ५ | प्यारी | पाहुना | + | - | + | - | - | + | - |
| | | बुढा | + | - | - | + | - | + | - |
| | | बुढी | - | + | - | - | + | + | - |
| ६ | मुसेभाइ | मुसेभाइ | + | - | + | - | - | + | - |
| | | दाजुहरू | + | - | - | + | - | + | - |
| | | बोक्सी बुढी | - | + | - | - | + | + | - |
| ७ | बैगुनी | युवक | + | - | + | - | - | + | - |
| | | बुढा | + | - | - | - | + | + | - |
| | | बुढी | - | + | - | + | - | + | - |
| ८ | असल साथी | डमरु | + | - | + | - | - | - | + |
| | | बाच्छो | + | - | - | + | - | - | + |
| | | गाई | - | + | - | - | + | - | + |
| | | बघिनी | - | + | - | - | + | - | + |
| ९ | काग र बकुल्लाको कथा | काग | + | - | + | - | - | - | + |
| | | बकुल्ला | + | - | - | - | + | - | + |
| | | न्यायाधीश | + | - | - | + | - | + | - |
| १० | लाटाको कथा | लाटो | + | - | + | - | - | + | - |
| | | लाटाकी आमा | - | + | - | + | - | + | - |
| ११ | स्वार्थी मान्छे | अनुप | + | - | + | - | - | + | - |
| | | निशा | - | + | - | - | + | + | - |
| | | रने | + | - | + | + | - | + | - |
| | | रूपमती | - | + | + | + | - | + | - |
| | | विवेक | + | - | + | - | + | + | - |
| १२ | आयो निदरी तेरो काल | ज्वाइँ | + | - | + | - | - | + | - |
| | | सासू | - | + | - | + | - | + | - |

| क्र.सं. | कथाको शीर्षक | पात्रको नाम | लिङ्ग | | कार्य | | | मानवत्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरूष | स्त्री | मुख्य | सहायक | गौण | मावन | मानवेतर |
| | | निदरी | - | + | - | - | + | + | - |
| १३ | छैंटीको भावी | छैंटी देवी | - | + | + | - | - | - | + |
| | | छोरा (पद्माकर) | + | - | - | + | - | + | - |
| १४ | तिनबित्ते | तिनबित्तेका बाबु | + | - | - | - | + | + | - |
| | | आमा | - | + | - | - | + | + | - |
| | | दाजु | + | - | + | - | - | + | - |
| | | भाइ | + | - | + | + | - | + | - |
| | | बाहुन बाजे | + | - | - | + | - | + | - |
| १५ | पहरामा कुहिनो ठोकिएको कथा | चमेली | - | + | - | + | - | + | - |
| | | धनबहादुर | + | - | + | - | - | + | - |
| | | मोतिमाया | - | + | - | - | + | + | - |
| | | चमेलीको लोग्ने | + | - | - | + | - | + | - |
| | | सासू, ससुरा | ± | ± | - | + | - | + | - |
| १६ | स्वर्ग जाने रहर | धर्मात्मा बाहुन | + | - | + | - | - | + | - |
| | | स्वर्गका राजा | + | - | - | - | + | - | + |
| | | गाई | + | - | - | + | - | - | + |
| | | गाउँलेहरू | ± | ± | - | - | + | + | - |

यसरी गोरखाको बगुवामा सङ्कलित लोककथाका पात्रहरूलाई केलाउँदा स्त्री पात्र १३ पुरूष पात्र २५ । कार्यका आधारमा मूख्य पात्र २० सहायक पात्र १९ गौण पात्र १६ देखिएका छन् । मानव पात्र ४३ र मानवेतर पात्र १३ देखिंदा लोककथामा मानव पात्रको बाहुल्यता वा बहुप्रयोग सिद्ध हुन्छ ।

यस्ते बगुवामा प्रचलित लोककथामा समाविष्ट मूख्य पात्रहरूमध्ये अधिकतम लोकमा प्रचलित कथामा संलग्न भएको पाइएका छन् ।

## ४.४ वातावरण वा परिवेशका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

आधुनिक कथामा कथाकारको व्यक्तित्वको प्रभाव कथामा हुन्छ भने लोककथामा व्यक्तिगत प्रभाव कम हुनु सर्वसिद्ध कुरा हो । लोककथा वाचकको वैयक्तिक भाषाका सन्दर्भमा केही समयसम्म प्रभाव मान्न सकिए पनि अन्य तत्त्वमा त्यसको प्रभाव कमै हुन्छ । भाषामा पनि वैयक्तिकता भन्दा स्थान विशेषको सामाजिकताले बढी प्रभाव पारेको हुन्छ ।

यसरी नै लोककथामा प्रत्यक्ष वातावरणको चित्रण आधुनिक कथामा झैं हुँदैन । यति भएर पनि लोककथा वाचक सामाजिक सदस्य भएको नाताले कुनै न कुनै रूपमा उसले लोककथामा वातावरणलाई भित्र्याएको हुन्छ । स्वयं स्रोता सामाजिक सदस्य भएकाले उसलाई सम्बोधन गरेर लोककथा सुनाउने प्रकृयामा स्वभाविक रूपले बातावरण आएको हुन्छ । अर्को शब्दमा लोककथा सामाजिकताको सङ्केत हो भने लोकत्वको उपस्थितिमा सामाजिक बातावरणको पनि उपस्थिति भएको मान्न सकिन्छ । अतः यिनै सर्न्दभमा बगुवामा सङ्कलित लोककथाहरूको बातावरणलाई प्रमाणसहित स्पष्ट तुल्याउन यहाँ तालिका निर्माण गरी अध्ययन गरिन्छ ।

| क.स | कथा शीर्षक | बातावरण | प्रमाण कथन |
|---|---|---|---|
| १ | कानी आमा | लौकिक | १) पढ्ने उद्देश्यले विदेश जानु ।<br>२) छोराको सुखद् भविष्यका लागि आफू कानो बन्नु ।<br>३) विदेशमा घरजम गरी पद प्रतिष्ठा प्राप्त गर्नु<br>४) अन्त्यमा घोर पश्चातापमा जल्नु । |
| २ | ब्राह्मणको कथा | लौकिक<br><br>अलौकिक | १) ब्राह्मण गृह प्रशासनको झगडाबाट बिरक्तिनु र जङ्गल प्रवेश गर्नु ।<br>२) गिद्धेनीको सल्लाह बमोजिम परिवारका सदस्यहरूलाई चिन्नु ।<br>३) सबै आफ्ना परिवारका सदस्य एकै रूप र विचारका नभएकाले झगडा परेको थाहा हुनु ।<br>४) अन्त्यमा मान्छे बन्न प्रयत्न गर्नु । |
| ३ | जुक्तिको जित | लौकिक | १) आफूसँग भएको विद्वत्ताको घमण्ड गर्नु ।<br>२) सर्त राखेर प्रश्न गर्नु ।<br>३) प्रश्नमा हार्ने घर पण्डितलाई दासका रूपमा राख्न घर लग्नु ।<br>४) घर पण्डितको गोठालाको जुक्तिले जङ्गली पण्डित पो उल्टो घर पण्डितको दास बन्नु ।<br>५) जुक्तिको अघि घमण्डको हार हुनु । |
| ४ | लोभको परिणाम | लौकिक<br>अलौकिक<br>लौकिक | १) किसानले सर्पलाई दुध ख्वाएर पूजा गर्नु ।<br>२) सर्पलो खुसी भएर किसानलाई सुनको सिक्का दिनु ।<br>३) बढी लाभ लिन सर्प मार्ने प्रयत्न गर्नु ।<br>४) अन्त्यमा सर्पको डसाइबाट किसानको मृत्यृ हुनु । |

| क.स | कथा शीर्षक | बातावरण | प्रमाण कथन |
|---|---|---|---|
| ५ | प्यारी | लौकिक | १) एक दम्पत्तिको घरमा पाहुना पुग्नु ।<br>२) पाहुना अरूको घरको खर्च नखाने हुनु ।<br>३) बुढाले बुढीलाई प्यार गरेर बोल्ने क्रममा पटकपटक प्यारी भनेर सम्बोधन गर्नु । |
| ६ | मुसेभाइ | अलौकिक<br><br>लौकिक<br><br>अलौकिक<br>लौकिक | १) परिवारका सात भाइ मध्ये कान्छो मुसाको रूपमा जन्मनु ।<br>२) छ भाइ तीर्थ जानु ।<br>३) बाटोमा अप्ठ्यारो पर्दा मुसेभाइलाई सम्झनु ।<br>४) बोक्सीले मुटुकलेजो खाने सल्लाह गर्नु<br>५) मुसेभाइले सबै दाजुलाई निन्द्राबाट बिउँझाएर जीवन रक्षा गर्नु । |
| ७ | बैगुनी | सामजिक | १) युवक ७ दिनको बाटो हिडेर काठमाडौं जानु ।<br>२) बाटोमा तेस्रो दिनको बासका लागि असल घर फेला पार्नु ।<br>३) बास बसेको घरको बुढीले अत्यन्त माया र सम्मान गरी युवकको सेवा गुर्न ।<br>४) छोरो जस्तै लागेर माया गरेको हुनु ।<br>५) अन्तमा बदलामा आफ्नो बाबुको कान्छी स्वास्नी जस्तो लाग्यो भनेकाले घरबाट निकालिनु । |
| ८ | असल साथी | अलौकिक | १) बाच्छो र डमरू अभिन्न मित्र हुनु ।<br>२) डमरुले आफ्नी आमालाई इनारमा खसालेर मार्नु ।<br>३) बाच्छो मरेपछि डमरु आफू पनि सँगै जलेर मर्नु ।<br>४) असल मित्रताको परिचय दिनु । |
| ९ | काग र बकुल्लाको कथा | लौकिक<br><br>अलौकिक<br><br><br><br>लौकिक | १) कागले बकुल्लाको गुँडको फुल र आफ्नो गुँडको फुल साट्नु ।<br>२) बकुल्लाले फुलचोरिएको भनी अदालतमा मुद्धा हाल्नु ।<br>३) न्यायाधीशले फुल चोर्ने कागलाई नै लोभमा फसेर मुद्दा जिताइदिनु ।<br>अन्त्यमा न्यायाधीशले लज्जास्पद हार बेहोर्नु । |
| १० | लाटाको कथा | लौकिक | १) आमाले अराएको कामलाई लाटाले विपरीत हिसाबले |

| क.स | कथा शीर्षक | बातावरण | प्रमाण कथन |
| --- | --- | --- | --- |
| | | | सम्पन्न गर्नु ।<br>२) आफ्ना कर्मले दुःख पाउनु ।<br>३) अन्त्यमा रुँदै दिन बिताउनु । |
| ११ | स्वार्थी मान्छे | लौकिक/सामाजिक<br>सामाजिक | १) बाबु आमाले सन्तान प्रति निःस्वार्थ माया गुर्न ।<br>२) अनुपले बिहे गरेको केही महिना पछि अन्तै डेरा लिएर बस्नु ।<br>३) आम्दानी गर्ने छोराले छाडेपछि अनुपको बा आमाको दिन चर्या निकै दुःखपूर्ण हुनु ।<br>४) मान्छेले आफ्नो स्वार्थी भाव प्रस्तुत गरेरै छाड्ने उदाहरण । अनुपको आफूले कमाएको पनि नदिने र बाबु आमाको पनि सम्पत्ति नलिने भनाइ स्वार्थको प्रतीक ।<br>५) समाजमा आश्रितहरूको दिनचर्या कष्टकर भएको देखिनु । |
| १२ | आयो निदरी तेरोकाल | असामाजिक | १) ज्वाइँ संयोगले ज्योतिष ठहरिनु ।<br>२) अप्ठ्यारेमा आफ्नै पुर्पुरोलाई धिक्कार्दा चोरी गर्नेको पहिचान हुनु ।<br>३) गल्ती गर्ने मान्छे जहिले पनि डराइरहेको हुनु ।<br>४) संयोगबस ज्वाइँको तालुमा आलु फलेरै छाड्नु । |
| १३ | छैटींको भावी | सांस्कृतिक | १) मानिसको भाग्य जन्मेको छैंटौ दिनमा लेखिएको हुनु ।<br>२) मान्छेले पूर्वजन्मको कर्म अनुसार नै यो जन्ममा पनि फल भोग्न विवश हुनु ।<br>३) भाग्यलाई कसै गरे पनि मेट्न नसक्नु ।<br>४) देवी देवता पक्षपात गर्ने सोचको नहुनु ।<br>५) कर्तव्य र जिम्मेवारीको निष्पक्षताका साथ बोध हुनु । |
| १४ | तिनबित्ते | अलौकिक | १) छोरा प्राप्त गर्ने अभिलाषामा तिनवित्तेको जन्म हुनु ।<br>२) थोरै मान्छेले मात्र अनौठो बस्तुको महत्व बुझ्नु ।<br>३) केही मानिसलाई सन्तान भन्दा सम्पत्ति ठुलो हुनु ।<br>४) अनौठो वस्तु जहिले पनि मूल्यवान् हुने हुँदा तिनबित्तेलाई किन्ने मानिस भविष्यमा करोडौंको मालिक बन्नु । |

| क्र.स | कथा शीर्षक | बातावरण | प्रमाण कथन |
|---|---|---|---|
| १५ | पहरामा कुइनो ठोकिएको कथा | सामाजिक<br><br>सांस्कृतिक | १) परम्परागत सोच अनुसार ठुलो घरमा छोरीको विहे गरिदिनु ।<br>२) लोग्ने सोझो भएकैले बुहारीले धेरै दुःख पाउनु ।<br>३) छोरी भेट्न जानु ।<br>४) फर्कदा बाटोमा कुइनो ठोकिए पछि बूढाको विचारमा परिवर्तन आई छोरी लिएरै फर्कनु । |
| १६ | स्वर्ग जाने रहर | लौकिक | १) धर्मात्मा बुढाले व्यक्तिगत हितलाई वास्ता नगरी सामाजिक सेवाको कार्य गर्नु ।<br>२) स्वर्गका राजाले पनि धर्मात्माको खोजी गर्नु ।<br>३) आफूले बनाएको पोखरी भत्काउने गाईको पुच्छर समाउँदा स्वर्ग पुग्नु ।<br>४) रिस गरेर अरूले प्राप्त गरेको स्थान नपाइने र कर्म गरे मात्र त्यो ठाउँ प्राप्त हुने ।<br>५) लोभको परिणाम विनाशकारी हुने । |

यसरी समग्रमा हेर्दा ११ वटा कथामा सामाजिक बातावरण फेला पर्दछ । अतः भन्न सकिन्छ कि बगुवामा सङ्कलित लोककथाहरूमा अन्य लोककथाहरूमा झैं मनोरञ्जनात्मकताको उद्देश्य भन्दा पनि अलौकिक बातावरण र लोकतत्त्वका कारण सामाजिक प्रबलता पाइन्छ ।

## ४.५ उद्देश्यका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

लोककथामा होस् वा आधुनिक कथामा होस् उद्देश्य कथात्मक साहित्यको अनिवार्य तत्त्व हो । उद्देश्यमा लेखकको सामान्य वा विशिष्ट जीवन दृष्टिको विवेचना हुन्छ । प्रस्तुत जीवनको दृष्टिकै आधारमा कथावस्तुको विन्यास, पात्रहरूको योजना र वातावरणको प्रयोग अनुवन्धित हुन्छ । लोककथाका सन्दर्भमा भन्दा समग्र लोकसाहित्यको मूल उद्देश्य मनोरञ्जन हुँदाहुँदै पनि कथाको स्वरूपलाई प्रयोजन परकता दिनका लागि कतै न कतै कुनै न कुनै रूपमा उद्देश्य वा विचारको पनि संलग्नता पाउन सकिन्छ र लोककथामा आधुनिक कथामा झैं उद्देश्य वा विचारका लागि लोककथा वाचक शतप्रतिशत गम्भीर नभए पनि विचारको अभाव नरहेको मान्न सकिन्छ । आधुनिक कथामा लेखकको वैयक्तिक वा विशिष्ट जीवन दृष्टि पाउन सकिन्छ भने लोककथामा लोकतत्त्वको अनिवार्यताको कारणले सर्वमान्यता वा सर्वसाधारणको जीवनदृष्टि पाउन सकिन्छ ।

**कथा सङ्ख्या १**

**शीर्षक - कानी आमाको कथा**

प्रस्तुत कथाको शीर्षकमा प्रयुक्त वाक्यले नै कथाको उद्देश्यलाई स्पष्टरूपले सङ्केत गरेको छ । समाजमा देखिने गरेको नराम्रो र गरिब भए मान्छेले आफन्त भन्न पनि नरुचाउने सत्य प्रस्तुत भएको छ । आमा कानी भएकाले छोराले आमा भन्न नचाहेको अवस्था त्यसैको ज्वलन्त उदाहरण हो । भ्रातृप्रेम, सन्तानप्रतिको प्रेम परम्परागत हुन् तर पनि वास्तविकता थाहा पाएपछि मान्छे कसरी पश्चातापमा फस्दो रहेछ भने उद्देश्य यस कथामा देखाइएको छ ।

निष्कर्षमा सामाजिक कुविचार यस कथामा पाइन्छ ।

**कथा सङ्ख्या २**

**शीर्षक - ब्राह्मणको कथा**

प्रस्तुत कथामा सम्पूर्ण घटनाको केन्द्र विन्दुलाई ध्यानमा राखेर अध्ययन गर्दा मान्छे बन्न राम्रो र असल काम गर्नुपर्छ । जुनसुकै कर्म गर्नाले मान्छे वास्तविक मान्छे बन्न सक्दैन । वास्तवमा यो कुरा बुझ्ने मान्छे सांसारिक मोहमा भुल्दैन भन्ने जस्ता उद्देश्यहरू यस कथामा प्रस्तुत भएका छन् । निष्कर्षमा यस कथामा मान्छे बन्न सत्कर्ममा लाग्नु पर्छ भन्ने शिक्षा दिने उद्देश्य रहेको छ ।

**कथा सङ्ख्या ३**

**शीर्षक - जुक्तिको जित**

प्रस्तुत लोककथामा घमण्ड गर्नाले र आफूसँग भएको विद्वत्ताको दुरूपयोग गर्नाले आँफैलाई नोक्सान पुग्ने उद्देश्य प्रस्तुत भएको छ । घमण्डलाई जुक्तिले पराजित गर्न सक्छ भन्ने देखाएर यस कथाले घमण्डीहरूको सङ्ख्या निमिट्यान्न पार्ने उद्देश्य राखेको छ ।
निष्कर्षमा मनोरञ्जन लागायत सामाजिक बोक्रेपन देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

**कथा सङ्ख्या ४**

**शीर्षक - लोभको परिणाम**

प्रस्तुत लोककथामा एकाएक धनी हुने अपेक्षा राख्दा आफ्नै अन्त्य भएको देखाइएको छ । लोभको परिणाम राम्रो हुँदैन भन्ने उद्देश्य कथामा निहित छ । त्यसै अनावश्यक लोभमा

फसेर खुसी र सुखी जीवन पनि दुःखमा परिणत हुनसक्छ भन्ने देखाएर मान्छेलाई लोभले लाभ र लाभले विलापको स्थितिमा नपुऱ्याउँन यस कथाले सन्देश दिने उद्देश्य लिएको छ ।

**कथा सङ्ख्या ५**

**शीर्षक - प्यारी**

यस कथामा समाजका उरन्ठ्याउँला केटाहरूले समय, स्थान र मान्छे नहेरी जथाभाबी बोलेर ठुलो भइने ठान्दछन् तर परिस्थिति त्यस्तो नभई विपरीत हुन सक्छ । त्यसकारण प्याच्च बोल्नु भन्दा अघि त्यसको असर कस्तो पर्छ भन्ने विश्लेषण गर्नुपर्छ नत्र बडो फसादमा परिन्छ भन्ने देखाएर बुद्धिमत्ता ढङ्गले बोल्न सिकाउने र मनोरञ्जन पनि प्रदान गर्ने उद्देश्य यस कथाको पाइन्छ ।

निष्कर्षमा कथा शिक्षामूलक भएको पाइन्छ ।

**कथा सङ्ख्या ६**

**शीर्षक - मुसेभाइ**

प्रस्तुत लोककथा समाजमा रहेको आफू भन्दा साना, होचो वा फरक स्वरूपका मानिस प्रति उपेक्षा गर्ने सन्र्दभमा प्रस्तुत भएपनि अन्तत फरक संरचना र अनौठा बस्तु तथा मान्छेसँग पनि कुनै न कुनै गुण हुन्छ । ऊ उपयोगी हुन्छ भन्ने कुरा प्रस्तुत गर्ने उद्देश्य केन्द्रित छ ।

निष्कर्षमा कसैमाथि पनि उपेक्षा गर्नु राम्रो होइन भन्ने शिक्षा दिने उद्देश्य यस कथाले राखेको पाइन्छ ।

**कथा सङ्ख्या ७**

**शीर्षक - बैगुनी**

प्रस्तुत लोककथामा समाजमा भएका कुरीतिलाई लिएर संसारमा अरूको कदर गर्न नजान्ने, गुनको बदलामा अवगुन गर्ने प्रवृत्तिलाई उजागर गरिएको छ । भव्य सत्कारका बदलामा अपमानजनक शब्द बोल्नेहरू कहिल्यै पनि पुनः सम्मानित हुन नसक्ने कुरा देखाई मानिसको मुख नै शत्रु र मुख नै मित्र रहेको यथार्थता खुलस्त बनाउने उद्देश्य यस कथाले राखेको छ ।

निष्कर्षमा मानिस विवेकशील प्राणी भएको नाताले पनि उसको व्यवहारमा त्यो झल्कनु पर्छ भन्ने जस्ता व्यावहारिक शिक्षा यस कथामा पाइन्छ ।

**कथा सङ्ख्या ८**

**शीर्षक - असल साथी**

प्रस्तुत लोककथामा असल साथी दुःखसुख दुबै अवस्थामा साथ दिने हुन्छन् । उनीहरूको निम्ति गासभन्दा पनि ठूलो साथ हुन्छ, त्यसका निमित्त प्राण त्याग्न पनि उनीहरू तत्पर हुन्छन् । फरक स्वभाव र रुचि भएकाहरूको बिचमा पनि घनिष्ट साथित्वको विकास हुनसक्छ भने कुरा बताएर असल व्यक्ति तथा प्राणीहरूको संसार रचना गर्ने कथाको उद्देश्य रहेको छ ।

निष्कर्षमा यस कथामा नैतिक शिक्षा प्रदान गर्ने उद्देश्य राखिएको छ ।

**कथा सङ्ख्या ९**

**शीर्षक - काग र बकुल्लाका कथा**

प्रस्तुत लोकथामा कागको परापूर्वकाल देखिको आफ्ने चतुऱ्याइँले अन्य सोझा पन्छीहरू माथि विभिन्न दुःख दिने गरेका विषय प्रस्तुत गरिएको छ । पन्छीलाई मात्र नझुक्याएर कागले न्यायाशनमा निष्पक्षताको तराजु लिएर बस्ने न्यायाधीशलाई समेत लोभमा फसाएर झुक्याइ जो कसैमाथि सजिलै भरपर्न र विश्वास गर्न हुँदैन भन्ने शिक्षा दिने उद्देश्य राखिएको छ ।

निष्कर्षमा फाइदाको लागि अन्याय गर्न नहुने, शक्ति र चतुऱ्याइँको दुरूपयोग गर्न नहुने, घुस खाएर अन्यायपूर्ण फैसला गर्नु मानवता विपरीत कार्य भएको जस्तो शिक्षा कथाको मुख्य उद्देश्य रहेको छ ।

**कथा सङ्ख्या १०**

**शीर्षक - लाटाको कथा**

प्रस्तुत कथामा लाटा र अधवेस्राहरूलाई काम लगाउँदा धोका खाइने, काम बिगार्दा पश्चातापमा पर्नु पर्ने र व्यक्तिहरूलाई नियतिले ठगे पनि मानिसले उपेक्षा गर्न नहुने जस्ता कुरामा विचार पुऱ्याउने यो कथाको सन्देश रहेको छ ।

निचोडमा मनोरञ्जन शिक्षा यस कथाको उद्देश्य हो ।

**कथा सङ्ख्या ११**

**शीर्षक - स्वार्थी मान्छे**

प्रस्तुत कथामा मानिसले आफूलाई पुगीसरि आए आफन्तहरूको दुःखमा वास्ता नगर्ने जस्तो स्वार्थी प्रवृत्तिलाई देखाइएको छ । आमा बाबुको माया छोराछोरीमाथि, छोराछोरीको माया ढुङ्गा मूढामाथि भन्ने उखानलाई पनि यसले चरितार्थ पारेको छ । यस्ता मानवीय कमजोरीहरूलाई प्रस्तुत गरेर समाजमा नैतिक शिक्षा प्रदान गर्नु यस कथाको उद्देश्य रहेको छ ।

**कथा सङ्ख्या १२**

**शीर्षक - आयो निदरी तेरो काल**

प्रस्तुत कथामा संयोगले मान्छे सफल हुन सक्छ तर त्यो सफलता क्षणिक हुन्छ, दीर्घकालीन हुँदैन । असक्षम मान्छेले सक्षमताको अभिनय गर्दा नाट्यमञ्चमा हास्यको पात्र हुन पनि सकिन्छ । कमजोरी सदैव छिप्दैन भन्ने जस्ता कुरा देखाउनु र गल्ती गर्ने मान्छे सदैव डराउँछ भन्ने भाव प्रस्तुत गर्नु यस कथाको उद्देश्य हो ।

निचोडमा मनोरञ्जन र उपदेश दिनु यस कथामा रहेको मुख्य उद्देश्य हो ।

**कथा सङ्ख्या १३**

**शीर्षक - छैटीको भावी**

प्रस्तुत कथामा मान्छेले भाग्यमा लेखेको भन्दा बाहेक केही पाउँदैन, देवी देवता निष्पक्ष हुन्छन् । आफ्नो अर्कार्को विभेद उनीहरूसँग हुँदैन, पूर्वजन्मको कमाइ नै यस जन्ममा मानिसले प्रयोग गर्न पाउँछ । यी आदि कुरा व्यक्त गर्नु यस लोककथाको उद्देश्य हो ।

समग्रमा जीवन प्रतिको आशावादी दृष्टिकोण राख्न पूर्वजन्मको कर्म नै जिम्मेवार हुन्छ भन्दै यो जन्मको सुकर्म अर्को जन्मको प्राप्ति हुन्छ भने शिक्षा दिनु यो कथाको उद्देश्य हो ।

**कथा सङ्ख्या १४**

**शीर्षक - तिनबित्ते**

प्रस्तुत लोककथामा फरक शारीरिक संरचनाको मान्छे बाबु आमाको नजरमा पनि उपेक्षित भएको उदाहरण प्रस्तुत गरी महत्व बुझ्नेले अनौठो तिनबित्तेको सदुपयोग गरेको कुरा देखाएर अनौठो बस्तु मूल्यवान् हुने शिक्षा दिने यस कथाको उद्देश्य हो ।

निचोडमा मान्छे महत्वकाङ्क्षी भएर मात्र सोचेको पुग्दैन र झन हतोत्साहित भएर भएको चीज गुमाउनु पनि ठीक होइन साथै आफूसँग जे छ जस्तो छ त्यसैमा सन्तोष मान्नु यस कथाको मुख्य उद्देश्य हो ।

**कथा सङ्ख्या १५**

**शीर्षक - पहरामा कुहिनो ठोकिएको कथा**

प्रस्तुत कथामा बुढापाका परम्परावादी हुन्छन् । छोरी दिंदा खानदान हेर्नुपर्छ भन्ने परम्परा गलत हुन्छ । सोझकी स्वास्नी सबैकी भाउजू र छोरी र बुहारीलाई विभेद गर्ने चलन जस्ता विचारहरू यस कथामा भेट्टाउन सकिन्छ ।

निचोडमा मनोरञ्जन, शिक्षा र अनुशासन यसको मुख्य उद्देश्य रहेको छ ।

**कथा सङ्ख्या १६**

**शीर्षक - स्वर्ग जाने रहर**

प्रस्तुत कथामा गाउँघरमा जालीफटाहाहरू आफू सुकर्म गरेर स्वर्गको कामना गर्नाको सट्टा समाजसेवीले प्राप्त गरेको सफलताको ईर्ष्या गर्छन् । जुनसुकै मानिसले बिना त्याग महत्वपूर्ण उपलब्धि हासिल गर्दैन् । धर्मात्मा र समाजसेवीले मात्र त्यो लोक प्राप्त गर्दछ जहाँ कुनै कष्ट र पीडाको अनुभूति नै गर्न पर्दैन ।

निष्कर्षमा भन्दा मनोरञ्जन र शिक्षा यस कथाको मुख्य उद्देश्य रहेको छ ।

माथिको विश्लेषणबाट हेर्दा बगुवामा प्रचलित लोककथामा सामान्यतयाः मानोरञ्जन नै सम्पूर्ण लोककथाहरूमा पाइने साझा उद्देश्य हो तैपनि लोकमानस वा लोकतत्त्वलाई टिप्ने क्रममा उपर्युक्त कथामा बुद्धि धर्म, भाग्य, सत्य, लोभ, चरित्र, प्रेमसँग सम्बन्धित सामाजिक, सांस्कृतिक विचारहरू पनि उद्देश्यका रूपमा प्रस्तुत भएको पाइन्छ ।

**४.६ भाषाशैलीका आधारमा सङ्कलित लोककथा हरूको विश्लेषण**

भाषाशैलीका आधारमा बगुवा गा.वि.स.मा प्रचलित लोककथाको विश्लेषण गर्दा कथाको आरम्भ, अन्त्य, शीर्षकका दृष्टिकोणले, घटनाको दृष्टिले र विचारका दृष्टिले हेर्नु उपयुक्त ठहरिन्छ । यसैका आधारमा यहाँ विश्लेषण गरिन्छ ।

**क) कथाको आरम्भ**

यस शोध कार्यका लागि सङ्कलित १६ वटा कथाहरूमा ६ वटा लोककथाहरू ( क.सं. ३, ६, ८, १३, १४, १६) एकादेशमा भन्दै परम्परागत शैलीबाट शुरू भएका छन् भने कुनै समयमा, परापूर्वकालमा, कुनै एउटा गाउँमा, कुनै वखत, द्वापरयुग.......जस्ता

शब्दहरूको प्रयोग गरी बाँकी कथाहरूको कथानक सुरू भएको छ । यसरी हेर्दा बगुवाको सेरोफेरोमा प्रचलित लोककथाहरूमा लोककथा भन्ने शैलीको सुरूवातमा परम्परागत मान्यतामा विस्तारै परिवर्तन हुँदै समयसापेक्ष तथा युग सुहाउँदो प्रणालीको क्रमिक रूपमा विकास हुदै आएको पाइन्छ ।

**ख) कथाको अन्त्य**

नेपाली समाजमा भनिने प्रायः लोककथाहरू मनोरञ्जन दिने खालका र केहीहदसम्म नैतिक शिक्षा प्रदान गर्ने खालका हुन्छन् । त्यही अनुरूप बगुवाली परिवेशमा पाइने कथाहरू पनि उक्त विशेषताहरू बाट अछुतो रहेको पाइँदैन । जसअनुसार कथा नं.३, ५, १०, १५, १६ का कथाहरू मनोरञ्जन दिएर अन्त्य भएका छन् । बाँकी कथाहरू दुःखान्त र नैतिक उपदेश दिने कथाका रूपमा देखा परेका छन् ।

**ग) कथाको शीर्षकका दृष्टिले**

प्रायः लोककथाहरूमा स्थानीय परिवेश र समाजको अवस्था अनुरूप शीर्षक चयन गरिएका छन् । सोही मुताबिक बगुवामा प्रचलित लोककथाहरूमा पनि चोटिला पेचिला शीर्षकहरूको चयन भएको पाइन्छ । आधा जसो कथाहरूको शीर्षक चयनमा विशेषणपरक शैलीलाई छानिएको छ भने केही कथाहरूमा नामपरक शीर्षकहरू चयन गरिएका छन् । कथानं.१, ३, ५, ६, ७, ८, १०, ११, १३, १४ का कथाहरूको शीर्षक विशेषण परक छन् भने बाँकी कथा नं. १६, १५, १२, ९, ४, २ का कथाहरू नामपरक शीर्षकमा आधारित छन् ।

**घ) कथाको घटनाका दृष्टिले**

यस शोधमा सङ्ग्रहित कथाहरूमा जम्मा जम्मी ३४ वटा घटनाहरू छन् । यी सबै घटनाहरू बगुवाको सेरोफेरोमा सम्बन्धित नभई विश्वमा नै पाइने घटनाहरूसँग मिल्दोजुल्दो छ । मानवेतर पात्रहरूको सहयोगबाट बनेका कथाहरू भने ७ वटा कथाहरू छन् । अर्थात् कथा नं.४, ६, ८, ९, १०, १२, १६ मा मानवेतर पात्रहरूको प्रयोग भएको छ भने अन्य कथाहरूमा प्रायः अतिशयोक्तिले भरिपूर्ण कथाहरू भए पनि मानवीय पात्रहरू नै प्रयोग भएको पाइन्छ । स्थानीय रूपमा देखिने विभिन्न समस्या, सामाजिक विकृति, पारिवारिक झगडा र अन्धविश्वास लगायत यस्तै यस्तै घटनाहरूलाई स्थानीय स्तरकै भाषाको प्रयोग गरेर विभिन्न तरिकाबाट घटना वर्णन गर्ने कार्य भएको पाइन्छ ।

अझै गहिरिएर हेर्दा कथा नं.१ कानी आमामा २ वटा कथा नं.२ ब्राह्मणको कथामा २ वटा, कथा नं.३ जुक्तिको जितमा २ वटा कथा नं.४ लोभको परिणाममा २ वटा कथा नं. ५ प्यारी कथामा १ वटा, कथा नं. ६ मुसेभाइ कथामा २ वटा, कथा नं. ७ बैगुनी कथामा १

वटा, कथा नं.८ असल साथीमा ४ वटा,कथा नं. ९ काग र वकुल्लाको कथामा ३ वटा, कथा नं. १० लाटा कथामा ५ वटा, कथा नं. ११ स्वार्थी मान्छे कथामा २ वटा, कथा नं.१२ आयो निदरी तेरो काल कथामा ३ वटा, कथा नं. १३ छैटीको भावी कथामा ३ वटा, कथा नं. १४ तिनबित्ते कथामा २ वटा, कथा नं. १५ पहरामा कुहिनो ठोकिएको कथामा ३ वटा, कथा नं. १६ स्वर्ग जाने रहर कथामा ३ वटा गरी जम्मा ४० वटा घटनाहरू देखिन्छन् ।

**ङ) विचारका दृष्टिले**

बगुवाली परिवेशमा सङ्कलित १६ वटा लोककथामा भेटिएका विचारहरूको अधारमा हेर्दा निम्न प्रकारका विचारहरू प्रष्फुटन भएको पाइन्छ । केही कथाहरूमा शब्दान्तर देखिए तापनि विचारहरू भने उस्तै पाइन्छन् । जे होस् क्रमगत रूपमा हेर्दा यहाँ सङ्कलन गरिएका कथाहरूमा निम्न लिखित विचारहरू प्रस्फुटन भएका छन् । सङ्कलन गरिएका कथाहरूमा निम्न लिखित विचारहरू प्रक्षेपित भएका छन् ।

१. बुद्धि सम्बन्धी कथा नं. १, ३, ५, ६, १४

२. धर्म सम्बन्धी कथा नं. ४, १६

३. भाग्य सम्बन्धी कथा नं. १२, १३

४. सत्य सम्बन्धी कथा नं. ९, ११, १५

५. लोक सम्बन्धी कथा नं. २, ७

६. प्रम सम्बन्धी कथा नं. ८

७. अन्य कथा नं. १०

**४.७ परिच्छेदको निष्कर्ष**

प्रस्तुत लोककथाहरूको विश्लेषणको आधारमा हेर्दा बगुवा गा.वि.स.मा प्रचलित लोककथाहरूलाई बुँदाको आधारमा देखाउन सकिन्छ ।

१. मनोरञ्जन

२. शिक्षा

३. उपदेश

४. धर्म संस्कृतिको व्याख्या

५. सामाजिक प्रचलनको चित्रण

६. भाग्यप्रतिको विश्वासको चित्रण आदि ।

# पाचौं परिच्छेद

## ५.१ उपसंहार

बाङ्मयको व्यावहारिक “साहित्य” मा “लोक” थपिएको “लोकसाहित्य” अर्थ शहरबाट धेरै टाढाको बस्ती दूरदराजको बस्तीमा सुखदु:ख साँचेर बाँचेका अनपढ, निरक्षर, दु:खी, गरीब जनताको हृदयबाट मुखरित कोमल भावनाको सुसेली हो भन्ने बुझिन्छ । यस्तो सुसेली जुनसुकै भाषाबाट पनि उजागर भएको हुनसक्छ । त्यसैले लोकसाहित्यमा शब्द आडम्बर, शास्त्रीयता र जटिलला नभइ सरल, सहज र सुमधुर अभिव्यक्ति मिसिएको हुन्छ । लेक-बेसी, खोला-नाला, डाँडा-पाखा, खेत-बारी आदिमा आफ्नो जीवन गुजारा गरिरहेका दु:खी जनताहरूको हृदयबाट उजागर भएको यिनै सुसेलीहरूले नै आदिमताको आड लिएर वर्तमानलाई छर्लङ्ग पारेका हुन्छन् । यसैले होला लोकसाहित्यलाई समाजको दर्पण पनि भन्ने गरिन्छ । मानव सभ्यताको विकाससङ्गै एकान, दोकान, मैदान हुँदै हालसम्म आइपुगेको लोक साहित्यको रचनाकारहरू अज्ञात नै हुन्छन् । लोकलाई सकेसम्म मनोरञ्जन दिनुकासाथै नेपाली-नेपालीमा भावनात्मक एकताको विकास गराउने हाम्रो कला र संस्कृतिलाई आवश्यकता अनुरूप पुष्टि र पल्लवित गराउनु पनि लोक साहित्यको विशेषता नै हो । अझै भन्ने हो भने लोक साहित्य हाम्रो वेद हो, जनश्रुति परम्परा भित्र नै रहेर पनि संसारको मन जित्न सफल र समाजको विभिन्न उमेर तथा वर्गका मानिसलाई आफ्नो रुचि अनि क्षमता अनुरूप, विधागत, छनोट अनुरूप, विकल्प पनि प्रदान गरेको छ यसै भित्र हाम्रो समाजको महत्व र गरिमा झल्केको पाइन्छ ।

लोकसाहित्यको विभिन्न विधाहरू छन् । ती हुन्- लोकगीत लोककथा, लोकगाथा, लोकनाटक, उखानटुक्का र गाउँखानेकथा, यिनीहरू मध्ये कुन जेठो र कुन कान्छो भनेर छुट्याउनु भन्दा पनि कुन विधाको कति महत्व छ भनेर बुझ्नु जरूरी देखिन्छ । लोकसाहित्यका विविध विधाहरूको सहयोगबाट नै वेद, पुराण, महाभारत, रामायण लगायत विभिन्न ग्रन्थहरूको निर्माण भएको कुरालाई कसैले नकार्नै मिल्दैन । त्यसैलाई आधार मान्दा पनि लोकसाहित्यको महत्त्व राम्ररी झल्केको पाइन्छ ।

लोकसाहित्यका विभिन्न अङ्गहरू मध्ये लोककथा दोस्रो महत्त्वपूर्ण अङ्ग हो र यसको उद्भव र विकास मानव सभ्यताको विकाससँगै भएको मानिन्छ । मानव समुदायले आफ्नो दुःख-सुख, हर्ष-विष्मात्, क्रोध-रोदन, उकाली- ओराली आिद कुराहरूको व्यक्त गर्ने र मनोरञ्जन लिनको लागि भन्दै आएका अभिव्यक्ति नै लोककथा हो र लोककथाले आफ्नो अदिमताको परिचय राम्ररी नै दिदैं आएको कुरालाई हामीले भुल्नु हुँदैन । जब मानिसले आफूले भन्न चाहेको कुरालाई व्यक्त गर्दछ, त्यसबाट लोककथाको उत्पत्ति भएको हुनसक्छ । लोककथाले लोकको सुख-दुख, हर्ष-विष्मात्, पीर-व्यथा आदिलाई राम्ररी झल्काउने मात्र होइन यसले मनोरञ्जनका साथै उपदेश र शिक्षा उपलब्ध गराउँछ भन्ने कुरामा कसैको मत बाँझिदैन ।

बगुवा गा.वि.स. नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्र भित्र पर्ने गोरखा जिल्लाको एक पहाडी गा.वि.स. हो । यो गा.वि.स. इतिहासमा चर्चित र इतिहास, पुराण, संस्कृति तथा लोकसाहित्यमा आफ्नै पहिचान भएको गा.वि.स. हो । विकास निर्माणमा पछाडि परेको यो गा.वि.समा ९० प्रतिशत जति मानिस खेतीपातीमा नै निर्भर छन् । निर्वाचन क्षेत्र नं. ३ मा पर्ने बगुवा गा.वि.स.मा ब्राह्मण, क्षेत्री, विभिन्न जनजाति र दलितहरू आदिबासीका रूपमा बसोबास गर्दै आएका छन् । यिनै जातजाति र भाषाभाषीहरूको साझा फुलबारीको रूपमा रहेको यो गा.वि.स.को सम्पत्तिको रूपमा यहाँ प्रयोग हुने लोककथालाई लिन सकिन्छ । यी गाउँले अनुहारहरूको विवशता र वास्तविकतालाई खोतलेर अभिव्यक्त हुने लोककथाले यस भेगको आर्थिक, सामाजिक र सांस्कृतिक चित्रलाई राम्ररी प्रतिबिम्बित गरेका हुन्छन् । यस गा.वि.स बाट विभिन्न कारणले विदेशिएका अध्ययन, व्यापार र जागिरको उद्देश्य लिएर शहर पसेका व्यक्तिहरूको विछोडको  वेदना र कृषिकर्मको थकावटलाई केही  समय भने पनि बिर्सने आधार लोककथा नै हो । फुर्सदको क्षणमा शीतलमा बसेर गाई, बाख्रा चराउन जाँदा गोठालाहरू एक ठाउँमा जम्मा भएर र साँझमा केटाकेटी, बुढाबुढी तथा युवायुवती भेला भएर पनि लोककथा भनेर समय बिताउने परम्परा अझैसम्म रहेको पाइन्छ । खेताला, गोठाला र युवायुवतीको मनोरञ्जन कै रूपमा चर्चित यो विधा अत्यन्त लोकप्रिय विधा हो । यस गा.वि.स.मा प्रचलित लोककथाले मानवीय जनजीवनको आर्थिक, समाजिक, सांस्कृतिक, राजनैतिक, भाषिक तथा भौगोलिक परिवेशले अन्य गा.वि.स.सँग दाँजेर तुलनात्मक अध्ययन गर्न सघाउँछ ।

यहाँ प्रचलित कथाहरू कथावस्तुका आधारमा, अभिप्रायका आधारमा पात्रका आधारमा, वातावरणका आधारमा, भाषा शैलीका आधारमा र उद्देश्यका आधारमा विश्लेषण गरिएको छ ।

शोध परिचयमा नै शोधको नाम बगुवा गा.वि.स.मा प्रचलित लोककथाको सङ्कलन , वर्गीकरण र विश्लेषण राखिएको छ । त्यसपछि यस गा.वि.स.को धार्मिक, ऐतिहासिक, पौराणिक र सांस्कृतिक परिचय, सीमाना, हावापानी, सामाजिक जनजीवन, भाषा र शैक्षिक अवस्थालाई पनि संक्षेपमा चर्चा गरिएको छ । लोकसाहित्यको परिचय र विधा वर्गीकरण, लोकशब्दको व्युत्पत्ति र अर्थ, लोकसाहित्यको परिचय, विधाहरूको वर्गीकरण, परिचय र परिभाषा लोककथा र लिखित कथा अन्य आख्यान विधा सङ्गको सम्बन्ध, उत्पत्ति, विशेषताहरू, तत्त्वहरू र अध्ययन परम्परा पनि प्रस्तुत गरिएको छ । त्यसपछि बगुवामा प्रचलित लोककथाहरू खोजतलास गर्दै विभिन्न तत्त्वको आधारमा वर्गीकरण गरिएको छ । अन्त्यमा बगुवामा प्रचलित लोककथालाई विभिन्न शैलीमा गरिएको वर्गीकरण विषयगत आधारमा गरिएको वर्गीकरण हो भन्ने निष्कर्षमा पुग्ने कार्य भएको छ ।

## ५.२ सारांश

यस शोध पत्रको पहिलो परिच्छेदमा शोध परिचय प्रस्तुत गरिएको छ । शोध पत्रको दोस्रो परिच्छेदमा बगुवा गा.वि.स.को परिचय दिने क्रममा पृष्ठभूमि उल्लेख गर्दै भौगोलिक अवस्थिति र साँध सिमाना, राजनैतिक विभाजन र जनसङ्ख्याको स्थिति र धर्म, जात र भाषाका विषयमा पाइएको तथ्याङ्क तथा टिप्पणी सामाजिक जनजीवमा पाइने विविधता, शिक्षा र स्वास्थ्यको अवस्थाको बारेमा जानकारी दिइएको छ । यी विभिन्न पक्षको वर्णनबाट बगुवा गा.वि.स.रहेको जिल्ला गोरखा र यो गा.वि.स. ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पौराणिक दृष्टिकोणले महत्वपूर्ण मानिने पहाडी क्षेत्र हो भन्ने कुरा छर्लङ्ग हुन्छ ।

लोककथा नेपाली लोकसाहित्यको एक प्रमुख विधा हो । यस शोधपत्रको तेस्रो परिच्छेदमा लोकसाहित्यको परिचय र विधागत वर्गीकरण, परिभाषा, लोककथा र लिखित कथा अन्य आख्यान विधासङ्गको सम्बन्ध, उत्पत्ति, विशेषता, तत्त्व, अध्ययन परम्परा छ । लोककथा जस्ता अभिव्यक्तिले समाजमा सम्पूर्ण वर्गलाई मनोरञ्जन, शिक्षा र उपदेश दिने हुनाले यसको विषयगत वर्गीकरणमा ज्यादा जोड दिइएको छ ।

यस शोध पत्रको चौंथो परिच्छेदमा बगुवा गा.वि.स.मा पाइने लोककथालाई लोककथा तत्त्वका आधारमा शोध शीर्षकको उद्देश्य अनुरूप विश्लेषण गरिएको छ । बगुवामा प्रचलित लोककथा भित्र देखिने समाजका विभिन्न पक्षको चित्रण, वर्गीय भिन्नता आदि पक्षको विश्लेषण गरिएको छ ।

## ५.३ निष्कर्ष

'लोक' जनसमूहको बाचक शब्द हो, जुन परिष्कार, सभ्यता, शिक्षा आदिमको कृत्रिमताले रहित अदिम मनोवृत्तिमा आधारित रहन्छ । यस अवस्थामा जति पनि निराक्षर समूह छन् तिनको आशा-निराशा, हर्ष-विषाद, जीवन-मरण, लाभ-हानी, सुख-दुख, आँसु-हाँसो, निष्ट-अनिष्ट आदि सिङ्गो ध्वनि जुन साहित्यमा पाइन्छ । त्यही लोक साहित्य हो । लोककथा गाउँखाने कथा र उखान टुक्का भन्दा व्यापक, लोकनाटको दृश्यात्मकता भन्दा कथनात्मक, लोकगीतको भावनात्मकता भन्दा बस्तुपरक विधाको रूपमा चिनिएको छ । गद्यात्मक र वर्णनात्मक लोककथाको मूल स्वरूप हो ।

लोककथा भित्र लोकमानस र अभिप्रायः केन्द्रीय रूपमा रहन्छन् भने कथानक र चरित्र आदि परिधीय रूपमा रहन्छन् जसले लोककथाको स्वरूप निर्माण गर्छन् । आधुनिक कथामा भने घटना र चरित्र केन्द्रमा तथा लोकतत्त्व परिधिमा रहन्छन् । यही असमान पक्ष भएकाले दुबै भिन्न विधाका रूपमा चिनिन पुगेका हुन् ।

लोककथा अवैयक्तिक र श्रुतिकथन परम्परामा आधारित हुन्छ । यसमा एकातिर व्यापक संस्कृति अटेको हुन्छ भने अर्कोतिर मानवको स्वभाविक प्रवृत्ति एवं प्रेम पनि आएको हुन्छ । घटनाको बाहुल्यता एवं वर्णनात्मकतायसका परिचायक तत्त्व हुन् । लौकिक, अलौकिक मानव एवं मानवेतर पात्रलाई समावेश गरी घटनालाई कौतुहल पूर्ण बनाई प्रस्तुत गर्नु लोककथाको आफ्नोपन हो । यो संयोगमा टुङ्गिन्छ त्यस सन्दर्भमा सत्ले असत्लाई परास्त गर्छ । यसरी सत्यको जित हुने शिक्षा दिंदै लोककथाले मङ्गलको कामना गरेको हुन्छ ।

लोककथाको वर्गीकरणमा विद्वानहरूको एकमत पाइँदैन । प्रायसबै वर्गीकरण अपूर्ण वा अधुरा छन् । त्यसैले **"बगुवामा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण"** नामक यस शोध पत्रमा सङ्कलित लोककथालाई निम्नलिखित सात भागमा वर्गीकरण गरिएको छ ।

१) अलौकिक लोककथा

२) उपदेशात्मक लोककथा

३) शौर्य र कौशलतापूर्ण लोककथा

४) जीवजन्तु सम्बन्धी लोककथा

५) सामाजिक लोककथा

६) पौराणिक लोककथा

७) विविध लोककथा

बगुवा गा.वि.स.मा प्रचलित लोककथाले त्यहाँको सांस्कृतिक, सामाजिक, उपदेशात्मक, अलौकिक जस्ता विषयलाई व्यापक रूपमा प्रस्तुत गरेका छन् । यस्तै यहाँका कथाद्वारा विभिन्न जातिको स्वभाव संस्कृति र रीतिरिवाजलाई पनि प्रष्ट्याउन खोजेका छन् । सङ्कलित लोककथाहरूको अध्ययन गर्दा यहाँको जनताका आशा र आकाङ्क्षाका साथै यिनीहरूको मनोविज्ञानको समेत अभिव्यञ्जना भएको छ । यसरी हेर्दा यहाँको समाजलाई राम्रो-नराम्रो, असल-खराब, ठीक-बेठीक आदिको निर्देशन कथाका माध्यमबाट नै कलात्मक ढङ्गले दिइएको  पाइन्छ ।

बगुवा गा.वि.स.मा सङ्कलित १६ वटा लोककथाहरू मध्ये ६ वटा लोककथाहरू “एकादेशमा” शब्दबाट सुरूभएका छन् भने १ वटा “परापूर्वकालमा” शब्दबाट सुरू भएका छन् भने बाँकी कथा ‘कुनै एउटा गाउँमा’, ‘कुनै बखतमा’ शब्दबाट सुरू भएका छन् । अधिक सङ्ख्यामा लोककथाको सुरूवात गर्ने शैलीका रूपमा उपर्युक्त शब्द प्रयोग भएको छन् । केही लोककथामा प्रचलित शैलीको सङ्केत पनि पाइन्छ । यसरी नै लोककथाहरू सामाजिक मनोरञ्जनका उद्देश्यले भनिने हुँदा ९ वटा लोककथाहरू सुखान्त पूर्ण पाइएको छ भने ७ वटा कथाहरू दुखान्तमा टुङ्गिएका छन् । शीर्षक चयन शैलीलाई हेर्दा  प्राय १६ वटै कथा सारवस्तुपरक छन् ।

बगुवा गा.वि.स. मा सङ्कलित १६ वटा लोककथामा पाइने विचारहरूको अध्ययन गर्दा बुद्धि, भाग्य, सत्य, लोभ र प्रेम जस्ता सामाजिक भावनाका विचारहरू विभिन्न शब्दान्तरले पुनरावृत्ति भएका छन् । बगुवा गा.वि.स मा सङ्कलित लोककथाको पात्रहरूलाई लिङ्ग कार्य र मानवत्वका आधारमा अध्ययन गर्दा स्त्री पात्र १२ वटा, पुरूष पात्र २९ वटा देखिन्छन् । कार्यका आधारमा हेर्दा मुख्य पात्र २० वटा, सहायक पात्र १९ वटा, गौण पात्र १६ वटा देखिएकाले लोककथामा सहायक पात्रको सङ्ख्या बढी हुन आउँछ । यहाँ मानव पात्र ४१ वटा र मानवेतर पात्र ११ वटा देखिन्छ । लोककथामा मानवपात्रको सङ्ख्या बढी हुन्छ  भन्ने  यथार्थ यस अध्ययनबाट देखिएको छ । मानवेतर पात्रमा स्वतन्त्र प्रयोग समेत प्रमाणि भएको छ ।

वातावरणको परिवेशलाई हेर्दा १२ वटा लोककथामा सामाजिक बातावरण, ३ वटा कथामा अलौकिक वातावरण र १ वटा कथामा सांस्कृतिक वातावरण पाइन्छ । अतः बगुवा गा.वि.स. मा सङ्कलित लोककथाहरूमा अन्य क्षेत्रका लोककथाहरूमा झैं मनोरञ्जनात्मकताको उद्देश्यले अलौकिक वातावरण र लोक तत्त्वका कारण सामाजिक वातावरणको प्रवलता छ भनी पुष्टि गर्न सकिन्छ । बगुवा गा.वि.स का लोककथाहरूको शैलीपरक अध्ययन गर्दा अधिकांश कथामा अन्यत्रका कथाझैं "एउटा" शब्दसँग स्थानवाची, देव, व्यक्ति, मानवेत्तर प्राणी आदिको नाम प्रयोग भएको छ । उल्लेखनीय कुरा यो छ कि प्रारम्भकै वाक्यमा पात्रको र कतिपय ठाउँमा सङ्ख्या समेतको कथन गर्ने शैली पाइन्छ । श्रोताहरूलाई अन्त्यमा प्रभाव दिने शैलीलाई हेर्दा अधिकांश कथामा सुखानुभूति दिने शैली पाउन सकिन्छ । दुःखानुभूतिका सन्दर्भमा पनि श्रोताको भावनात्मक परिष्कार गर्ने उद्देश्य मान्न सकिन्छ । जुनसुकै किसिमको अनुभूति दिन खोजिएतापनि शिक्षा दिन खोज्ने लोककथाको शैली औसतमा पाइएको छ । वर्णनका सन्दर्भमा करूणा योग्य पात्र आर्दश पात्रको वर्णन गर्ने शैली रहेको छ । अर्को शब्दमा भन्दा श्रोताले आधिकारिक शिक्षा वा प्रभाव लिन सक्ने प्रसङ्गमा पनि वर्णनको पद्धति अँगालिएको छ । सङ्कलित लोककथामा आलङ्कारिक वाक्यको खोजी गर्दा अन्य सन्दर्भमा भन्दा कथोपकथनमा आलङ्कारिता पाइएको छ ।

बगुवा गा.वि.स.मा संकलित लोककथामा उद्देश्यको अध्ययन गर्दा निम्न किसिमका विचारहरू विभिन्न कथामा शब्दान्तरले आएका पाइन्छन् ।

### क) बुद्धि सम्बन्धी

१) नराम्रो र गरिब भएपनि आफ्नो मान्छे आफ्नै हुन्छ ।

२) सन्तानप्रति बाबुआमाको माया निःस्वार्थ हुन्छ ।

३) घमण्डलाई जुक्तिले पराजित गर्न सकिन्छ ।

४) प्याच्च बोल्ने थ्याच्च बस्ने बानी राम्रो होइन ।

५) हरेक मान्छेसँग कुनै न कुनै गुण र विशेषता हुन्छ ।

६) अनौँठो वस्तु  मूल्यवान् हुन्छ ।

### ख) धर्म सम्बन्धी

१) अनावश्यक लोभ गर्दा परिणाम नराम्रो हुन्छ ।

२) लोभले लाभ लाभले विलापको स्थितिमा पुऱ्याउँछ ।

३) असल कर्म गर्नेले मात्र पद र प्रतिष्ठा प्राप्त गर्दछ ।

४) ईर्ष्या गर्नु अनिष्टताको लक्षण हो ।

**ग) भाग्य सम्बन्धी**

१) कहिलेकहीँ मानिसको तालुमा आलु फल्छ ।

२) गल्ती गर्ने मानिस सदैव डराउँछ ।

३) मान्छेले भाग्यमा लेखे भन्दा बढी केही पाउँदैन ।

४) पूर्वजन्मको फल यो जन्ममा भोग्नु पर्छ ।

यसरी हेर्दैजाँदा बगुवा गा.वि.स.मा प्रचलित लोककथामा मनोरञ्जन नै साझा उद्देश्य देखिन्छ । तापनि लोक मानस वा लोक संस्कृतिलाई टिप्ने क्रममा उपर्युक्त प्रकारका विचारहरू पनि उद्देश्यका रूपमा भएका पाइन्छन् ।

यसरी समग्रमा बगुवा गा.वि.स का लोककथाहरूको अध्ययन गर्दा ऐतिहासिक र पौरणिक भन्दा सामाजिक स्वरूप बढी फेला परेका छन् । आधुनिक कथामा झै पूर्वदीप्ति शैलीपद्धतिको प्रयोग यहाँ प्रचलित लोककथामा भेटिंदैन । अतः कथाहरू सामाजिक, सांस्कृतिक, अलौकिक आदि वर्गमा वर्गीकृत देखिन्छन् । लोक जीवनसँग सम्बन्धित पारिवारिक समस्याहरूमा आधारित सामग्री अधिक मात्रामा फेला पारिएको छ । अतः बगुवा गा.वि.स.मा प्रचलित लोककथाहरू अन्यत्र प्रचलित लोककथाहरू भन्दा भिन्न देखा परेका छन् ।

## ५.४ भावी अनुसन्धानका निम्ति सुझाव

बगुवा गा.वि.स. लोकसाहित्यको भण्डारको रूपमा रहेको छ । यस गा.वि.स.को लोक साहित्यलाई निम्नलिखित शीर्षकहरूमा आधारित रहेर अनुसन्धान गर्न सकिन्छ :-

क) बगुवा गा.वि.समा प्रचलित लोकगीतको अध्ययन ।

ख) बगुवा गा.वि.समा प्रचलित लोक गाथाको अध्ययन ।

ग) बगुवा गा.वि.समा प्रचलित उखानको अध्ययन ।

घ) बगुवा गा.वि.समा प्रचलित  गाउँखाने कथाको अध्ययन ।

ङ) बगुवा गा.वि.समा प्रचलित लोकनाटकको अध्ययन ।

# सन्दर्भग्रन्थ सूची


उपाध्याय, कृष्णदेव (१९७७ ई.), **लोकसाहित्यको भूमिका**, साहित्य भवन, इलाहाबाद, ।

उपाध्याय, कृष्णदेव (१९९२), **लोकसाहित्यको भूमिका**, इलाहाबाद, ।

कोइराला, शम्भुप्रसाद, **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, काठमाडौँ ।

गुप्त, सत्या (१९६५), **खडीबोलिका लोकसाहित्य**, हिन्दुस्थान एकेडेमी, इलाहबाद ।

त्रिपाठी, बासुदेव र अरुहरु(सम्पा) (२०६०), **नेपाली बृहत् शब्दकोश, छै.सं.,** ने.रा.प्र.प्र., काठमाडौँ ।

थमसन, स्टिथ (२०५८),चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, एकता बुक्स, काठमाडौँ ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१), **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौँ, पा.वि.के.त्रि.वि. ।

दिवस, तुलसी (२०३३), **नेपाली लोककथाः केही अध्ययन**, काठमाडौँ, रा.प्र.प्र. ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४०), **लक्ष्मी निबन्ध सङ्ग्रह**, साझा प्रकाशन, काठमाडौँ ।

पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक**, वीणा प्रकाशन, काठमाडौँ ।

पराजुली, मोतीलाल(२०४९), **नेपाली लोकगाथा**, पोखराः श्रीमती तारादेवी पराजुली ।

पोखरेल, बालकृष्ण (२०४०), **नेपाली बृहत शब्दकोष**, काठमाडौँ, ने.रा.प्र.प्र. ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य**, एकता बूक्स, काठमाडौँ ।

शर्मा, श्रीराम (१९९२), **लोकसाहित्य सिद्धान्त और प्रयोग**, विनोद पुस्तक मन्दिर, आगरा ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०६१), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, साझा प्रकाशन, ललितपुर ।

सेन, दिनेशचन्द्र (१९२०), **बङ्गाली लोकसाहित्य**, चूडामणि बन्धु, नेपाली लोकसाहित्य, एकता बुक्स, काठमाडौँ ।

१. आवधिक जि.वि.स. योजना २०५८, गोरखा ।

२. सुनील अर्याल, **गोरखा जिल्लामा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण**, (त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र), २०६३ ।

३. सुशीला पोखरेल, **गोरखा जिल्लामा प्रचलित टुक्काको अध्ययन**, (त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र), २०६३ ।

# परिशिष्ट क

## बगुवा गा.वि.स. मा प्रचलित लोककथाको सङ्कलन

प्रस्तुत परिशिष्ट भागमा बगुवा गा.वि.स.मा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेण शीर्षकको यो शोधपत्र तयार गर्ने क्रममा १६ वटा लोककथाहरू सङ्कलन गरी सुरक्षित पारिएको छ । यस क्रममा बगुवा गा. वि. स. मा लोककथा वाचकले लोककथा जसरी व्यक्त गरे त्यसैअनुसार यहाँ लिपिवद्ध पार्ने काम गरिएको छ ।

यस परिशिष्ट भागमा सङ्कलित ती १६ वटा लोककथाहरूका र्शीषक यी हुन् ।

१) कानी आमा

२) बाह्मणको कथा

३) जुक्तिको जित

४) लोभको परिणाम

५) प्यारी

६) मुसेभाइ

७) बैगुनी

८) असल साथी

९) काग र बकुल्लाको कथा

१०) लाटाको कथा

११) स्वार्थी मान्छे

१२) आयो निदरी तेरो काल

१३) छैंटीको भावी

१४) तिनबित्ते

१५) पहरामा कुहिनो ठोकिएको कथा

१६) स्वर्ग जाने रहर

१. कानी आमा

नेपालको कुनै एउटा गाउँमा मनमाया नाम गरेकी एकजना एउटा आँखा नभएकी विधवा बस्दथिन् । उनको बिर्खे नाम गरेको एक मात्र छोरो थियो । छोरा गर्भावस्थामा हुँदा नै उनको पति वीरबहादुरको निधन भएको थियो । बिचरा एक्ली मनमायाले पेटको सन्तानलाई जन्म दिएर हुर्काइन, बढाइन् र पढाइन् । बिर्खे पनि पढाइमा अत्यन्त चलाख थियो । हरेक कक्षामा प्रथम हुँदै ऊ कक्षा चारमा पुग्यो कक्षा चारमा पढ्दै गर्दा आफूलाई हेर्दै साथीहरू हाँस्दै गरेको कुरा उसले थाहा पायो । उसलाई साथीहरूले कानीको छोरा भनेर हाँस्ने गरेका रहेछन् । त्यस दिनबाट उसले कानी आमाको छोरा हुन परेकोमा हिनताबोध गर्न थाल्यो र आमासङ्ग टाढाटाढा बस्ने प्रयत्न गर्‍यो । पढ्दै अनि बढ्दै गएको बिर्खेले कक्षा १० मा पुग्दा त आमाको नाता लगाउन नै छाडिसकेको थियो । तर पनि आमा आफनो एकमात्र सन्तानको सुखद् भविष्यको लागि प्रयत्नरत रही रहिन् । छोराले आमासम्म नभन्दा पनि उनले चित्त दुखाइनन् र वास्तविक कुरा छोरालाई भनिनन् पनि ।

यस्तै रितले छोरा बिर्खेले पनि एस.एल.सी. प्रथम श्रेणीमा पास गर्‍यो र विदेशमा सरकारी खर्चमा पढ्न जाने अवसर पायो । विदेशमा पाँच वर्ष पढेर दक्ष बनेको बिर्खे आमालाई चटक्क भुलेर उहाँनै काम गर्‌यो, बिहे गर्‌यो र १ छोरा १ छोरीको पिता पनि बन्यो ।

यता नेपालमा एक्लै दिन काट्न बाध्य भएकी मनमाया बृद्ध अनि रोगी हुँदै गइन् । मर्न भन्दा अघि आफ्नो प्यारो छोराको मुखसम्म हेर्ने धोको रह्यो । त्यसैले उनी आफूसङ्ग भएको सबै धन सम्पत्ति जग्गा जमिन बेचेर पैसा बनाई छोरा गएकै ठाँउ सिङ्गापुर पुगिन् । जतिवेला उनी खोज्दैखोज्दै छोराको घर पत्ता लगाइन त्यतिबेला नाति नातिना खुबै रमाएर खेल्दै थिए । उनलाई एकाएक आफनो घरमा देखेर ती दुबै नाति नातिनी भूत आयो हामीलाई तर्सायो भनेर चिच्याउन थाले । छोरा छोरी कराएको सुनेर भित्रबाट बिर्खे र बिर्खेकी पत्नी पनि अत्तालिदै बाहिर आए । छोरा बिर्खेले कानी आइमाई देखेर आमा भनी

चिन्यो तर बोल्नसम्म तयार भएन वा वास्तै गरेन । आमाले छोराले घरजम गरी सुखपूर्वक बसेको कुरा थाहा पाइन् र सन्तुष्ट भइन् । श्रीमती र छोरा छोरीलाई ती कानी आइमाई को हुन् भन्ने पत्तै भएन ।

आमा मनमायाको एकमात्र अन्तिम धोको छोराको मुख हेर्ने थियो, हेर्न पाइन्, उनी त्यसैमा सन्तुष्ट भइन् । छोराले वास्तै नगरे पनि उनलाई दुख लागेन बाहिर सडकतिरै एकरात गुजारेर भोलिपल्ट उनी नेपाल फर्किन् । नेपाल फर्केको केही महिनापछि मनमायाँ कडा रोगले थला परिन् । छिमेकीहरूले उनलाई उपचारको लागि अस्पताल लगे । अस्पतालमा पनि लामो समयसम्म उनको उपचार भयो तर रोग निको हुने कुनै लक्षण नै थिएन ।

त्यसै बेला बिर्खे सिङ्गापुरबाट अतिथि बनेर नेपालको एक कार्यक्रममा आयो । कार्यक्रम १ हप्ते थियो । त्यो एक हप्ताको कार्यक्रम सकेर सिङ्गापुर फर्कने बेला उसलाई आमाको सम्झना भयो । जस्तो भए पनि आमा हुन एकपटक भेटेर जानु पर्‍यो भन्ने सोचेर बिर्खे घर गयो तर घरमा ढोका बन्द थियो । छिमेकीसँग सोधेर आमा अस्पतालमा भएको पत्ता लगाई ऊ अस्पतालनै गयो । दुखको कुरा ऊ अस्पताल पुग्दा मनमायाँले संसार छाडिसकेकी थिइन् । छोरा बिर्खेले आमाको मृत शरीर मात्र देख्न पायो । अस्पतालमा जम्मा भएका आफ्ना छिमेकीहरूले बिर्खेलाई भन्दै थिए "बिर्खे बाबु ! तिमी सानो छँदा खेल्ने क्रममा लडेर दाहिने आँखा फुटायौ । तिम्री आमाले छोरा कानो हुने भयो भनेर आफ्नो दाहिने आँखा तिमीलाई दिएर उनी कानी बनिन् । उनको सन्तान प्रतिको माया महान् थियो तर उनले मर्ने बेलामा पनि आफ्नो प्यारो छोराको मुख सम्म देख्न पाइनन् ।" छिमेकीको मुखबाट वास्तवमा आमा कानो भएको कारण थाहा पाएको बिर्खे छाती पिटी पिटी रून थाल्यो । छोरालाई आँखा दिएर आफू कानी बनेकी आमाको सन्तानप्रतिको निःस्वार्थ प्रेमलाई उचित सम्मान नगरी उल्टै कानी भएकी कारणले आमासम्म भन्न लाज मानेको आफ्नो कठोर र निर्दयी व्यवहार सम्झेर बिर्खे जीवनभरि पश्चतापको भूमरीमा तड्पी रह्यो, तड्पी रह्यो ।

**ध्रुव कुमार भट्ट**

बगुवा ९, कसिन्थोक

उमेर ५० वर्ष

## २. ब्राह्मणको कथा

कुनै उड्सन भन्ने देशमा जन्मोदय नामका ब्राह्मण थिए उनकी पत्नी शीलवती थिइन् । छोरा शिरध्वज, बुहारी कला यी चार जनाको प्रशासन मिल्दैनथ्यो । सधै तँछाड मछाड हुन्थो । बुढा भन्थे मेरो प्रशासन लागू हुनुपर्छ । बुढी भन्थिन् होइन मेरो पो हुनुपर्छ त । छोरा भन्थे तपाईंहरू दुबै जना बस्ने मात्र हो । सबै कुरा हामी मार्फत् हुने हो र प्रशासन छोरा कै चल्नुपर्छ । बुहारी भन्छिन् हइन म बुहारी हूँ तापनि तपाइहरूको रेखदेख मैले गनुपर्ने हुँदा प्रशासन मेरो चल्नु पर्छ । यसो हुँदा त्यो घरमा रातो दिन प्रशासनबारे झगडा पर्थ्यो बुढा ब्राह्मण दिक्दार भए । गृहकलहमा अब म बस्दिन भनेर लौरो टेकी जङ्गल जान खाँदै नखाई र नसुती हिंड्न थाले । हिड्दै जाँदा घर छोडेको नौ दिनमा गन्धमाधन भन्ने पर्वतका नगिच पुगे । त्यहाँ ज्यादै रमाइलो लाग्यो । माथि ठूलो पहरो रच । पहरामा गिद्ध रच । को हौ तिमी किन आयौ के हेर्छौ ? भनि गिद्धले सोध्यो । उड्सन भन्ने ठाउँबाट आएको के कसरी भन्दा गृहकलह हुदाँ बास पाइन । यहाँ आउँदा सम्मको समय नौ दिन बित्यो । के खोज्छौ त ? गिद्धले सोधेको जबाफमा उनले शान्ति खोजेको भन्ने जवाफ दिए । शान्ति म दिन सक्दिन, बरू मेरी पत्नी यो भन्दा तल्लो पर्वत मा छ उसैसँग गई सोधे केही भन्छेकी भने पछि बुढा त्यतै गए । त्यहाँ पुगेपछि गिद्धिनीले को हो ? किन आयौ ? के खोज्यौ ? भन्ने प्रश्न गरी । जवाफमा बूढाले शान्ति बहालीमा हिडेको तपाईको पुरूषसँग पनि यो संवाद भयो उहाँले तपाईंलाई भेट भन्नु भयो र यहाँ आएँ । यो सवै ठीक गर्न त म सक्थें तर म भोको छु मलाई केही खान दिन्छौ ? के खानुहुन्छ ? भनी ब्राह्मणले सोद्धा मान्छेको मासु भनी जवाफ आएपछि बाहुन टोलाए । तिमी टोल पर्‍यौ यति वेला कुरूक्षेत्रमा लडाइँ परेर १८ अश्विनी सेना मरेका छन् त्यहाँ गई मान्छेको मासु छानेर ल्याइ देऊ तर मान्छे कै लेऊ है ? कसरी छुट्टयाउने भन्ने शङ्काले टोलाए । म तिमीलाई चश्मा दिन्छु भनी गिद्धेनीले दाहिने पट्टिको प्वाँख दिई यसले के गर्ने त भन्दा यो चश्माले हेर, तिमीले देख्न सक्छौ । त्यो लिएर बुढा कुरूक्षेत्रमा गएर चश्माले हेरे । उनले त्यो प्वाँखबाट दुर्योधन, कर्ण यी आदिलाई खच्चड, कुकुर गधा र परेवा देखी फिर्ता भए । ल्यायौ त ? भन्दा तपाइले दिएको चश्माले मान्छे देखिन र रित्तै आएँ । कलहले बाहिर हिंडेका रहेछौ । सवै मान्छे एकै हुँदैनन् । त्यसैले चश्माले वूढीलाई हेर त के देख्छौ भनी । उनले त्यसै गरे । त्यसो गर्दा

उनले बुढीलाई स्पष्ट सर्प देखें । आफैंलाई हेर त भन्दा मुसो देखें भने । छोरालाई हेर्दा कुकुर देखे । बुहारीलाई हेर्दा बिरालो देखे । आफ्नै परिवार पनि मान्छे होइन रहेछ । त्यसैले मान्छे विरलै मात्र पाइन्छ । त्यसैले तिमी ऋषि आश्रममा बसी तपस्या गर त्यसैमा तिमी मुक्त हुन्छौ । मान्छे बन्न गाह्रो हुने संदेश यस कथाले दिएको छ ।

**कुलदेव भट्टराई**

बगुवा-८

उमेर : ७९ वर्ष

## ३. जुक्तिको जित

एकादेशमा एक घरगृहमा बस्ने विद्वान् थिए । एकदिन उनका घरमा जङ्गली पंण्डित आए । वार्तालापका क्रममा जङ्गलमा बस्ने पण्डितले मैले सोधेका कुरा जवाफ दिन सक्नु हुन्छ ? भनी प्रश्न गरे । घर पण्डितले उत्तर दिन सक्छु भने । नसके के गर्ने भनी सर्त राखियो । सर्त अनुसार उत्तर दिन नसक्नेले दास हुनुपर्ने भयो । त्यसपछि जङ्गली पण्डितले प्रश्न गरे घर पंण्डितले उत्तर दिन सकेनन् । सर्त बमोजिम जङ्गली पण्डितले घर पण्डितलाई दास बनाइ लगे । आफ्नो पतिलाई दास बनाई लगेकाले घर पंण्डितकी श्रीमती ज्यादै रुन कराउन थालिन् । यो देखेर गोठालाले रुनको कारण सोध्यो । बुढीले सवै कुरा नोकरलाई बताइन् । वास्तविक कुरा थाहा पाएर गोठालाले बुढीलाई सान्त्वना दिदै मालिक भएको ठाउँमा गयो । त्यतिबेला दुवै पण्डित चौतारामा बसिराखेका रहेछन् र गोठालाले आफ्नो पण्डित किन ल्याउनुभयो ? भनी प्रश्न गर्‍यो । जवाफमा जङ्गली पण्डितले सर्तमा हारेकाले मैले ल्याएको हो भनी जवाफ दियो । त्यसो भए म एक प्रश्न गर्छु त्यसको उत्तर तपाईले दिनु पर्छ भनी गोठालाले भन्यो । अप्ठ्यारोमा परेका जङ्गली पण्डितले हुन्छ भन्न करै लाग्यो । त्यस पछि त बडो जुक्तिपूर्वक गोठालाले ह, फ, क, को अर्थ लगाउनुहोस् भन्यो । उनले त्यसको जवाफ दिन सकेनन् र गोठालो आँफैले हलो, फाली, करूवा हो भनी उत्तर दिए । यसरी अर्कालाई षडयन्त्रमा फसाउन खोज्ने जङ्गली पण्डित आफै घर पण्डितको दास बने ।

**डिल्ली राम भट्टराई**

बगुवा ६

उमेर ३६ वर्ष

## ४. लोभको परिणाम

कुनै एउटा गाँउमा गरिब किसान बस्दथ्यो । ऊ धेरै मेहनती थियो । जति मेहनत गर्दा पनि उसको खेतीबाली राम्रो हुन सकेन । त्यसैले ऊ दुःखी हुँदै एक दिन खेतबाट फर्कदै थियो । फर्कने क्रममा उसले बाटोमा सर्प भेट्यो । सर्पलाई किसानले देवता ठान्यो र त्यसको पूजाआजा नगर्दा आफ्नो खेतीवाली राम्रो नभएको भन्ने ठान्यो । त्यस दिन देखि ऊ कचौरामा दूध लिएर सर्पको पूजा आराधाना गर्न थाल्यो । सर्पले पनि दुध पिएर कचौरामा सुनको सिक्का खसायो । यस्तै प्रकारले सर्पको पूजा आराधाना किसानले दिनहुँ गर्दै गयो र आफू धनी पनि वन्दै गयो । तर किसानमा लोभ र पाप बढ्दै गयो । त्यसैले एक दिन सर्प बाहिर निस्कन लाग्दा धेरै सुनको सिक्का एकै पटक पाउने लोभले किसानले सर्पलाई लठ्ठीले प्रहार गर्‍यो । त्यसको वदलामा सर्पले किसानलाई हातमा टोकेर बाच्न सफल भयो । सर्पको टोकाइले छिट्टै धनी बन्ने कल्पना गरेको किसानको दुःखद् निधन भयो । यसरी धेरै लोभ गर्दा परिणाम राम्रो नहुने सन्देश कथाले प्रदान गरेको छ ।

**मोहन श्रेष्ठ**

बगुवा-३

वर्ष ५९

## ५. प्यारी

सत्य, त्रेता, द्वापर र कली ४ युग मध्ये द्वापर युगमा राजा सूर्यवंशी र चन्द्रबंशी भन्ने राजाले राज्य गर्नुहुन्थ्यो । उहाँको देशमा एक बुढाबुढी थिए । उनका घरमा एक दिन अचानक एक पाहुना आए तर ती पाहुना अर्काको घरको खाँदैनथे । आफ्नो खर्च लिएर जान्थे र आफूले लगेको चामलको पोको हातमा लिएर तिनै बुढाबुढी बस्ने घरमा पुगेर भने मलाई बास दिनुस् । बुढाले हुन्छ बस्नुस् भनेपछि पिढींमा बसे । घरबेटी बुढाले आफ्नो बुढीलाई प्यारो गरेर यता आउँदा पनि प्यारी उता जाँदा पनि प्यारी जसो गर्दा पनि प्यारी भनेको ती पिढींमा बस्ने पाहुनाले सुने र सोचे यी बुढीको नाम प्यारी नै रहेछ । त्यसैले उनले ए घरबेटी प्यारी मेरो चामल पनि पकाइदेऊ भने । यो कुरा त्यो घरका बुढाले सुने र भने ए बदमास पाहुना मेरो बुढी मेरो पो प्यारी त तेरो हो र भनेर गाली गर्दै घरबाट निकाले ।

**खडानन्द भट्टराई**

बगुवा-८

उमेर- ६४ वर्ष

## ६. मुसेभाइ

एकादेशमा एक बुढाबुढीका ७ भाइ छोरा जन्मिएछन् । जसमध्ये कान्छो चाँहि छोरो मुसोको रूपमा जन्मिएछ । कान्छालाई सबैले मुसे भाइ भनेर बोलाउने गर्थे । मुसे भाइ खासै अरू काम गर्न सक्दैनथ्यो तर अप्ठ्यारोमा ऊ नभै हुदैनथ्यो । एकपटक बा आमा सहित सपरिवार तीर्थ जाने निर्णय गरेछन् र मुसेलाई तँ घर कुर हामी तीर्थ जान्छौ भनी सवै जना हिडेछन् । मुसेभाइलाई आफू मात्र घरमा छोडिदा पटक्कै चित्त बुझ्नेनछ र कसैले नदेख्ने गरी ऊ आफ्ना परिवारको पछि पछि लागेछ । बाँटो हिड्दा गर्मीले सबै आत्तिएछन् । बाटोमा मजाले पाकेको मेवा देखेछन् । अरू भाइले टिप्न सकेनछन् । थुक्क मुसेभाइलाई ल्याउन पाएको भए मेवा टिपेर मजासँग ख्वाउँथ्यो भनेर भन्न थालेछन् । यो सुन्ने वित्तिकै मुसेले म आउँछु दाइ भनेर चिच्यायो र मेवा टिपेर ख्वायो । त्यसपछि उसलाई फेरि घर फर्काए र उनीहरू हिडे । तर मुसे भने लुकीलुकी पछि लाग्यो, रात कुनै घरमा बास बसे तर मुसे भने घरको गारोमा लुकेर बस्यो । त्यो घरकी बुढी नामुद बोक्सी रहिछ र छवटै भाइको मुटु कलेजो झिकी खाने सल्लाह घरपविारसँग गरीछ । सो कुरा बास बस्ने कसैलाई थाहा थिएन तर गाह्रोमा लुकी बस्ने कान्छो भाइले भने सवैकुरा थाहा पाइ रहेको थियो । जव आफ्ना दाजुहरू मस्त निद्रामा परे तब उनीहरूलाई मारी कलेजो मुटु निकाल्ने तयारी भो । सोही बेला मुसेले आफ्ना सवै दाजुभाइको गालामा कोतरी दियो । सवै निद्राबाट बिउँझिए । बोक्सीहरूको कलेजो मुटु खाने योजना असफल भयो । तसर्थ समय, बेला, प्रसङ्गमा सबैको आआफ्नो महत्त्व हुने कुरा मुसेभाइले प्रमाणित गरिदियो ।

दुर्गा प्र. ढकाल

उमेर ४५ वर्ष

बगुवा ८ गोरखा

## ७. बैगुनी

कुनै एउटा गाउँमा घर छोडेर कही नगएको एकजना युवक बस्तथ्यो । ऊ एकदिन काठमाण्डौ जान भनी हिड्छ । त्यतिबेला ७ दिन बाटो हिडेर काठमाडौं पुगिन्थ्यो । बाटो हिड्दै जाँदा विभिन्न ठाउँमा बास बस्दै त्यो मान्छे तेस्रो दिन एकजना पाहुना भनेपछि देवता जस्तै ठानेर सेवा पुऱ्याउने बुढीको घरमा बास बस्न पुगेछन् । उनको पति र एक छोरा

घरमा रहेछन् । आफ्नी पत्नीको पाहुनाको सत्कार गर्ने व्यवहारले बुढा पनि खुसी नै थिए । त्यस दिन पनि पाहुनालाई घरमा बास दिन पाउँदा बुढाबुढी दुवै खुसी हुँदै सकेसम्म सत्कारको व्यवस्था मिलाएछन् । युवक पनि उनीहरूको सेवामा ज्यादै हर्षित भएर खाना खाए पछि पनि धेरै समय सुख दुःखका कुरा गरेर बसी रहे । रात धेरै छिप्पिए पछि उनीहरूलाई निद्रा लाग्यो र एक आरामदायी बिछ्यौनामा पाहुनालाई सुताएर उनीहरू पनि सुते । भोलि विहान युवक सवेरै उठेर वाटो लाग्न हतार गर्‍यो । बुढीले पनि बिहान सवेरै उठेर एक गिलास दुध ख्वाएर युवकलाई विदा गर्न चाहिन् र युवकलाई एक छिन बस्न अनुरोध गरिन् । केही समय पछि तताएको एक गिलास दुध युवकको हातमा राख्दै बुढीले भनिन् "बाबु ! तपाईंलाई त मैले कान्छो छोरा जस्तै सम्झे, फेरि फेरि पनि आउने गर्नुस् है" युवकले पनि तत्कालै भन्यो "आमा तपाईंलाई त मैंले मेरो बुबाको कान्छी स्वास्नी जस्तो ठानें ।" यो सुन्ने बित्तिकै बिचरा बुढी चित्त दुखाउँदै बुढालाई त्यो बताउन गइन् । बुढाले सबै सुनेर त्यो गुनको बदला अवगुणले तिर्ने युवकलाई नराम्रोसँग गाली गरेर अब कहिल्यै मेरो घरमा नआउनु भनी पठाए ।

**साधुराम श्रेष्ठ**

बगुवा ३

उमेर ४६

## ८. असल साथी

एकादेशमा एउटा ठूलो घनघोर जङ्गलमा एउटी बघिनी बस्थी । उसको एउटा डमरु पनि थियो । एकदिन बघिनी आहारा खोज्दै घुमिरहेकी रैच । त्यही बेला उसको भेट बनमा चर्न गएकी गर्भवती गाईसँग भएच । आफू भोको भएकोले बघिनीले गाईलाई खाने प्रस्ताव राखिच । गाइले म अहिले गर्भवती छु भरेभोलि भैसकेको छ हाललाई मलाई नमार म बच्चा जन्माँउछु त्यसपछि खाउँला भन्ने प्रस्ताव राखी । बाचाकबोल गरेर बघिनीले छोडीच ।

भोलिपल्ट गाईले बाच्छो जन्माई र बाच्छो साथमा लिएर बघिनी कहाँ गई । डमरु र बाच्छो एक आपसमा नजिक साथी बनेछन् । उता आमालाई बघिनीले खाने कुरा थाहा भइ सकेको थियो । डमरु दिनभर चर्थ्यो बेलुका बाच्छासँगै खेल्ने र सुत्ने गर्थ्यो । एक दिन बघिनीले गाइलाई कबुल खोइ त भनिच । बाचामा हारी सकेकोले बघिनीले गाईलाई मारेर खाइच । बिचरो बाच्छो एक्लै रुँदैरुँदै बस्दो रहेछ बेलुकी डमरु आइपुग्यो तिमी किन रोएको साथी भनेर सोधेच, मेरो आमालाई तिम्रो आमाले मारेर खाई अब म टुहुरो भएँ मेरो यो

संसारमा कोही छैन भनेर अनेक बिलौना गरी रोएच । डमरुले सम्झाउदै भनेच तिम्रो म छु तिमी नरोउ भनेर बाच्छालाई फकाएच । एकदिन डमरुले खेल्दै जाँदा आमालाई बनमा तिमी भन्दा ठुलो बघिनी रहेछ भन्दै देखाउन इनारमा लगेच । ल हेर्नुस् आमा त्यो बघिनी यही भित्र छ भनेर देखाएच इनारको डिलबाट हेर्दै गरेको वेला पछाडिबाट डमरुले बघिनीलाई इनारमा धकेली दिएच । बघिनी इनारमा डुवेर मरिच । अब डमरु र बाच्छो एक आपसमा मिलेर बस्ने गरेचन् । बाच्छोको घाँटीमा डमरुले एउटा घण्टी झुण्डयाइ दिएच र भनेच । जब तिमीलाई दुःख पर्छ यो घण्टी बजाउनु म आउछु भनेर आआफ्नो बाटो लाग्ने गरेचन् । साँच्चै डमरुले मलाई माया गर्छ कि गर्दैन भनेर बाच्छोले घण्टी बजाएच डमरु हतार हतारले बाच्छाछेउ आएर सोधेच के भो तिमीलाई किन घण्टी बजाएको ? भनेच । बाच्छाले दुँवो चुड्न लागेको त्यही बेला आफै घण्टी बजेको हो मलाई माफ गर भनेच र छुट्टिएनच । केहीबेर पछि कसैको धनवाली बाच्छोले खाइदिएच किसानले उसलाई कुटीकुटी मारेच । बाच्छोले घण्टी बजाएच तर डमरुले घाँस खादा बजेको होला भन्ने ठानेर आएनच । बेलुकी आउँदा त बाच्छो मरिरहे । असल मित्र डमरूले दाउराको ठूलो डङ्गुरले बाच्छोलाई पुरेच अनि आगो सल्काएच र आफू पनि त्यही आगोमा हाम फालेच र मरेच । आफ्नो साथीको निम्ति डमरूले आफ्नी आमालाई मार्‍यो र आफू पनि मर्‍यो । डमरुले असल साथीको परिचय दियो ।

**साधुराम पोखरेल**

बगुवा ६

उमेर ५२ वर्ष

## ९. काग र बकुल्लाको कथा

कुनै बखत एक ठाउँमा काग र बकुल्लाले भिन्दा भिन्दै रूखमा गुँड बनाएर बसिराखेका थिए । त्यसैवेला कागकी स्वास्नीले म मात्र सधै कालो बच्चा पाउने, बकुल्लाकी स्वास्नीले मात्र सेतो बच्चा पाउने किन भनी कागलाई घुर्की देखाइन् । कागले स्वास्नीको घुर्की सुनेर रिसले चूर भई बकुल्लाले गुँड बनाइ राखेको रूखमा गई जम्मै फुल चोरेर आफ्नो गुँडमा सार्‍यो र आफ्नो गँडको फुल बकुल्लाको गुँडमा सारी दियो ।

केही दिनपछि बकुल्लाकी स्वास्नीले कालो बच्चा पाइन् । उनले “म सधै सेतो बच्चा पाउँथे, आज किन कालो बच्चा पाएँ !” भनेर बकुल्लालाई भनिन । बकुल्लाले आफ्नो

गुडँको फुल कागले चोरेको हुनुपर्छ भन्ने ठानेर अदालतमा नालिस दियो, कागलाई प्रतिवादी दिन बाध्यै पर्‍यो ।

"सेतो गाईको दूध पनि सेतै हुन्छ, कालो गाइको दुध पनि सेतै हुन्छ, कालाले के सेतो बच्चा पाउदैन?" भनी कागले न्यायधीशलाई प्रतिवादी दियो । कागले मुद्दा जित्नका लागि न्यायधीशलाई अनेकौ प्रलोभन देखायो । यदि मेरो मुद्दा जिताई दिनु हुन्छ भने म तपाईका मरेका बाजे बराजुको मुख देखाई दिन्छु भन्यो । न्यायधीशले पनि आफ्ना मरेका वाजे बराजुको मुख देख्न पाउने आशाले कागको मुद्दा जिताइ दियो ।

अब न्यायाधीशले कागसित आफ्ना बाबु बाजेको मुख हेर्न माग गर्‍यो । कागले म उडेर जान्छु तपाई विस्तारै हिडेर आउनुहोस् भनी उडेर पर्खदै पर्खदै एउटा घनघोर जङ्गलमा पुर्‍यायो र भन्यो त्यहाँ खाल्डो खनेर यताउता हेर्नोस् तपाईले मुख देख्न सक्नुहुन्छ ।

न्यायधीशले खाल्डो खनेर हेर्‍यो तर आफ्ना बावुबाजेको मुख देखेन । कागसँग न्यायाधीशले मैले त खाल्डोमा कुहिएको फोहोर मात्र देखें भनी कागलाई भन्यो । कागले पनि तुरून्त उत्तर दियो तिमी जस्ता घुस्याहाले देख्ने नै फोहोर हो । कालोको सेतो त्यस्तै हुन्छ बुझ्यौ ? भोलि तिमी पनि त्यस्तै कुहिएर किरा भएर जान्छौ । बिचरा ! न्यायाधीश जिल्ल परी घर फर्क्यो ।

**शिव ब. भट्ट**
बगुवा ८
उमेर २६ वर्ष

## १०. लाटाको कथा

कुनै गाउँमा एक जना लाटा बस्थ्यो । ऊ अलि अलि त बोल्न सक्थ्यो तर राम्रो बोल्न सक्दैनथ्यो । लाटाका बाबुआमा, एक दाजु र भाउजू थिए । एक दिन आमा चाहिले छोरालाई "खेतमा सलह आउँछ जा खेतमा गई धान हेरेर आ ।" भनेर अराइन् ।

लाटा हातमा एक लौरो बोकेर खेतमा गयो । खेतमा धान पाक्न थालेकाले पहेंलो देखिएको थियो । लाटाले यी किराले धान जम्मै खाने भए भन्ने ठानी लौराले पिटी पिटी जम्मै धान झारेर आयो । दोस्रो दिन आमा गएर हेर्दा जम्मै धान झरी राखेको देखेर छोरालाई ए, धान किन झारिस् भनेर गाली गरिन् । लाटाले भन्यो "जम्मै धानमा किरा लागेको देखेर फ्याँकेर आएँ ।"

अर्को दिन उसलाई बाख्रा चराउन जाने काम अराइयो । लाटालाई बाख्रा टन्न अघाए पछि मात्र घर लेऊ भनेर आमाले अराइन् । लाटाले बाख्रा जङ्गलमा छोडेर आगो लगाएछ र बाख्राहरू डढेर मरेपछि घर फर्केर आयो ।

घरमा आएर लाटाले आमालाई “ए आमा बाखरी त जम्मै पेट भरेर सुतेका छन् । जा लिएर आ” भन्यो । आमा बाख्रा लिन जाँदा सबै बाख्रा डढेर मरेका रहेछन् । अब के गर्ने । “जा मार्न त मारिहालिस् । अब मासु खान आउ भनी गाउँमा सबैलाई गएर भन्” भनेर आमाले पठाइन् तर लाटाले जस्ले मेरो बाख्राको मासु खाला उस्को बाबु मर्ला भनी गाली गरी आयो । आमाले फेरि आफै गएर गाउँलेलाई बोलाइ र मासु ख्वाइन् ।

एक दिन बावुले मलामीहरूलाई छुन हुँदैन भनेको कुरालाई सम्झी लाटाले आफ्नो मरेका बावुलाई बोक्न आउने मलामी जतिलाई छुनै नदिई एक्लैले डोकोमा बोकी खोलामा फालेर आयो । यसरी लाटा बाबु मरेपछि भाउजू लिन दाजुको ससुराली गयो । फर्कदा बाटोमा देवर भाउजू बिच झगडा पऱ्यो र रिसले भाउजूलाई मारेर टाउको बोकेर घरमा आयो । रगत आगोमा परी अवाँ-अवाँ आवाज आउदा आमा, भाउजू रोटी पकाउदै छन् भन्न गयो । आमा आएर हेर्दा त टाउको पो अगेनामा झुण्डिएको देखी दङ्ग परिन् ।

यसरी लाटाले आफ्नो घरको सर्वनास गरी घरबाट भाग्यो । घर छोडेर हिँडे पछि धेरै जनाले उसको बिगार सहन नसकेर पिटेर अधपिल्ठो पारे । पछि उसले रूँदै आफ्नो दिन बिताउन थाल्यो ।

**युवराज वन्त**

बगुवा - ६

उमेर - ६५ वर्ष

## ११. स्वार्थी मान्छे

कुनै एउटा गाउँमा रने र रूपमती नाम गरेका दुई लोग्ने स्वास्नी थिए । उनीहरूको एक छोरा र एक छोरी थिए । ती दुई सन्तानलाई आफूले सकेसम्मको दुख गरेर सुखमा हुर्काए । उनीहरूको छोरा अनुप र छोरी निशा समाजमा असल भनेर चिनिन्थे । छोरा अनुपले बि.ए. पास गरेर गाउँकै स्कूलमा पढाउने काम पायो । केही समयसम्म त अनुपले

जागिर खाएर बाबु आमाको दुख टार्दै गयो घर व्यवहार पनि निकै रमाइलो बन्दै गयो । यसरी त्यो परिवारको दिनचर्या बित्दै गैरहेको थियो ।

एक दिन एक जना धनाढ्य परिवारकी छोरीसँग अनुपको बिहे भयो घरमा दुलहीको प्रवेश हुँदा अनुपको बुवा आमा ज्यादै हर्षित भए । उनीहरूलाई भविष्यको भरोसा भेट्टाएको अनुभूति भयो । तर खुसी र रमाइलो धेरै दिन बस्न सकेन । किनकी अनुप आफ्नी पत्नी लिएर घर बाहिर कोठा भाडामा लिएर बस्न थाल्यो । यसरी कोठा लिएर बस्न थालेको अनुपको तीन छोरीहरू जन्मे । उसको माया ममता सबै पत्नी र छोरीहरू तर्फ सर्‍यो । बुवा आमालाई माया गर्न नै छाड्यो । घरमा भएकी एक मात्र बहिनीको ३५ वर्षको उमेरसम्म बिहे पनि भएन । बिहेको लागि वर खोजी दिने नै कोही भएन । बुबा आमाको र आफ्नो चिन्ताले बहिनी दुब्लाउदै गइन् ।

यसै बेला अनुपसँग पुरानो मित्र विवेकको भेट भयो । धेरै समयपछि भेट भएको दुई मित्रको बिच सबै प्रकारका भलाकुसारी भए । अन्तमा विवेकले अनुपको बुबा आमा र बहिनीको हालखबर सोध्यो । जवाफमा अनुपले भन्यो “मित्र म धेरै भयो उहाँहरूसंङ्ग अलगिएर बसेको सबै कुरा अहिले मलाइ थाहा छैन, यति थाहा छ उहाँहरू पुरानै गाउँमा हुनुहुन्छ । साथी, आफ्नो परिवारको समस्या टार्नलाई त गाह्रो छ कहाँ बाबुआमा र बहिनीको बारेमा सोच्न भ्याउने । फेरि म एकजनाले मात्र हेरेर सक्ने कुरा पनि त भएन । मैल त बुबा आमा को सम्पत्ति पनि नलिने र आफ्नो पनि नदिने निर्णय गरेको छु ।” यति धेरै स्वार्थी कुरा अनुपको सुनिसकेपछि त्यो भन्दा बढी सुन्न बिबेकले मिठो मानेन । उसको मनमा भने लागि रह्यो दुनिया किन यती स्वार्थी भएको होला । अनुपलाई पढाउने बेलामा बाबु आमाको कति ठूलो त्याग रह्यो, तर अहिले ऊ भने आफूसङ्ग भएको सम्पत्ति समेत नदिने कुरा गर्छ । बाबुआमासँग त के नै छ र लिने ? भन्दै दुनियाँको स्वार्थीपनदेखि विवेक मनमनै आतिन्छ ।

**गोविन्द बगाले**

बगुवा १

उमेर ५६ वर्ष

## १२. आयो निदरी तेरो काल

कुनै एउटा गाउँमा आमा छोरी बस्थे । उनीहरूको दिन दुःखैदुःखमा बितेको थियो । एकदिन उनीहरूको घरमा पल्लो गाउँको आफ्नो कोही नभएको केटो छोरी माग्न आयो ।

एक्लो केटाले छोरी राम्रैसँग पाल्ला भन्ने ठानी त्यही केटालाई आमाले आफ्नी छोरी दिई । विवाहको केही दिन पछि उनीहरूको बिचमा बेमेलको सुरूआत भयो र छोरी घर छोडेर माइत आई । आमाले छोरीलाई कुनै पनि घर स्वर्ग र नर्क हुने त्यस घरको गृहिणीको हातको कुरा हो तिमीले आफ्नो घर स्वर्ग बनाउनु पर्छ भनी सम्झाइन् तर छोरी घर गइन् ।

यस्तै गरी दिन बित्दै गयो । आफ्नी श्रीमती माइत गएर नर्फकेको दुई वर्ष भएपछि श्रीमान् श्रीमती लिन भनेर ससुराली गयो । ससुराली घर पुग्दा भित्र रोटी पकाउने तरखर भैरहेको रहेछ । ऊ लुसुक्क खाटमा बस्यो । घर भित्र जति रोटी पाके उसले वाहिर त्यति वटा सिन्का भांचेर रोटीको गन्ती गर्‍यो । वीस वटा रोटी भित्र पाकेछ । रोटी पकाउने काम सकिएपछि बाहिरबाट ज्वाइँले ढोका ढक्ढक्याए । भित्रवाट छोरीले वाहिर को हँ ? भन्दै ढोका खोली । ढोका बाहिर आफ्ना पतिलाई देखेर छोरी पुतली असाध्यै खुसी भई भित्र लगी । ज्वाइँ सासुको पनि भेटघाट भलाकुसारी भयो । एक छिनपछि सासुले थालमा चिउरा र तीलको अचार ल्याएर ज्वाइँलाई दिइन् । ज्वाइँले पनि रोटी थालमा नदेखेपछि लाजै नमानी रोटी पनि पकाएको होइन ? भनेर प्रश्न गरे । यो सुनेर बुढी लाजले भुतुक्क हुदै दुइप चार वटा पकाएको थिएँ भनी ज्वाँईको थालमा दुई वटा रोटी राखी दिइन् । ज्वाइँले बिसवटा रोटी पाकेको हो भन्ने जवाफ दिए पछि आफ्ना ज्वाइँ त ज्योतिष पो रहेछन् भन्दै बूढी खुसी भइन् । भोलिपल्ट गाउँभरि आफ्ना ज्वाइँले ज्योतिष विधा जानेको हल्ला फिजाइन् । त्यो कुरा गाउँले सबैले पत्याए ।

एक दिन पल्लो घरको धोवी आफ्नो हराएको गधाको जोखाना देखाउन आयो । संयोगले ज्वाइँले बिहान खोलातिर जाँदा खेतको डिलमा चरिरहेको गधा देखेको थियो । त्यसैले अब उसलाई जोखाना हेर्न कुनै गाह्रो परेन र उसले तिम्रो गधा दक्षिणतिर घाँस खादैछ भनी दियो । धोवी खुसी हुदै गधा घर लिएर आयो ।

यसरी एक कान दुई कान हुदै देशको चारैतिर बुढीको ज्वाइँ प्रसिद्ध ज्योतिष भएको चर्चा चल्न थाल्यो । यो कुरा त्यो देशको राजाको कानमा समेत पर्‍यो ।

एकदिन राजाकी छोरीको हीराको हार खोपीबाट हरायो । प्रायःजसो राजकुमारीको खोपामा अरू सुसारे कमै आउँथे “निदरी” नामकी सुसारे संधै राजकुमारीको सेवामा खटिएकी हुन्थी तर कसैले हिराको हार निदरीले लगेको शङ्का गरेन बरू अरू सुसारेहरू माथि शङ्का गरियो । केही दिन गोप्य रूपमै हिराको हार पत्ता लगाउने प्रयास भयो ।

तर केही सिप नलागे पछि राजाका कानमा समेत हार हराएको कुरा पुग्यो । राजाको आज्ञा अनुसार सबैले धुइँ पत्ताल लाएर हार खोजे तर पत्ता लागेन । त्यसै राज्यको बुढीको ज्वाइँ प्रसिद्ध ज्योतिष भएको कुरा पनि त्यहाँ हल्ला भयो । संयोगले ज्यातिषको जस्तो कुरा गर्न पुगेको ज्वाइँको वास्तविकता कस्लाई के थाहा ती ज्वाइँलाई खोजेर दरवारमा उपस्थित गराउने काम भयो । राजाले ज्योतिषलाई आफ्नो नाम र देशको इज्जत नजाने गरी ज्योतिष हेर्न आज्ञा दिए । राजाको हुकुम वाट डराएका ज्योतिषीले खाना खाए पछि मैले ज्योतिष हेर्ने गरेको छैन निगाह भए भोलिको भाका पाउँ भनी राजासँग बिन्ती बिसायो ।

बेलुका आरामदायी व्यवस्था भएको कोठामा ज्योतिषलाई सुत्न पठाइयो । संयोगले त्यो कोठा राजकुमारीकी सुसारे निदरी बस्ने गरेकै कोठा नजिक रहेछ । ज्योतिष जब निद्रा लागेर झुल्छ अनि "आयो निदरी तेरो काल" भन्थ्यो । त्यो भनाइले साच्चैकी हीरा चोर निदरीलाई छोयो र आँफूलाई बचाउने वाचा सहित सुसारे निदरीले आफूले चोरेको हार ज्योतिषलाई वुझाई । यसरी फेरि पनि बुढीको ज्वाई ज्योतिष नै मौका मिल्यो र राजाले दिएको ठूलो उपहारले त्यो नक्कली ज्योतिष सक्कली बनेर आफ्नो सासू र श्रीमती सुखपूर्वक पाली दिन व्यतीत गर्न पायो ।

**होम ब. बरामु**
बगुवा ७
उमेर ५० वर्ष

## १३. छैंटीको भावी

एकादेशमा छैंटीमा भाग्यमा लेखेर हिड्ने देवी थिइन् । तिनको एउटा छोरा थियो । उनको नाम पद्माकर थियो । ती छैंटी देवी पद्माकरलाई घरमा एक्लै छाडी उनी रातभरि हिंड्थिन् । झिसमिसे बिहानीमा मात्र उनी घर फर्कन्थिन् । जहिले. पनि आफ्नी आमा आफूलाई एक्लै छाडेर हिड्ने गरेकाले एक दिन पद्माकरले आमालाई सोधे–"आमा तपाई जहिले पनि मलाई एक्लै छोडेर कता-कता किन जानुहुन्छ ?

छैंटी देवीले छोराको यस्तो प्रश्न सुनेपछि जवाफ दिइन् ।" छोरा म रातभरि भर्खर जन्मिएको बच्चाको भाग्य लेखिदिनको लागि जाने गर्छु । त्यही मेरो काम भएकाले तिमीलाई एक्लै छाडेको हो ।

आमाको यस्तो कुरा सुनेर पद्माकर छक्क परे र आमालाई भने "आमा तपाईं संसारका केटा केटीको भाग्य लेखेर हिड्नु हुन्छ भने मेरो भाग्यमा के लेख्नु भएको छ एक पल्ट भन्नुस् त"

आमा चाहिंलाई फसाद पऱ्यो भनुँ कसरी नभनु छोराले जिद्दी नै गर्न थाल्यो बाध्य भएर छैंटी देवीले भनिन् "छोरा तिमी दुःख नमान, मैले तिम्रा भाग्यमा आफूले पाएको छोरी सँग नै तिम्रो बिहे होस् भनेर लेखिदिएकी छु"

आमाले यस्तो हुन नसक्ने कुरा लेखी दिएकोमा दिक्क मान्दै भने आमा तपाईले आफूले पाएको छोराको भाग्यमा यस्तो हुनै नसक्ने कुरा लेख्न लाग्दा तपाईलाई अलिकति पनि माया दया लागेन ? छैंटौ देवीले रुँदै भनिन् "छोरा तिम्रो पहिले जुनीको के कस्तो कमाई थियो, त्यही कमाइको फल बमोजिमनै मैले राम्रो-नराम्रो असल–खराब जस्तो हुन्छ त्यस्तै सबैको भाग्यमा लेखिदिएको हुँ । छोरा, मैले पहिले जुनीको फलको विचार नगरी कसैको भाग्यमा केही लेख्नु हुन्न । तिम्रो भाग्यमा पूर्वजन्मको फल त्यस्तै थियो  भाग्यमा लेख्ने बेला म कत्ति भक्कानिएँ, त्यो मलाई मात्र थाहा छ । छोरा त्यो पुरिएको घाउ कोटएर मलाई दुखी नबनाऊ ।

आमाको यस्तो बिलौनाको को कुरा सुनेर छोरा पद्माकरले भने, "आमा हुन्छ भने मेरो भाग्यबाट त्यो मेटिदिनोस् हुँदैन भने पनि म त्यो सकेसम्म टारूँला केही लागेन भने देखाजाला"।

छोराको कुरा सुनेर छैंटी देवीले भनिन् छोरा अव त्यो लेखेको कुरा ब्रह्माजीले पनि मेट्न सक्तैनन् झन् मेरो त कुरै भएन । त्यसैले जो पर्छ सो कुरामा पीर नमान ।

आमाको यस्तो कुरा सुनेपछि पद्माकर जङ्गलमा तपस्या गर्नका लागि हिंडे । जाँदा जाँदा घनघोर जङ्गलमा जोगीको आश्रम देखे र त्यही आश्रममा जोगी कै सहयोगी भएर छोराकै ममता पाएर उनी त्यही बसे । धेरै महिना यसरी बित्यो एक दिन पद्माकरलाई जोगीले केराउको साग टिप्नको लागि जङ्गल भन्दा केही परको खेतमा पठाए । अकस्मात एउटा बाटो हिड्दै गरेकी कन्यासँग उनको सहवास भयो र छोरी जन्म्यो । पद्मकारले आफ्नो छोरी जोगीलाई देखाउन चाहेनन् र बाटोमा छोडी ती दुबै आआफ्नो बाटो लागे  ।

दैव संयोगले त्यही दिन कुनै देशको राजा शिकार खेल्न जङ्गलमा आइरहेका थिए । उनले फालिएको बच्चा मेरो निमित्त भगवानबाट कृपा भएको हो की ? लिएर हिंड भनी मन्त्रीलाई अराए राजाको आज्ञा मुताविक बच्चालाई राजदरबारमा लिएर गए र विधिपूर्वक न्वारान गरे । राजकुमारी दिन प्रतिदिन शुक्ल पक्षको चन्द्रमा झै बढ्दै गइन् ।

उमेर पुगेपछि उनको विवाहको निम्ति वर खोजियो तर कतै भनेजस्तो वर भेटिएन त्यसैले राजकुमारीको विहेको लागि उपयुक्त वर खोज्न झ्याली पिटियो । जुन वरसँग

राजकुमारीको चिना मिल्छ उसैसँग राजकुमारीको बिहे हुने कुरा झ्यालीको आसय थियो । पद्माकरका गुरूले पनि आफ्नो चेलाको चिना लिएर दरवारमा हाजिर भए दुवैको चिना मिल्यो । आफ्नी आमाले भनेको कुरा पनि मिलेन पद्माकर पनि खुसी भए ।

यस्तै प्रकारले विवाहको मिति तोकियो संयोगले पद्माकरको आफैले जन्माएर जङ्गलमा फालिएकी छोरीसँग विवाह भयो । आमाले भने जस्तो होला भनेर पद्माकरले आफ्नो देश छोडे तर पनि लेखिएको कुरा भएर नै छाड्यो । विधाताको लिला अपरम्पार छ, छैटीमा लेखिएको कसैले पनि मेट्न सक्दैन भन्ने यो कथाले देखाएको छ ।

ऋषिराम भट्टराई

बगुवा - ६

उमेर - ५४ वर्ष

## १४. तिनबित्ते

एकादेशमा दुई जना दाजुभाइ बस्दथे । तिनीहरू एक दिन जागिरको खोजीमा हिडे । वाटामा एकजना व्यापारीसँग भेट भयो । ती दाजुभाइले व्यापारीसँग जागिर दिनुहोस् भनी आग्रह गरे । ती व्यापारीले ती दुवै लाई पसलमा व्यापारको जिम्मा लगाई व्यापारी विदेश गए । ती दाजुभाइले पसलमा भएको सम्पूर्ण सामान बेची आएको पैसा पोको बनाइ मालिक नफर्कदै त्यहाँबाट भागेर अर्को ठाउँमा डेरा गरेर बसे । लामो समयसम्म डेरामा बसी उक्त पैसा सबै सके र अब के गर्ने कहाँ जाने भन्ने छलफल गरे । त्यही बेलामा एक जना बुढी मान्छेले वोलाई ए, बावु हो ! तिमीहरूलाई काम गर्ने इच्छा भए मेरो घरमा हिड म तिमीहरूलाई काम दिनेछु, खान दिनेछु र दुई दुई सय रूपियाँ मासिक रूपमा दिनेछु भनिन् । त्यही कुरामा मन्जुर गरी ती दाजुभाइ त्यही बुढीको घरमा धेरै वर्षसम्म काम गरेर दुवै भाइले धेरै पैसा कमाई घर फर्के । अब घर बनाउन भन्दा डेरागरी वस्ने भनि ती दाजुभाइले डेरा गरी बसे । केही समय पछि आआफ्नै घर वनाई दुवै भाइले विवाह गरे । जेठाका दुई भाइ छोरा जन्मिए कान्छाको चाहिं छोरी नै छोरी भए ।

कान्छाले छोराको चाहनाले गर्दा पुनः अर्को बिवाह गऱ्यो । कान्छी श्रीमतीबाट छोरा त जन्म्यो तर तिन बित्ता भन्दा नबढ्ने भयो । उसको नामै तिनबित्ते राखियो । अब यसले कसरी पढ्ने र जीवन निर्वाह गर्ने भन्ने विषयमा ती श्रीमान श्रीमतीलाई चिन्ता परेको थियो । त्यस्तैमा एक दिन ती दम्पतिका घरमा एकजना पाहुना आए । पाहुना सङ्ग सन्चो विसन्चोको कुराकानी भयो । तिनबित्तेको झन बढी चर्चा चल्यो । त्यो पाहुनाले तीन वित्ते

निकै भग्यमानी हुनसक्छ, संसारमा नाम चलाउन सक्दछ, केही न केही प्रतिभा हुन्छ भन्ने ठान्यो । त्यही भएर तीन वित्ते म किन्दछु भनेर प्रस्ताव राख्यो । रू.५०० मा उक्त पाहुनाले त्यो तीन वित्तेलाई किनेर लग्यो । तिनबित्ते किन्ने मानिसको छोराछोरी कोही पनि थिएन उसकी श्रीमती पनि खुसी भई, केही दिन सम्म आनन्दले ती तीन जना बसे । एक दिन राज्यबाट खबर आयो यदि यस देशमा तिन बित्ता मात्र भएको मान्छे भए त्यसले धेरै पुरस्कार पाउनेछ भनी सुनियो । त्यो खबरले खुसी भई उक्त ठेगानामा त्यो तिनबित्तेलाई पुऱ्याई धेरै पुरस्कार लिई घर फर्किए । यसरी किनेर ल्याएको सामान वा वस्तुले धेरै फाइदा पुऱ्याउने बुझेर त्यो मानिस त्यस्तै अरू अनौठा केटाकेटीको खोजीमा हिड्न थाल्यो ।

शोभा भट्ट

बगुवा-९

उमेर - ४३ वर्ष

## १५. पहरामा कुहिनो ठोकिएको कथा

नेपालको कुनै एउटा गाउँमा धनबहादुर र मोतिमाया नाम गरेका बुढाबुढी बस्तथे । उनीहरूको चारवटा छोरी मात्र थिए, छोरा थिएनन् । छोरीको सङ्ख्या धेरै भएकाले र सानै उमेरमा बिहे गरे धर्म हुने विश्वासले धनबहादुरले आफ्नी जेठी छोरी चमेलीको १२ वर्षको उमेरमा बिहे गरिदिए । बिचरी चमेली २ वर्ष माइतमा नै बसेर १४ वर्षको उमेर भएपछि घर गइन् । घरमा जग्गा जमिनको कमी थिएन त्यस्तै गरी त्यो जग्गा मा खेती गर्ने काममा चमेली नै खट्न पर्थ्यो । उनी खेतीबारीको कामबाट हैरान भएर घर फर्कन्थिन, फेरि घरमा पनि सबैजसो काम उनले नै गर्नुपर्थ्यो । यसरी नै उनको दिनचर्या बितिरहेको थियो ।

एकदिन चमेलीका बाबु छोरी भेट्न भनेर छोरीको घर गए । दिउँसै छोरी कहाँ पुगेका धनबहादुरले बेलुका सांझ परेपछि मात्र छोरीको मुख देखे तर बुवासँग वोल्ने फुर्सदसम्म चमेलीलाई भएन । खानाखाने वेलामा मात्र बाबुछोरीको कुराकानी भयो । बुवाले छोरी तिमीलाई सुख दुख के कस्तो छ भनी सोधे । छोरीले बुबा पहरामा कुहिनो ठोकेको जस्तै छ मात्र भनिन् । यसरी खाना खाई धनबहादुर बिछ्यौनामा पल्टे तर छोरीको भनाइको आसय बुझ्न गाह्रो भयो ठिकै होला भन्ने अर्थ लगाए ।

भोलिपल्ट धनबहादुर छोरी र छोरीका घर परिवारसँग बिदा भएर घर फर्के । फर्कने बाटो पहराको बिचमा पर्थ्यो । संयोगले बुढाको खुटट्मा ठेस लाग्यो र उनी उछिट्टिएर पहरामा ठोकिन पुगे । हातको कुहिनोमा नराम्रोसँग ठक्कर लाग्यो जसको पीडा सहन पनि

उनलाई गाह्रै भयो । त्यस पछि पो उनी झसङ्ग भए । छोरीको घरको पिडा त असैह्य पो रहेछ भन्ने उनले बुझे । त्यसपछि त्यहींबाट फरक्क फर्केर छोरीलाई लिएर मात्रै घरजाने विचार गरी छोरी कहाँ गए । छोरी पठाइ दिनु भनी घर परिवारसँग धनबहादुरले अनुरोध गरे तर परिवार बुहारीलाई माइत पठाउन तयार भएन तैपनि धनवहादुरले यस्तो पीडा अब मेरी छोरीले सहन सक्दिन अब बाँकी दिन छोरीलाई म आँफै पाल्छु भनेर चमेलीलाई घर लिएरै फर्के ।

यसरी मान्छेले आफूलाई परेपछि मात्र दुःख कष्ट थाहा पाउँछ ।

गकुल प्र. बगाले

बगुवा - २

उमेर - ५१ वर्ष

## १६. स्वर्ग जाने रहर

एकादेशको कुरा हो । एउटा गाउँमा एउटा धर्म गर्ने धर्मात्मा बुढो थियो । उक्त बूढो धर्म गर्ने क्रममा त्यस गाउँमा पानीको अभाव भएकाले एउटा पोखरी खन्न थाल्यो । पोखरी खन्ने कार्य सकिएपछि त्यहाँ पानी भरियो । पोखरीमा पानी सँधै टनाटन हुन्थ्यो । धर्मात्मा बुढोमा भने धर्म गर्न पाए स्वर्ग पुग्न पाइन्छ भन्ने लागेको थियो । एकपल्टको कुरा हो त्यस बुढोले धर्म गरेको कुरा स्वर्ग को राजाले थाहा पाएछन् र त्यस्तो धर्म गर्ने मानिसलाई यहाँ ल्याउनुपर्छ भन्ने लाग्यो र त्यस मानिसलाई लिन एउटा गाईलाई पठाए । उक्त गाई पृथ्वीमा आई त्यस धर्मात्मा बुढोको पोखरी भत्काउन थाल्यो । त्यस धर्मात्मा बुढोलाई उठ्नुसम्म रिस उठ्यो र उसले हतपत्त त्यस गाईको पुच्छर समायो त्यसै बेला गाई उडेर आकाशतर्फ गयो । त्यस बुढोलाई समेत स्वर्ग पुऱ्यायो । स्वर्गमा पुग्ने बित्तिकै त्यस धर्मात्मा बुढोलाई राजाले स्वागत गरी राखे । यता गाउँलेहरूले बुढो स्वर्ग गएको थाहा पाए र गाउँलेहरू पनि स्वर्ग जाने रहरले गाई आएको ख्याल राखी गाईमा झुण्डिने विचार गरे । एकदिन नभन्दै गाई आएर पोखरी भत्काउन थाल्यो । यत्तिकैमा सबै गाउँलेहरू गाईको पुच्छरमा झुण्डे । अगाडि एउटा बलियोले, पछाडि अर्कोले खुट्टा समाउन लाग्यो । गाई उड्दै थियो त्यस्तैमा पछाडिको मान्छेले अगाडिको मान्छेलाई सोध्यो गाई कति बेला स्वर्ग पुग्छ ? अनि हामी खान पाइन्छ ? अगाडिको मान्छेले हातले भाउ लगाउँदै भन्यो । हातको भाउ लगाउँदा उसले गाईको पुच्छर समाएको छुट्यो र उनीहरू सबै भुईंमा खसे र सबै सँधैका लागि

आँखा चिम्लिए, त्यसैले भनिन्छ हामीले कुनै पनि कुरामा लोभ गर्नु हुँदैन यसको निश्चय लोभले लाभ र लाभले विलाप हुन्छ ।

**शिवकुमार श्रेष्ठ**

बगुवा-४

उमेर - ४८ वर्ष

# परिशिष्ट ख

## प्रश्नावली

तपाईंको परिचय :

| | |
|---|---|
| १. नाम : | २. लिङ्ग : |
| ३. उमेर | ४. पेशा : |
| ५. शिक्षा | ६. टोल : |

७. वडा नं.

८. यो कथा कसबाट सुन्नु भएको हो ?

<u>प्रश्नहरू</u>

क) तपाईंले लोककथा भन्न सक्नुहुन्छ ?  सक्छु/सक्दिँन

ख) सक्नुहुन्छ भने भन्नुहोस् ।

ग) तपाईंको आसपासमा लोककथा भन्न जान्ने अरू कोही हुनुहुन्छ ? हुनुहुन्छ/हुनुहुन्न

घ) छन् भने उहाँलाई कतिखेर भेट्न सकिन्छ ? विहान/दिउँसो/बेलुका/राती

ङ) यो क्षेत्रमा सबैभन्दा बढी लोककथा भन्ने को हुनुहुन्छ ? हुनुहुन्छ/हुनुहुन्न

च) हुनुहुन्छ भने उहाँको नाम ठेगाना के होला ?

अ) नाम :

आ) लिङ्ग :

इ) वडा नं.  ई) टोलको नाम :


# परिशिष्ट ग

## लोककथाका सूचकहरूको परिचय

| क्र.स. | कथाशीर्षक | सूचकको नाम | ठेगाना |
|---|---|---|---|
| १. | कानी आमा | ध्रुव कुमार भट्ट | बगुवा-९, गोरखा |
| २. | ब्राह्मणको कथा | कुलदेव भट्टराई | बगुवा-८ |
| ३. | जुक्तिको जित | डिल्ली राम भट्टराई | बगुवा-८ |
| ४. | लोभको परिणाम | मोहन श्रेष्ठ | बगुवा-३ |
| ५. | प्यारी | खडानन्द भट्टराई | बगुवा-८ |
| ६. | मुसे भाइ | दुर्गा प्र ढकाल | बगुवा-८ |
| ७. | बैगुनी | साधुराम श्रेष्ठ | बगुवा-३, गोरखा |
| ८. | असल साथी | साधुराम पोखरेल | बगुवा-६ |
| ९. | काग र बकुल्लाको कथा | शिव ब. भट्ट | बगुवा-८ |
| १०. | लाटाको कथा | युवराज वन्त | बगुवा-६ |
| ११. | स्वार्थी मान्छे | गोविन्द बगाले | बगुवा-१ |
| १२. | आयो निदरी तेरो काल | होम ब. बरामु | बगुवा-७ |
| १३. | छैटीको भावी | ऋषिराम भट्टराई | वगुवा - ६ |
| १४. | तीन बित्ते | शोभा भट्ट | बगुवा-९ |
| १५. | पहरामा कुइनो ठोकिएको कथा | गकुल प्र. बगाले | बगुवा-२ |
| १६. | स्वर्ग जाने रहर | शिवकुमार श्रेष्ठ | बगुवा-४ |

# परिशिष्ट घ

## गोरखा जिल्लाको नक्सा



# परिशिष्ट ङ
## बगुवा गा.वि.स.को नक्सा

